वर्ष : १४, अंक : ४४, काठमाडौं, २०७५ फागुन १० गते शुक्रबार, 22 February 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse@gmail.com

## "प्रदेश २ को सरकार परिवर्तन हुनसक्छ"



राकेश यादव, रौतहट । नेपाल कम्युनिष्ट पार्टीका वरिष्ठ नेता तथा पूर्वप्रधानमन्त्री माधव कुमार नेपालले कुनै पनि बेला प्रदेश २ को सरकार उलट फेर हुन सक्ने बताएका छन् । ६९औं प्रजातन्त्र दिवसको अवसरमा राजदेवी मीडिया सेन्टरले गौरमा मंगलबार आयोजना गरेको ७औं जिल्ला स्तरीय महिला साइकल दौड प्रतियोगितामा सम्बोधन गर्दै वरिष्ठ नेता नेपालले प्रदेश २ मा सरकार परिवर्तन हुन सक्ने संकेत गर्दै यस्तो बताएका हुन् । संघीय सरकार र प्रदेश २ सहित ७ प्रदेशमा कम्युनिस्ट पार्टीको बहुमत रहेकोले गणितीय हिसाबले कुनै पनि बेला उलटफेर हुन सक्ने संकेत गरेका छन् ।

## "सरकार असफल"

राजविराज । राष्ट्रिय जनता पार्टी अध्यक्षमण्डलका संयोजक महेन्द्र राय यादवले वर्तमान संघीय सरकार हरेक क्षेत्रमा असफल भएको आरोप लगाएका छन् । राजपा नेपाल सप्तरीको कार्यालय उद्घाटन कार्यक्रममा बोल्दै संयोजक यादवले वर्तमान संघीय सरकारले आश्वासनको पोको मात्रै बाँड्ने काम गरिरहेको टिप्पणी गरे । देशको आर्थिक अवस्था ध्वस्त हुँदै गएको र शान्ति सुरक्षा दिन सरकार असफल भएको पनि उनले दाबी गरे । जनतामाथि अत्यधिक कर थोपरेर गणतन्त्रप्रति जनआस्था घटाउने कार्य संघीय सरकारबाटै भईरहेको आरोप उनको छ । राजपा नेपाल सत्ताको भोको नरहेको बताउँदै संयोजक यादवले मधेश आन्दोलनको माग सम्बोधन नहुन्जेल कुनै पनि हालतमा राजपा सरकारमा सामेल नहुने स्पष्ट पारे । राजपा नेपालले मधेशका जिल्लामा मात्र नभई मुलुकको ७७ वटै जिल्लामा संगठन विस्तार गर्ने गरि कार्य अघि बढाएको उनले बताए ।

## भारत महोत्सव

काठमाडौं । नेपाल र भारतबीचका समानतालाई नेपालका नयाँ पुस्तामाझ परिचित गराउने उद्देश्यले 'नेपालमा भारत महोत्सव' शुरू भएको छ । एक महीनासम्म सङ्घीय राजधानी काठमाडौंलगायत नेपालका प्रमुख शहरहरूमा आयोजना हुने उक्त महोत्सवको आज यहाँ आयोजित एक समारोहमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारी र नेपालका लागि भारतका राजदूत मञ्जिवसिंह पुरीले संयुक्त रूपमा उद्घाटन गरे । शान्तिका अग्रदूत भगवान् गौतमबुद्धको जन्मदेखि निर्वाणसम्मको जीवनयात्रालाई नृत्यका माध्यमबाट अभिव्यक्त गरिएको नृत्य नाटिकाबाट महोत्सव प्रारम्भ भएको हो । अहिंसाका अभियन्ता महात्मा गान्धीको १५०औं जन्मजयन्तीको सन्दर्भसमेत यसै वर्ष परेकाले महोत्सवअन्तर्गत महिनाभर वक्तृत्वकला प्रतियोगिता, संस्कृत सम्मेलन र नृत्य नाटिकालगायत विविध सांस्कृतिक कार्यक्रम हुनेछन् । गौतमबुद्धको जीवनयात्रा नृत्य नाटिकामा भारतको प्रसिद्ध सुमित र ए समूहका कलाकार सहभागी छन् । महोत्सव उद्घाटनपछि सङ्क्षिप्त मन्तव्य व्यक्त गर्दै राजदूत पुरीले नेपालमा जन्मेर भारतमा बुद्धत्व प्राप्त गर्नुभएका गौतमबुद्धका कारण बुद्धधर्म विश्वको एक प्रमुख धर्मका रूपमा स्थापित भएको बताए ।

## प्रदेश २ सरकारको एक वर्ष

# निष्प्रभावी, निराश र अनुपलब्धिमूलक

**मधेशवाणी डेस्क**

काठमाडौं । संघीयता कार्यान्वयनसँगै प्रदेश २ मा प्रदेशस्तरीय सरकार गठन भएको फागुन ३ गते एक वर्ष पुगेको छ । प्रदेश २ सरकार गठन भएको एक महिना नबित्दै मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले सयदिने विकास निर्माण, सुशासन तथा पारदर्शीलगायत लगानीमैत्री कानुन निर्माण गर्ने वाचासहित आफ्नो कार्ययोजना सार्वजनिक गरेका थिए । तर वर्षदिन बितिसक्दा समेत मुख्यमन्त्री राउत आफैंले घोषणा गरेका सय दिने कार्ययोजना अलपत्र अवस्थामा छन् ।

पाँच वर्षका लागि गठन भएको सरकारको एक वर्षको काम हेरेर मूल्यांकन गर्ने बेला पक्कै पनि होइन । तर, बिहानीले दिउँसोको संकेत गर्छ भने झैं एक वर्षको अवधिले आगामी चार वर्षको बाटो भने पक्कै पनि तय गर्छ ।

संघीय समाजवादी फोरम नेतृत्वको सरकारलाई राजपाले सरकारमै सहभागी भएर समर्थन गरेको छ भने नेकपाले बाहिरै बसेर समर्थन गरेको छ । १३ सदस्यीय प्रदेश सरकार गठन भएको एक वर्षमा सरकारले केही उल्लेखनीय काम गरे त्यसबाट जनताको मन जित्न सकेको छैन ।

यद्यपी देश संघीय संरचनामा गए पछिको पहिलो प्रादेशिक सरकार भएकाले पनि ठोस उपलब्धि प्राप्त गर्न अहिले कुर्नु नै पर्छ तर जनताको जनजिविकाका सवालमा प्रदेश सरकारले सफलता प्राप्त गर्न नसक्नु उ प्रति आक्रोश बढ्नु स्वभाविक हो ।

प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साह पनि जति उपलब्धि हासिल गर्नुपर्ने हो त्यति हुन नसकेको स्वीकार गर्छन । यद्यपी उनले संवैधानिक रूपमा प्रदेश सरकारले राम्रो काम गरेको दाबी पनि गर्छन् । प्रदेश सरकारले कानुन निर्माणलाई मुख्य प्राथमिकतामा राखेको उनको भनाइ छ ।

'हामी सामु धेरै समस्याहरू छन् । अहिले ऐन नियमहरू बन्न बाँकी छ, जनशक्तिको अभावका कारणले गर्दा पनि सोचेजति उपलब्धि हासिल गर्न सकिएन । तर, अब प्रदेश सरकारको कामले गति लिएको छ,' *मधेशवाणी*सँगको कुराकानीमा मन्त्री साहले भने ।



प्रदेश सरकारले सय दिनमै सम्पूर्ण विधेयक बनाइसक्ने पत्रकार सम्मेलन आयोजना नै गरेर घोषणा गरेको थियो । तर अहिलेसम्ममा १६ वटा विधेयकमात्रै पारित भएका छन् । प्रदेश सरकारले विकासभन्दा केन्द्र र प्रदेशबीचलाई द्वन्द्व बढ्नेगरी प्रहरी र करार कर्मचारी विधेयक ल्याएको थियो ।

प्रदेश सरकारले हालसम्म १६ वटा कानुन निर्माण गरिरकेको छ भने २७ वटा कानुन निर्माणको क्रममा छन् । संघीय सरकारले बनाएर दिने कानुनमा ढिलासुस्ती भएपनि प्रदेश सभाले नै बनाउने कानुन भने तीव्र रूपमा बनिरहेको पनि मन्त्री साहले दाबी गरे ।

यो बीचमा प्रदेश दुईको सरकार अन्य सरकारको तुलनामा चर्चामा रहने गरेको छ । केन्द्रले प्रहरी ऐन बनाउन ढिला गरे आफैं बनाउने तयारी गरेको प्रदेश सरकारलाई नेकपा अध्यक्ष पुष्पकमल दाहालले 'ओभरटेक' गरे दुर्घटना हुन्छ भन्ने चेतावनीसमेत दिएका थिए । अहिले केन्द्र सरकारले निर्माण गरेको प्रहरी ऐनमा प्रदेशमा प्रहरी भर्ना केन्द्र सरकारले नै गर्ने उल्लेख छ ।

केही दिन अघि एक सार्वजनिक कार्यक्रममा मुख्यमन्त्री लालबावु राउतले प्रदेश २ले आफूले प्रहरी भर्ना गर्न नपाए केन्द्रको कानुन नमान्ने चेतावनी दिँदै भनेका थिए, 'प्रदेश सरकारले नै प्रहरी भर्ना गर्न पाएन भने हामीलाई त्यस्तो कानुनको आवश्यकता पर्दैन ।'

केन्द्र सरकारसँग टक्कर लिएर चर्चामा आउने प्रदेश सरकारले मधेशको भावना बुझ्ने काम गरेको पनि प्रदेश सरकारको दाबी छ । मधेश आन्दोलनका क्रममा घाइते भएकालाई राहत दिनेदेखि शहीद परिवारका सदस्यलाई रोजगारी दिने काम भएको छ । यसैगरी बेटी पढाऊ बेटी बचाऊ अभियान, हरित प्रदेश अभियान, स्वच्छ अभियानलगायतका कामको थालनी भएको छ ।

पछिल्लो जनगणना अनुसार दुई नम्बर प्रदेशमा ५४ लाख ४१४ जनसंख्या छ । मुलुकको सबैभन्दा धेरै जनसंख्या भएको प्रदेशलाई केन्द्र सरकारले मात्र १७ अर्बको बजेट दिएकाले सोचेजस्तो काम गर्न नसकिएको प्रदेश सरकारले गुनासो गरेको छ ।

राम्रो काम गरेर आफूले जस लिने र राम्रोसँग काम गर्न नसक्दा केन्द्र सरकारलाई दोष दिने प्रदेश सरकारले आफैंले गर्नुपर्ने काममा पनि ढिलाइ गरहेको छ । जस्तो प्रदेशको नाम, राजधानी र भाषाका विषयमा प्रदेश सरकराले कुनै निर्णय लिन सकेको छैन । नाम, राजधानी र भाषाका विषयमा सुझाव दिन प्रदेश २ को नीति आयोका अध्यक्ष हरिवंश झाको संयोजकत्वमा संवाद आयोग गठन गरिएको छ ।

दुई महिनाको समय पाएको आयोगले अहिले पनि सुझाव संकलन गरिरहेको छ ।

**सरकारको उपलब्धि**

प्रदेश २ को सरकारले 'बेटी पढाउ बेटी बचाउ', भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र भारतस्थित उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको नेपाल भ्रमणलाई उपलब्धिका रूपमा लिए पनि तीनवटै कार्यक्रमको हिसाबकिताब पारदर्शी गर्न सकेको छैन ।

राउत सरकारले एक वर्षमा गरेका धेरैजसो कार्य योजनाहरू सकारात्मक रहे पनि अपारदर्शी र गृहजिल्ला केन्द्रित भएकोमा आलोचना हुँदै आएको छ । राउत नेतृत्वको सरकारले धेरैजसो समय केन्द्रीय सरकारलाई आलोचना गरेर बितेको विपक्षी दलहरूको टिप्पणी छ ।

त्यस्तै सभामुख सरोजकुमार यादवले विभिन्न कर्मचारीका नामको तलब रकम भुक्तानी गरेको विषयले पनि सरकारको आलोचना हुन पुग्यो । नियम कानून बनाउने प्रदेश सभाको नेतृत्व गरेका सभामुखले नै आर्थिक अनुशासनको उल्लंघन गरेर कर्मचारी नियुक्तीमा १० लाख रूपैयाँभन्दा बढी

*बाँकी अन्तिम पृष्ठमा*

## धैर्यतालाई कमजोरी नबुझ्न चेतावनी

काठमाडौं । राजपा नेपालले संविधान संशोधनको प्रतिबद्धता तत्काल पूरा गर्न सरकारको गम्भीर ध्यानाकर्षण गराएको छ । प्रतिनिधिसभाको बैठकको विशेष समयमा बोल्दै राजपाका सांसद लक्ष्मणलाल कर्णले अबिलम्ब संविधान संसोधनको प्रक्रिया अघि बढाउन सरकारको ध्यानाकर्षण गराए ॥ सरकार आफैँले गरेको प्रतिबद्धता पूरा गर्नबाट पछि हटे सरकार र राज्यप्रतिको विश्वास घटेर जाने भन्दै उनले आफूहरूको धैर्यतालाई कमजोरीको रूपमा नबुझ्न चेतावनी दिए । उनले समर्थन फिर्ता लिने, सडकमा जाने र संसद घेराउ गर्ने जस्ता उच्छृंखल गतिविधि गर्न आफूहरूलाई बाध्य नबनाउन सरकारको ध्यानाकर्षण गराए । सांसद कर्णले संविधान संसोधन र राजनीतिक आन्दोलनका क्रममा नियन्त्रणमा रहेका आफ्ना कार्यकर्ताको रिहाईको लागि प्रतिबद्धता जनाएकाले सरकारलाई समर्थन गरेको स्मरण गराउँदै सरकारको आश्वासमा धेरै दिन धैर्य गर्न नसक्ने बताए । प्रतिनिधिसभाको यसअघिका बैठकमा पनि राजपाका सांसदहरूले संविधान संशोधन, मधेश आन्दोलनका क्रममा आफूहरूका कार्यकर्तामाथि लगाइएको मुद्दा फिर्तालगायत विषयमा सरकारको ध्यानाकर्षण गराउँदै आएका छन् ।

## राजपाले छलफल तीव्र पार्दै

काठमाडौं । राजपा नेपालले फागुन १० गतेदेखि १३ गतेसम्म जनकपुरमा प्रदेश २ को प्रदेश सरकार, स्थानीय सरकार र जिल्ला अध्यक्षमण्डलको बैठक गर्ने निर्णय गरेको छ । पार्टीको बसेको अध्यक्षमण्डलको बैठकले महाधिवेशन अगाडि विभिन्न प्रदेशमा बैठक गर्ने निर्णय गरेको सह महासचिव जेपी यादवले जानकारी दिए । यस्तै फागुन १४ गते प्रदेश १ को विराटनगरमा झापा, सुनसरी, मोरङ र उदयपुरका अध्यक्ष मण्डल, केन्द्रीय पदाधिकारी र केन्द्रीय सदस्यहरूको बैठक गर्ने निर्णय गरेको छ । फागुन १६ गते भैरहवामा नवलपरासी, रूपन्देही, कपिलवस्तुका अध्यक्ष मण्डल, केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य र विधायकहरूको बैठक बस्ने पार्टीले विज्ञप्ति मार्फत जनाएको छ । फागुन १७ गते नेपालगञ्जमा बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङको जिल्ला अध्यक्ष मण्डल, केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य र विधायकहरूको बैठक बस्ने जनाएको छ । यस्तै फागुन २२ देखि २५ गतेसम्म काठमाण्डौंमा मधेशी, आदिवासी जनजाती बुद्दिजीविसंग अन्तक्रिया गर्ने राजपाले जनाएको छ । महाधिवेशनको तयारी स्वरूप विभिन्न प्रदेश र संघ संस्थासंग सो पार्टीले छलफल गर्न लागेको हो । यस्तै सदस्यता वितरणका लागि उसले फागुन १५ गतेसम्मका लागि अन्तिम म्याद थप गरेको पनि जनाएको छ । राजपाले आगामी बैशाख ७, ८ र ९ गते महाधिवेशन गर्ने निर्णय गरे पनि स्थान भने तय गरेको छैन ।



## समय–सन्दर्भ

**निमिष झा**



# प्रजातान्त्रिक आन्दोलनमा मधेशको योगदान

**२००७ सालको क्रान्ति मात्र होइन, त्यसपछिका २०३६, २०४६ र २०६३ सालका आन्दोलनहरूमा पनि मधेशका सयौं सपूतहरूले लोकतन्त्र र गणतन्त्रको बहालीमा आफ्नो बलिदानी दिएका छन् ।**

विसं २००७ फागुन ७ गते १ सय ४ वर्षे जहानियाँ राणाशासनको अन्त्य गर्दै प्रजातन्त्र स्थापना भएको दिनको सम्झनामा हरेक वर्ष फागुन ७ गते नेपालमा प्रजातन्त्र दिवस मनाउने गरिन्छ । २००७ साल फागुन ७ गते राणा शासनको अन्त्य भएको र नेपालमा प्रजातन्त्र स्थापना भएको घोषणा तत्कालिन राजा त्रिभुवनले गरेका थिए ।

७ फागुन नेपाली इतिहासमा एउटा महत्वपूर्ण दिन हो, जो जनताको स्वतन्त्रताको धरोहरको बिम्बको रूपमा स्थापित भइसकेको छ । ७ फागुन २००७ ले नेपाली समाजलाई के दियो के दिएन त्यो अझै बहस र छलफलको हो । तर त्यसको महत्व अविचलित छ । आजसम्म पनि आन्दोलनकारीहरूले त्यसैको धरोहरलाई उठाउन चाहेका छन् । त्यसैनिम्ति २०४२ सालको सत्याग्रह, २०४६ सालको जनआन्दोलन र २०६२/२०६३ सालको आन्दोलन ७ फागुनकै दिन शुरू भएका थिए । ७ फागुनले आन्दोलनका आह्वानकर्ता, सहभागीदेखि सर्वसाधारणसम्म सबैको मानसपटलमा जनताको पक्षमा शान्तिपूर्ण आन्दोलनको वैधानिकता र औचित्य पुष्टि गरेको कारणले पनि फागुन महिना आन्दोलनको महिना बनेको हो । यहाँसम्म कि राज्यको आमूल परिवर्तनका निम्ति हतियार बोकेको माओवादी पार्टीले पनि १ फागुन २०५२ सालदेखि नै सशस्त्र आन्दोलन शुरू गरेको थियो ।

२००७ सालको जनक्रान्तिले प्रजातन्त्रको स्थापना गरे पनि त्यसलगत्तै दलहरूमा जुन किसिमको बेमेल र अन्तरद्वन्द्व देखियो, त्यसैका कारण मुलुकले विकास र स्थायित्वको बाटो समात्न सकेन। त्यसयता प्रजातन्त्र गुम्ने र पुनर्स्थापित हुने क्रम चलिरह्यो ।

फागुन ७ को उपलब्धि राजासहितको प्रजातन्त्रको थियो र त्यसबखत त्यो उपलब्धि अत्यन्तै महत्वपूर्ण थियो । राजनीति अग्रगामी बाटोमा बढ्नुपर्छ । त्यस अर्थमा अहिले प्राप्त गणतन्त्रको संस्थागत विकास गर्ने कुरा हाम्रो प्रमुख लक्ष्य हो । यद्यपि यसको अर्थ लोकतन्त्र र गणतन्त्रको जग बनेको फागुन ७ को सान्दर्भिकता र महत्व कम छैन ।

**मधेशको योगदान**

७ फागुन २००७ सालमा प्राप्त प्रजातन्त्र, २०४६ मा त्यसको पुनर्स्थापना, २०६३ मा पुन: लोकतन्त्रको स्थापना र त्यसपछि गणतन्त्रको स्थापना हुँदै गर्दा ती सबै उपलब्धिमा मधेशका स्वर्णीम योगदान रहेको छ ।

सात सालको जनक्रान्तिले पहिलो पटक मधेशलाई नेपाली राष्ट्रियतासँग जोडेको छ । नेपाली कांग्रेसद्वारा सञ्चालित तथा बिपी कोइरालाको कुशल नेतृत्वमा भएको २००७ सालको जनक्रान्तिले मधेशमा राष्ट्रिय एकताको भावना सञ्चार गरेको थियो । किनभने त्यसबेला मधेशीहरूले पहाडीसँग काँधमा काँध मिलाई जनक्रान्तिको मैदानमा उत्रिएका थिए । जनक्रान्तिबाट प्राप्त प्रजातन्त्रपश्चात् २०१५ सालमा भएको प्रथम आमनिर्वाचनमा नेपाली कांग्रेसलाई अत्यधिक मत दिइ मधेशले विजय गराएका

*बाँकी पृष्ठ २ मा*





## सम्पादकीय



# तराई-मधेश समृद्धि कार्यक्रमको प्रभावकारिता

सरकारले मानव विकास सूचकांकमा तुलनात्मक रूपमा पछि परेका तराई-मधेशका स्थानीय तहमा भौतिक पूर्वाधारलगायत विकासका कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गर्न तराई-मधेश समृद्धि कार्यक्रम लागू गरेको छ। तराई-मधेशमा बसोवास गर्ने जनताको सघन रूपमा आर्थिक तथा सामाजिक रूपान्तरण गर्न एवम् जनताको सार्वजनिक सेवामा पहुँच अभिवृद्धि तथा जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले कार्यक्रम लागू गरिएको हो।

कार्यक्रम सञ्चालनका लागि सरकारले रू दुई अर्ब तीन करोड बजेट छुट्ट्याइएको छ। सरकारले आव २०७५/७६ को बजेट वक्तव्यमा तराई-मधेश सडक पूर्वाधार विशेष कार्यक्रम सञ्चालन गर्न रू तीन अर्ब ५३ करोड बजेट विनियोजन गरेको थियो। मानव विकासको सूचकांक, न्यून तथा गरीबीको समग्र दर र गहनता उच्च रहेका तराई-मधेशका २१ जिल्लाका २७६ स्थानीय तहका दुई हजार ६७१ वडामा कार्यक्रम लागू भएको छ। प्रदेश नं १ को झापा, मोरङ र सुनसरी, प्रदेश नं २ को सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साका स्थानीय तहमा कार्यक्रम सञ्चालित छ। यस्तै प्रदेश नं ३ को चितवन, गण्डकी प्रदेशको नवलपरासी (बर्दघाट सुस्ता पूर्व), प्रदेश नं ५ को नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया तथा सुदूरपश्चिम प्रदेशको कैलाली र

**तराई-मधेशका जिल्लाहरूको विकासका लागि सरकारले तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन गरेको हो।**

कञ्चनपुरका स्थानीय तहमा समृद्धि कार्यक्रम सञ्चालनमा आएको छ। झापाका १५, मोरङका १७, सुनसरीका १२, सप्तरीका १८, सिरहाका १७, धनुषाका १८, महोत्तरीका १५, सर्लाहीका २०, रौतहटका १८, बाराका १६ र पर्सा १४ स्थानीय तहमा कार्यक्रम सञ्चालन हुनेछन्। चिवनका सात, नवलपरासीका (बर्दघाट सुस्ता पूर्व) आठ, नवलपरासीका (बर्दघाट सुस्ता पश्चिम) सात, रूपन्देहीका १६, कपिलवस्तु र दाङका १०/१०, बाँके र बर्दियाका आठ/आठ, कैलालीका १३ र कञ्चनपुरका नौ स्थानीय तहमा कार्यक्रम सञ्चालित छ।

तर कार्यक्रम सुरू भए पनि यसको प्रभावकारिता देखिएको छैन। देशको सन्तुलित विकासका लागि धेरै अघिदेखि नै प्रयास हुँदै आएको हो तर पनि सन्तुलित विकासको लक्ष्य हासिल हुनसकेको छैन। सुदूर र मध्यपश्चिमका अधिकांश हिमाली र पहाडी जिल्लाहरूको विकासको स्थिति निकै कमजोर छ। सुगम र सहज भौगोलिक अवस्थिति भएर पनि मधेशका केही जिल्लाहरू पिछडिएका छन्। यिनै तराई-मधेशका जिल्लाहरूको विकासका लागि सरकारले तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन गरेको हो। सुदूर पश्चिम र मध्यपश्चिमकै पहाडी र हिमाली क्षेत्रको सूचकाङ्क निकै कम छ। अन्यत्र जस्तै मधेशमा जातिगत असमानता पनि धेरै छ। मधेशी बाहुन/क्षेत्रीको मानव विकास सूचकाङ्क नेपालको औसतभन्दा राम्रो अर्थात् ०.५३६ रहे पनि तराई दलितको ०.४००, मुस्लिमको ०.४२२ र मधेशी जनजातिको ०.४७३ मात्रै छ। यिनै जातिमा गरिवी पनि धेरै छ। सबै क्षेत्र, वर्ग र जातजातिको समान उत्थानबिना मुलुकको समन्यायिक विकास असम्भव छ। त्यसैले पिछडिएका क्षेत्र, वर्ग र जातिको उत्थानका लागि राज्यले विशेष कार्यक्रम ल्याउनुपर्छ। तराई-मधेश समृद्धि कार्यक्रम यस्तै प्रकारको कार्यक्रम हो। यसको प्रभावकारी कार्यान्वयनले मधेशका पिछडिएका क्षेत्र र समूहको आर्थिक सामाजिक विकासमा सहयोग पुग्न सक्छ। मधेशका पिछडिएको क्षेत्रको विकासका लागि पूर्वाधार विकासलगायतका कार्यक्रमहरू पनि संघीय सरकारको बजेटमा व्यवस्था गरिएको छ। तर यस्ता कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गर्नसके मात्र प्रभावकारी हुनेछन्। पूर्वाधार विकासलगायत शिक्षा, स्वास्थ्य, रोजगारी र आयआर्जनका कार्यक्रमलाई पनि समन्वयात्मक रूपमा सञ्चालन गरियो भने मात्र तिनको प्रभावकारिता वृद्धि हुन्छ। यस्ता कार्यक्रमले लक्षित वर्गलाई समेट्नुपर्छ। यो सँगै विकासका नाममा हुने स्रोत र साधनको दुरूपयोग रोक्न सचेत र सक्रीय हुनुपर्छ।

## साताको सात बात



कतिपय गतिविधि आपराधिकसमेत छन्, जुन सह्य हुँदैनन्। राजनीतिक रङमा रंगिएका भए पनि नेपाललाई समृद्ध मुलुकका रूपमा स्थापित हुन नदिने कुनै पनि दुश्प्रयास किमार्थ पनि स्वीकार्य हुन सक्दैन। यस्ता गतिविधि गर्ने विरूद्ध सरकार कडाइका साथ प्रस्तुत हुन्छ। **केपी शर्मा ओली, प्रधानमन्त्री**



ओली सरकारले भ्रष्टचार, बेथिति र बिसंगतीको जग बसालेकाले मुलुक समृद्धिको बाटोमा अगाडी बढ्न सकेको छैन। मुलुक अहिले समृद्धिको बाटोमा भन्दा पनी भ्रष्टचार बेथीतिको बाटोमा अगाडी बढेको छ। नेपाली कांग्रेश भाषण भन्दा पनी निष्ठाको राजनीति गर्ने पार्टी हो। **रामचन्द्र पौडेल, वरिष्ठ नेता नेपाली कांग्रेस**



सरकारले संविधान संशोधन गरेर मधेशको मागलाई संबोधन गर्नुपर्छ, यदी गरिएन भने त्यसको हिसाब किताब मधेशको जनताले लिन्छ। हामीले सरकारलाई दिएको समर्थनको औथित्यको बारेमा मधेशी प्रश्न गर्न थालीसकेका छन्। **महेन्द्र राय यादव, अध्यक्षमण्डलका संयोजक राष्ट्रिय जनता पार्टी**



हाम्रो आन्दोलन कुनै पनि पार्टी र सरकारको विरूद्धमा होइन यती लामो त्याग र परिवर्तन पछि पनि नेपाली जनताले परिवर्तनको अनुभुति गर्न पाएनन्। मुलुकले अवलोकन गर्दै आएको नीति, व्यवस्था र मार्ग चित्रमा नै त्रुटि देखिएको हुँदा त्यसलाई सुधार्ने हाम्रो प्रयास हो। **कमल थापा, अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी**



देशमा राजनीतिक स्थिरता भैसकेकाले अव कहि कतै अल्मलीने ठाउँ छैन। यहाँका जनतालाई सबै हिसाबले अब्बद बनाउनका लागि म तल्लिन छु प्रदेश १ लाई समृद्ध प्रदेश बनाउन हामीले योजना बद्ध रूपले काम अगाडी बढाएका छौँ। **शेरधन राई, मुख्यमन्त्री प्रदेश १**



सरकार शान्ति प्रक्रियाका बाँकी कामलाई जतिसक्दो छिटो टुंग्याउने तयारीमा रहे पनि शन्तिको ऐजेन्डा बोक्ने कांग्रेसले सहयोग गरेन मावोबादी र एमाले एकिकरण भएको नौ औं महिना बित्दा पनि नेकपा एकिकरणले पूर्णता नपाउनु दुर्भाग्य हो। **शंकर पोखरेल, मुख्यमन्त्री प्रदेश ५**



हामीले पार्टीलाई विधिसरम्मत तरिकाले सञ्चालन गर्नुपर्ने मागसहित ध्यानाकर्षणपत्रसमेत बुझाएका थियौं। बैठकमा त यसै ढिलाइ भएकै छ, एकीकरणको काममा ढिलाइ गरेर आम नेताकार्यकर्तालाई निराश पार्ने गरी पार्टीलाई, नेतृत्वलाई महाशिथिलीकरणको दिशामा धकेलेको छ। **जगन्नाथ खतिवडा, नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय सदस्य**

# मधेशी दलकै कारण संघीयता खतरामा



**किशोरी साह कमल**

**प्रदेश २ को सरकार असफलतातिर गइरहेको छ। कुनै नयाँ सोच छैन, बजेटलाई कसरी सदुपयोग गर्ने, प्रदेशलाई समृद्धितर्फ लान कसरी विकास गर्ने त्यतातिर यो सरकारको कुनै सोच छैन।**

प्रदेश सरकारको काम कारबाहीलाई हामी प्रतिपक्ष र जनताले पनि मूल्यांकन गरेका छौं। यो सरकारले एक वर्ष पूर्णरूपमा भोजभतेरमै बिताएको छ। १४ वटा विधेयकहरू पनि हामीले जेनतेन सौहार्दपूर्ण वातावरणमा पारित गर्‍यौं। सरकारले ल्याएको नीति तथा कार्यक्रम पनि त्यति सन्तोषजनक छैन, यथास्थितिवादी छ। त्यसमा कुनै नयाँ किसिमका कार्यक्रमहरू समावेश गरिएको छैन। जेजस्तो नीति तथा कार्यक्रम ल्याए पनि बोलाई र गराईमा हामीले फरक पाएका छौं। यसभन्दा अगाडि पनि जति बजेट ल्याइएको थियो त्यो कहाँ-कहाँ, के-केमा खर्च भयो त्यसको केही लेखाजोखा छैन। विकास खर्च बजेट प्रदेश २ का प्रत्येक निर्वाचन क्षेत्रमा दिने भनेर यो सरकारले हामीसँग सम्झौता गरेको थियो तर विपक्षलाई अहिलेसम्म दिएको छैन। यसका लागि हामीले एक दिन हाउस पनि अवरूद्ध गर्‍यौं। त्यसपछि उनीहरूले बचनवद्धता जाहेर पनि गरे तर अहिलेसम्म पनि गम्भीर छैन। योजनाहरू मन्त्रीहरूले आफ्नै क्षेत्रमा लगेका छन् र के काम भइरहेको छ, त्यसको केही जानकारी छैन। जसरी हामीले संघीयता चाहेका थियौं, त्यसलाई विफल बनाउन मधेशी दलहरू नै लागेका छन्। मधेशी दलहरूकै कारण संघीयता जाने हो कि भन्ने डर लागिरहेको छ।

प्रदेश सरकारले काम गरेकै छैन। यद्यपी हामीले त सहयोग गरेकै हौं। सत्तारूढ दलकै कतिपय सांसदहरूले यो सरकारको विरोध र आलोचना गरेका छन्।

यदि सरकारले काम गरिरहेको छ भने के गरेको छ, ती कुराहरू मिडियामा पनि आउँथ्यो नि। बेटी पढाऊ, बेटी बचाउ अभियानमा पनि कति छोरीलाई पढाउने वा बचाउने काम गर्‍यो देखिएको छैन। अहिलेसम्म नारामा मात्रै सीमित छ। भित्रभित्रै आफ्नै पार्टीका मान्छे पाल्ने काम गरिरहेको छ।

अन्य प्रदेशकै अनुपातमा प्रदेश २ मा पनि बजेट दिइएको छ। त्यो बाहेक पनि विशेष योजनाहरू यही प्रदेशका लागि संघीय सरकारले गरिरहेको छ। अन्य प्रदेशमा विकास खर्चका लागि जति दिइएको छ त्योभन्दा बढी प्रदेश २ लाई हेरिरहेको छ। हामीप्रति पहिला जुन आरोप लगाइएको थियो त्यो हिसावले पनि केन्द्रले प्रदेश २ लाई विशेषरूपमा प्राथमिकता दिइएको छ।

मुख्यमन्त्री आफै लाचार छन्। उनीसँग हामीले कुरा गर्दा लाचारीपन देखाउँ छन्। हामीसँग भएको सहमति कार्यान्वयन किन भएन भनेर सोध्दा जिम्मेवारीपूर्ण अभिव्यक्ति दिएको छैन। प्रदेशमा कहाँ के भइरहेको छ, त्यो पनि पत्ता लगाउन नसक्ने कस्तो मुख्यमन्त्री होला। उनलाई अनुभवको अभाव हो कि के हो बुझ्न सकिरहेका छैनौं। मुख्यमन्त्रीमाथि पनि हामीलाई शंका लागिरहेको छ। किनभने एकतिर लाचारी व्यक्त गर्ने, मन्त्रीहरूले आफ्नै हिसाबले के-के गरे त्यो पनि थाहा भएन। अर्कोतिर भित्रभित्रै मिलिजुली खाइरहेका छन् र हामीलाई झुक्याउन त्यस्ता अभिव्यक्तिहरू दिइरहेका छन्। यस्ता मुख्यमन्त्रीले प्रदेश २ लाई कसरी समृद्ध प्रदेश बनाउने ? मलाई लाग्छ यो मुख्यमन्त्रीले फोरमलाई पनि डुबाउँछ कि। जनताले मधेशी दलहरूलाई दिएको मत र विश्वास सबै गुम्न लागेको छ।

करारमा कुनै पनि कर्मचारी भर्ना गर्दा मुख्य सचिवकै अध्यक्षतामा समिति बन्छ र प्रदेश लोकसेवा विधेयक बनाएर पारित गरेर त्यसपछि कर्मचारी भर्ना गरिन्छ। तर अहिले जसरी करार ऐन पारित गरेर कर्मचारी भर्ना गरियो त्यसमा मुख्यमन्त्रीको दूरदर्शिता देखिएन। किनभने अहिले करारमा कर्मचारी भर्ना गर्दा पछि स्थायी कर्मचारी ल्याउनुपर्‍यो भने ती कर्मचारीलाई कहाँ व्यवस्थापन गर्ने त? यतिकै त्यत्रो कर्मचारी छोड्छ त ? भविष्यमा हुने खतरा र अप्ठ्यारोलाई नसोचिकन एकाएक कर्मचारी भर्ना गर्न मिल्दैन। सबै प्रदेशमा कर्मचारी अभाव छ। विस्तारै पदपूर्ति गर्दै लौजाने हो। अर्को कुरा यो सरकारले गल्ती कहाँ गरेको छ भने यहाँका मुख्य न्यायाधिवक्ता जुन मुख्यमन्त्रीले नियुक्त गरेका छन। यो एउटा राजनीतिक नियुक्ति हो, उनी आफै अस्थायी हो, त्यस्तो व्यक्तिको अध्यक्षतामा कर्मचारी भर्ना गर्नु सरासर गलत हो। यसले भोली परिस्थिति बिग्रन सक्छ।

हो, प्रदेश २ को सरकार असफलतातिर गइरहेको छ। कुनै नयाँ सोच छैन, बजेटलाई कसरी सदुपयोग गर्ने, प्रदेशलाई समृद्धितर्फ लान कसरी विकास गर्ने त्यतातिर यो सरकारको कुनै सोच छैन। जथाभावी र अनावश्यकरूपमा बजेट खर्च गर्नेतिर मात्रै यो सरकारको काम गरिरहेको छ। दूरदृष्टिले आगामी दिनमा कसरी समृद्धि हासिल गर्नेतिर प्रदेश सरकारको ध्यान छैन।

प्रदेशको नाम, स्थायी राजधानी र भाषाको विषयमा हामीले पटक-पटक हाउसमा आवाज उठाइरहेका छौं। प्रदेशको नाम, स्थायी राजधानी र भाषाको सम्बन्धमा यो सरकार अहिलेसम्म अनिर्णित नै देखिएको छ। विधेयक ल्याउन हामी पटक-पटक भन्दा पनि कुनै सुनुवाई गरिरहेको छैन। यो प्रदेशलाई कहिलेसम्म चिनाउने हो भन्ने ठेगान छैन। उहाँहरूलाई डर छ कि नाम र स्थायी राजधानीको विषयमा विधेयक ल्याइयो भने फेल हुन्छ। तर, विधेयक ल्याएर छलफलमा राख्ने र प्रतिपक्षसँग बसेर त्यसको निराकरण गर्ने त्यतातिर यो सरकारको सोच गइरहेको छैन।

हाम्रो भनाई के हो भने मधेशका २२ वटै जिल्ला मधेश प्रदेश हो तर अहिले आठ जिल्लालाई मात्रै मधेश प्रदेश भनेर राख्न खोजिएको छ। हामी मधेशका आठ वटा जिल्लालाई मात्रै मधेश प्रदेश घोषणा गरेर सानो बनाउन चाहन्नौं। हामी चाहन्छौं कि यो प्रदेशमा अलिकति पहाड र हिमाल पनि थपिनुपर्छ। यो आठ जिल्लालाई मात्रै मधेश प्रदेश राखेर खुम्च्याउन चाहन्नौं। सत्तारूढ दलबाटै पनि विभिन्न किसिमका धारणाहरू आउँदैछन्। मेरो विचारमा यो प्रदेशको नाम जानकी प्रदेश राखियो भने विश्वस्तरमा चिनिन्छ। जानकी मन्दिर पर्यटकीय क्षेत्रको रूपमा विकास हुँदैछ, यसलाई विश्व सम्पदा सूचीमा राख्ने कुरो पनि भइरहेको छ। भारतको रामायण सर्किटसँग जोड्ने कुरा पनि भइरहेको छ। त्यसले गर्दा जानकी प्रदेश नाम राखियो भने नेपाल र भारतबीचको सम्बन्ध पनि सुमधुर हुन्छ। त्यसैले, यो प्रदेशको नाम जानकी राखियो भने अति राम्रो हुन्छ।

> मधेशका २२ वटै जिल्ला 'मधेश प्रदेश' हो तर अहिले आठ जिल्लालाई मात्रै 'मधेश प्रदेश' भनेर राख्न खोजिएको छ। हामी मधेशका आठ वटा जिल्लालाई मात्रै 'मधेश प्रदेश' घोषणा गरेर सानो बनाउन चाहन्नौं।

प्रदेशको नाम, स्थायी राजधानी र भाषाका लागि प्रदेश सरकारले आयोग पनि बनाएको छ। त्यो आयोगले नाम, स्थायी राजधानी र भाषाको टुंगो लगाउन सक्दैन। यसले विवाद मात्र निम्त्याउँछ। जनता र प्रदेशसभाले हामीलाई अधिकार दिएको छ भने त्यसको सदुपयोग हामीले गर्ने हो। तर, सानो कोठामा केही व्यक्तिहरूलाई बोलाएर यसरी राय संकलन गर्नु कतिको उचित होला ? जनकपुरधाममै राय संकलन गर्दा त्यहाँ ठूलो विवाद भएको थियो। प्रदेशको नाम, स्थायी राजधानी र भाषाको टुंगो प्रदेशसभाले गर्नुपर्ने हो। तर, यस विषयलाई बाहिर लगेर केही सीमित व्यक्तिका बीचमा मात्र छलफल गरेर लडाउने र जुधाउने काम यो सरकारले गरिरहेको छ।

बाहिर जेजति राय संकलन गरे पनि अन्तिममा निर्णय हामीले नै गर्ने हो। संसदबाट दुई तिहाईले पारित गर्ने विषय हो। अब हेर्दै जाउँ के हुन्छ।

*(प्रदेश २ का प्रदेशसभा सदस्य साहसँग गरिएको कुराकानीमा आधारित)*

# प्रजातान्त्रिक आन्दोलनमा...

थिए। कांग्रेसका शीर्षस्थ नेताहरू बिपी कोइराला, सुवर्ण सम्सेरहरू मधेशबाटै विजयी भई तात्कालीन संसदमा निर्वाचित भएका थिए।

त्यसअघि २००७ असोज १० र ११ गते रौतहटको सीमावर्ती भारतको वैरगनियामा सम्पन्न नेपाली कांग्रेसको 'रणनीतिक सम्मेलन' ले सशस्त्र क्रान्तिबाट मात्र परिवर्तन सम्भव भएको ठहर गरेको थियो। त्यही सम्मेलनले पार्टी सभापति मातृकाप्रसाद कोइरालालाई 'सशस्त्र क्रान्ति' का सुप्रिम कमान्डर तोक्दै भित्री रूपमा त्यसलाई सञ्चालन गर्ने बागडोर बीपी कोइराला र सुवर्णशमशेर राणालाई सुम्पेको थियो। बैरगनिया सम्मेलनले तय गरेको मार्गचित्रकै आधारमा नेपाली कांग्रेसको 'मुक्ति सेना' ले कात्तिक २५ मा रातभर वीरगञ्ज आक्रमण गर्‍यो। आक्रमणका कमान्डर थिर वम मल्लसहित थुप्रैले ज्यान गुमाए पनि मुक्ति सेनाले २६ गते बिहान वीरगञ्ज कब्जा गर्‍यो। १०४ वर्षे राणाशाहीविरूद्ध नेपाली कांग्रेसको नेतृत्वमा शुरू भएको प्रजातान्त्रिक आन्दोलनको पहिलो सफलता थियो, वीरगञ्ज कब्जाको घटना। कात्तिक २६ मै मुक्ति सेनाले विराटनगरमा पनि आक्रमण गर्‍यो भने त्यसपछि क्रमशः भैरहवा, परासी, नेपालगञ्जलगायतका ठाउँमा समेत आक्रमण गरियो। अन्ततः ७ फागुनमा राणाशासन अन्त्य गरी देशमा प्रजातन्त्र स्थापना गर्ने आधार यसले नै तय गरेको थियो।

यो घटनाक्रम यहाँ किन उल्लेख गरिएको हो भने बैरगनिया सम्मेलन र त्यसमा लागेको सम्पूर्ण खर्चको चाँजोपाँजो रौतहटका मधेशी समुदायका जमीनदार-अगुवाहरूले मिलाएका थिए। खानपिनदेखि बासस्थानसम्मको सबै व्यवस्था उनीहरूले नै गरेका थिए। राणाशाहीविरोधी पहिलो सफलता मानिएको मुक्ति सेनाको वीरगञ्ज आक्रमणमा मधेशी समुदायका थुप्रै व्यक्ति मारिए, चर्चा कमान्डर थिर बम मल्लको मात्र हुने गरे पनि। नेपालको करीब सात दशक लामो प्रजातान्त्रिक आन्दोलनको जग मानिने २००७ सालको आन्दोलनको आधार तयार पार्ने काममा रहेको मधेशी समुदायको यो भूमिका प्रजातान्त्रिक नेपाल निर्माणमा मधेशीको योगदान झल्काउन काफी छ।

२००७ सालको आन्दोलनमा काशीप्रसाद श्रीवास्तव, जानकीनन्दन सिंह, इन्द्रप्रताप सेन, ठाकुर हंसराज, मुन्नीलाल चौधरीलगायतका मधेशी नेता तथा अगुवाहरूको उल्लेख्य भूमिका थियो। त्यसपछि नेपालका हरेक राजनीतिक परिवर्तनहरूमा मधेशले महत्वपूर्ण भूमिका खेल्यो। राजा महेन्द्रले २०१७ सालमा गरेको 'कु' विरूद्ध लड्न सबभन्दा पहिले 'तराई मुक्ति मोर्चा' गठन भएको थियो। रघुनाथ गुप्ता, रामजी मिश्रलगायतको अगुवाइमा तराई मुक्ति मोर्चा अग्र मोर्चामा थियो। त्यो आन्दोलनमा थुप्रै मधेशी जेल परेका थिए।

२००७ साल अघिदेखि नै राजनीतिक रूपमा तराई अगाडि रहेको र आन्दोलनको आधार बनाउने तथा नेतृत्व गर्ने काम मधेशले नै गरेको यसबाट प्रमाणिात हुन्छ। किनभने राजनीतिक चेतना मधेशमै थियो। चेतना र आँट कस्तो थियो भने सप्तरीको हनुमाननगर जेलमा आक्रमण गरेर भारतीय स्वतन्त्रता संग्रामका नेताहरू जयप्रकाश नारायण र राममनोहर लोहियालाई भगाउने काम कोइलाडी वर्साइनका जमीनदारहरूले गरेका थिए। करीब ५० जना कार्यकर्ताका साथ भारतको हजारीगञ्ज जेलबाट भागेर नेपाल पसेका जयप्रकाश र लोहिया लहान उत्तरको जंगलमा बसेको वेला राणा सरकारले पक्राउ गरेर हनुमाननगरमा थुनेको थियो।

सशस्त्र क्रान्ति मधेशको सीमावर्ती क्षेत्रमा सञ्चालित भई भन्सार, प्रहरी चौकी र सरकारी कार्यालयहरूमा आक्रमण गरी पञ्चायती निरंकुशताविरूद्ध धावा बोले। त्यस क्रममा मधेशका धेरै युवाले सहादत दिए। त्यसपछि २०३६, २०४६ र २०६३ सालका आन्दोलनमा पनि मधेशका सयौं सपूतहरूले लोकतन्त्र र गणतन्त्रको बहालीमा आफ्नो बलिदानी दिए।

२०१८ सालमै राजसंस्थालाई 'सामन्तवादको प्रतीक' भनेर जनकपुरमा राजा महेन्द्रको गाडीमा बम हानेका दुर्गानन्द झाले आफ्ना साथीहरूलाई जोगाउन स्वेच्छिक गिरफ्तारी दिएर उच्चस्तरको राजनीति प्रदर्शन गरेका थिए। उनलाई काठमाडौं ल्याएर फाँसीमा चढाइयो। २०१७ देखि २०४६ सम्मको नेपाली आन्दोलनको अग्रस्थानमा थियो मधेश। संघीय लोकतान्त्रिक गणतन्त्रको शंखघोष गर्ने पनि मधेश नै थियो।

अग्रणी मधेशः प्रजातान्त्रिक संघर्षमा प्राण उत्सर्ग गर्ने शहीदहरूमा मधेशका दुर्गानन्द झालगायतको नाम अग्रपंक्तिमा आउँछ।

२००७ साल अघिदेखि नै मधेशले आन्दोलनको आधार बनाउने र नेतृत्व गर्ने काम गरेको इतिहास साक्षी छ।

हरेक परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेका मधेशीहरूले राजनीतिमा आफ्नो भूमिकाको माग गरिरहेका छन्। तर पछिल्लो समयमा मधेशी र गैर मधेशी नेताहरूले मधेशको भावनासँग खेलिरहेका छन्।

# संघीयताको भविष्य प्रदेश २ सँग जोडिएको छ

**प्रदेश २ को भूमिबाट संघीयताको आवाज किन उठ्यो भने केन्द्रीकरण पद्धतिबाट विकास नहुने रहेछ । त्यो 'स्प्रिट'लाई अहिले पनि देखाइदिनुपर्छ । ८-१० घण्टा काम गरेर हुनेबाला छैन । उनीहरूले एउटा साधारण व्यक्तिसरह नै दिनरात मिहिनेत गरेर काम गर्नुपर्छ । यसरी काम गर्न सकियो भने जनता र अन्य प्रदेशका लागि पनि उदाहरणीय हुन सक्छ । यसले संघीयतालाई प्रमाणित पनि गर्न सक्छ ।**



## डा.सुरेन्द्र लाभ
### राजनीतिक विश्लेषक

**० प्रदेश २ सरकारको एक वर्षे कार्यकाललाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

– संघीयताको जहाँबाट माग भयो त्यो भूमि प्रदेश २ नै हो । त्यसैले प्रदेश २ को सरकारबाट अपेक्षा पनि बढी छ र कामको मूल्यांकन गर्ने हो भने अन्य प्रदेशभ्कैं यसको पनि प्रभाव रहेको छ । अर्थात कुनै खास, उल्लेखनीय र आम जनतालाई सन्तुष्टि हुने प्रभावपूर्ण काम भने हुन सकेको छैन ।

**० त्यसो भए प्रदेश २ ले केही पनि उल्लेखनीय काम गर्न सकेन ?**

– एउटा मात्रै काम 'बेटी बचाउ, बेटी पढाउ' नारा दिइयो र यसलाई साकार पार्न एक लाख रूपैयाँको बीमाको ब्यवस्था गऱ्यो र यो उदाहरणीय तथा उल्लेखनीय छ । यसबाट अरू प्रदेशले सिक्नुपर्ने कुरा पनि छ । यो कामलाई साह्रै महत्वपूर्ण मान्न सकिन्छ । अन्य कामहरू हुन सकेको छैन । मूलरूपमा पूँजीगत खर्च नै हुन सकेको छैन । पूँजीगत खर्च नहुनुको मतलब विकास निर्माण काम राम्रोसँग हुन नसक्नु हो । यो एउटा निराशाजनक अवस्था छ ।

**० संघीयतालाई जोगाउन प्रदेश २ सरकारको भूमिका कस्तो पाउनुहुन्छ ?**

– संघीयता जोगाउन मुख्यमन्त्रीको प्रयास देखिएको छ । उहाँले धेरै प्रयास गर्नु भएको छ, लड्नु भएको छ र यो कुरो प्रधानमन्त्रीसम्म पुऱ्याउन पनि सफल हुनु भएको छ । प्रधानमन्त्रीले पनि गत महिना संघीयता कार्यान्वयन सहजीकरणका लागि २९ बुँदे सहमति गर्नुभयो । यो एउटा ठूलो उपलब्धि मान्न सकिन्छ । प्रदेशका मुख्यमन्त्री पनि त्यसमा सन्तुष्ट हुनुभयो । तर, त्यसको कार्यान्वयन फितलो देखिएको छ । प्रदेशले प्रयास गरेकै हो तर, यथेष्टरूपमा दबाब दिन सकि रहेको छैन ।

**० प्रदेश २ का मुख्यमन्त्री र मन्त्रीले अन्य प्रदेशभन्दा उल्लेखनीय काम गरेको दाबी गर्दैछन् भने विपक्षीहरूले असफलतातिर गइरहेको आरोप लगाएका छन् । तपाइँ चाँहीं के भन्नुहुन्छ ?**

– पक्ष र विपक्षमा जाने हाम्रो संस्कार हो । सत्तामा हुनेहरूले ऐतिहासिक काम गरेको भन्छन् र विपक्षीले राम्रो कामलाई पनि आलोचना गर्ने गरेका छन् । तर, यसको मापदण्ड के त ? यसको मूल्यांकन जनताले गर्छन् । आमजनताले अनुभूति गर्न सक्नुपऱ्यो । अहिलेसम्मको अवस्थामा आमजनताले त्यस्तो खासै अनुभूति गर्न सकेका छैनन् । सन्तुष्टिको कुनै ठाउँ पाउन सकिएको छैन, त्यसैले निराशाजनक हो । मुख्यमन्त्रीदेखि मन्त्रीसम्मको समय उद्घाटन, सभा समारोह अतिथि बन्न मात्र बिति रहेको छ । यो राम्रो संकेत होइन । किनभने प्रदेशको यो पहिलो सरकार हो, यसले उदाहरणीय काम गर्न सक्नुपर्छ ।

**० भनेपछि, प्रदेशका मुख्यमन्त्री, मन्त्रीहरू सभा समारोहमै व्यस्त छन् ?**

– बिल्कुल सही कुरा हो । किनभने हरेक दिनको उनीहरूको समय तालिका हेर्ने हो भने काममा कम, नाममा बढी लागेका छन् । उनीहरूको कामको प्रतिफल जनताले अनुभव गर्न सकेका छैनन् । तर, समय अहिले पनि छ । उनीहरूले जनताका असन्तुष्टि बुझ्ेर काम गर्न सके भने अझ चार वर्ष बाँकी छ । नेपालमा संक्रमणकाल अन्त्य भएको छ र सिकारूकाल हो यो । अहिले पनि मन्त्री भएका उनीहरूसँग अनुभव थिएन, त्यसैले उनीहरूको सिकाइको बेला पनि हो ।

**० संघीयतालाई सफल बनाउन प्रदेश सरकारले के गर्नुपर्ने हो ?**

– प्रदेश सरकारले आफ्नो छवि सुधार्न आवश्यक छ । प्रदेश बनेपछि विकास हुन्छ, यसलाई प्रमाणित गर्नुपर्ने हुन्छ । प्रदेश २ को भूमिबाट संघीयताको आवाज किन उठ्यो भने केन्द्रीकरण पद्धतिबाट विकास नहुने रहेछ । त्यो 'स्प्रिट'लाई अहिले पनि देखाइदिनुपर्छ । ८-१० घण्टा काम गरेर हुनेबाला छैन । उनीहरूले एउटा साधारण व्यक्तिसरह नै दिनरात मिहिनेत गरेर काम गर्नुपर्छ । यसरी काम गर्न सकियो भने जनता र अन्य प्रदेशका लागि पनि उदाहरणीय हुन सक्छ । यसले संघीयतालाई प्रमाणित पनि गर्न सक्छ । त्यसैले, संघीयता जाने डर पनि यहींबाट छ र सफल हुने सम्भावना पनि छ ।

**० प्रदेश २ का मुख्यमन्त्री र मन्त्रीहरूको अनुभवका अभावको कारण पनि राम्ररी काम हुन सकिरहेको छैन ?**

– अनुभवको अभाव त छदैं छ, र प्रदर्शनको प्रभाव पनि छ । विगतमा जसरी मन्त्रीहरूको जुन रवाफ थियो त्यसबाट पनि उनीहरू नराम्ररी प्रभावित छन् । उनीहरू आफूलाई परिवर्तन गर्न सकिरहेका छैनन । यो कुराबाट अहिले पनि होस आयो भने गर्न सक्छन् । यो सरकार क्रान्तिकारी स्टेप तिर जान सकेको छैन ।

**० त्यसो भए प्रदेश २ सरकारले दीर्घकालीन योजनाका कामहरू गर्न सकिरहेको छैन त ?**

– यो प्रदेश सरकार पनि झाराटार जस्तै काम गरिरहेको छ । जुन काम प्रदेशसभाभित्र हुनुपर्ने हो, त्यसका लागि आयोग गठन गरेर अनावश्यक काम भइरहेको छ । उदाहरणका लागि प्रदेशको नाम र राजधानीको बारेमा प्रष्टरूपमा लेखिएको छ कि प्रदेशसभाको दुई तिहाइ बहुमतले पारित गर्ने । यसको बहस प्रदेशसभामा हुनुपर्ने तर, नीति आयोगका अध्यक्षको अध्यक्षतामा कमिटी गठन गरियो र जिल्ला-जिल्लामा दौडाइदियो । त्यो अनावश्यक खर्च पनि हो । त्यसबाट कुनै ठोस उपलब्धि हुनेवाला छैन ।

**० प्रदेश २ मा प्रतिपक्षीहरूको भूमिका कस्तो पाउनु भएको ?**

– प्रदेश २ का प्रतिपक्षीहरू पनि अलिकति अनट्रेन्ड र सिकारूजस्तै छन् । कतिपय ठाउँमा त ठिकठिकै विरोध गर्छन् तर सशक्तरूपमा प्रतिपक्षको भूमिका निर्वाह गरिरहेको पाइँदैन । जसरी नाम र स्थायी राजधानीका लागि प्रदेश सरकारले कमिटी गठन गऱ्यो त्यसको विरोध प्रतिपक्षले प्रदेशसभामा गर्नुपर्दथ्यो । त्यसैले प्रतिपक्षमा पनि दक्षताको अभाव छ ।

**० सत्तारूढ दलका केन्द्रीय नेतृत्वले यस प्रदेशप्रति कतिको निगरानी गरिरहेको पाउनुहुन्छ ?**

– प्रदेश २ का सत्तारूढ दलभित्रै पनि अन्योलको अवस्था देखिएको छ । फोरम नेपालको केन्द्रमा एउटा नीति देखा पर्छ भने प्रदेशमा अर्को नीति देखा पर्छ । संविधान दिवसकै दिन यसको उदाहरण देखियो । राजपा नेपालभित्र पनि यस्ता अन्तर्विरोधहरू बेलाबखतमा देखा पर्छ । एउटा अध्यक्षले नियुक्त गर्छ अर्को अध्यक्षले खारेज गर्छ । यसले आम जनतामा राम्रो सन्देश सम्प्रेषण भइरहेको छैन । आन्दोलनको स्प्रिटमा उनीहरू हिंड्न सकेका छैनन् । यसको मूल्यांकन पनि आमजनताले गरिरहेका छन् ।

**० प्रदेश २ का मुख्यमन्त्रीले सार्वजनिकरूपमा केन्द्रप्रति आक्रोश पोख्दै आएका छन्, यो कतिको जायज हो ?**

– उनको आक्रोश सही भएपनि बाटो सही भएन । उनको लोकप्रिय नारा जस्तो भइदियो । जबकि उनकै पार्टी केन्द्रमा पनि छ अहिले । उनको पार्टीका अध्यक्ष महत्वपूर्ण स्थानमा छन् । उनको पार्टीले दबाब दिनुपर्दथ्यो । उनको कुनै असन्तुष्टि छ भने आफ्नो पार्टीमार्फत् दबाब बनाउनुपर्छ ।

**० भनेपछि, मुख्यमन्त्रीले लोकप्रियता मात्रै हासिल गर्न खोजेका हुन हो ?**

– यो कुरा जनताले पनि अनुभूति गरिरहेका छन् । केन्द्रले बढी बजेट दिएन, कर्मचारी पूर्ति गरेन, अधिकार कटौती गऱ्यो भन्ने किसिमका गुनासाहरू छन्, तर जति बजेट र अधिकार दिइएको छ त्यो पनि उपयोग गर्न सकिरहेको छैन । लोकप्रियताका लागि मात्रै त्यस्ता कुराहरू गर्ने हो भने त्यसले राम्रो परिणाम दिँदैन ।

**० अब केन्द्रको कुरा गरौं । अहिले नेपालकै शक्तिशाली सरकार छ तर कामको प्रभावकारिता देखिएको छैन । यो दुई तिहाईको सरकारले पनि जनअपेक्षाअनुसार काम गर्न सकेन भने नेपालमा कस्तो सरकार चाहिन्छ ?**

– यो एउटा ठूलो यक्ष प्रश्न हो । प्रजातान्त्रिक कालमा यस्तो दुई तिहाईको सरकार नेपालमा प्रथमपटक निर्माण भएको छ । यसले परिणाममुखी काम गर्न सक्नुपर्दथ्यो । सत्तापक्षकै बीचबाट पनि असन्तुष्टिका विभिन्न कुराहरू आइरहेको छ । लोकप्रियताका लागि नारा ठूलो दिइन्छ, तर व्यावहारिकरूपमा काम हुन सकेको छैन । संघीयतालाई कार्यान्वयन गर्नेतिर पनि इमान्दारिता देखिएको छैन । अहिले देशलाई फटाफट काम चाहिएको छ । समृद्धिको नारा लगाइन्छ, तर समृद्धि कसरी ल्याउने त्यो भिजन छैन । राजनीतिक परिवर्तन त भयो तर आर्थिक परिवर्तन नभएको जनतामा सन्देश गइरहेको छ ।

**० प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसको भूमिका किन देखिएको छैन ?**

– प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसको पनि भूमिका सशक्त छैन । कांग्रेसभित्रै विभिन्न गुटउपगुटहरू छन् । अहिलेको सरकारले राम्रो काम गर्न सकेन भने जनताले अब विकल्प खोज्छ । तर, जनतासँग विकल्प पनि छैन । प्रतिपक्षी दल नै कमजोर भएकोले यो दुई तिहाइको सरकारले दबाब पनि पाउन सकेको छैन । यदि कांग्रेसमा इमान्दार नेताहरू भइदिएको भए पर्याप्त मात्रामा दबाब सिर्जना गर्न सक्थ्यो ।



## शैलेन्द्र साह
### मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी, प्रदेश २

# अपेक्षाकृत उपलब्धि हासिल भएन

**हामीले प्रदेश नाम र स्थायी राजधानीका लागि प्रतिपक्षसँग सहमति खोजिरहेका छौं । नाम र स्थायी राजधानी महत्वपूर्ण एजेन्डा भएकोले यसमा सबैको सहमति आवश्यक छ र त्यहि अनुसार अगाडि बढाएर टुंगो लगाऔं भन्ने पक्षमा सरकार रहेको छ**

**० प्रदेश २ सरकारको एकवर्षे कार्यकाललाई तपाइँले कतिको उपलब्धिपूर्ण मान्नुहुन्छ ?**

– निश्चितरूपमा प्रदेश २ को एकवर्षे कार्यकाल उपलब्धिपूर्ण नै मान्नुपर्छ । अहिले नयाँ संरचना भएका कारण धेरै चुनौतीहरू थिए । तैपनि जति उपलब्धि हासिल गर्नुपर्ने थियो त्यति हुन सकेको छैन । हामीले हरेक क्षेत्रमा सन्तोषजकरूपमा उपलब्धि हासिल गरेका छौं ।

**० तपाइँहरूले चाहेजति उपलब्धि किन हासिल गर्नसक्नु भएन ?**

– हामी सामु धेरै समस्याहरू छन् । अहिले ऐन नियमहरू बन्न बाँकी छ, जनशक्तिको अभावका कारणले गर्दा पनि सोचेजति उपलब्धि हासिल गर्न सकिएन । तर, अब प्रदेश सरकारको कामले गति लिएको छ । हरेक क्षेत्रमा विकासका कार्यहरू तीव्र गतिमा भइरहेको छ । अहिलेसम्म हामीले १९ वटा ऐन पारित गरिसकेका छौं, केही पाइपलाइनमा छन् । ऐन कानूनहरू पारित भइसकेपछि विकास निर्माणका कामहरू अगाडि बढ्नेछ ।

**० प्रदेश २ का जनताले प्रदेश सरकारको अनुभूति गरेका छन् ?**

– एकदमै गरेका छन् । हामीले अनुभूति गराइसकेका छौं । प्रदेश सरकारले आफ्नो गतिविधि जनतासम्म पुऱ्याउने काम गरिसकेको छ । कार्य सम्पादन जुन गतिले भइरहेको छ, त्यो हिसावले केही दिनमै हरेक क्षेत्रमा पूर्णरूपेण अनुभूति हुनेगरी प्रदेश सरकारले आफ्नो कार्य योजनाहरू अगाडि बढाइसकेको छ ।

**० प्रदेश सरकारले केही विधेयक पारित गर्ने बाहेक अन्य उल्लेखनीय कार्य नभएको गुनासाहरू छन् नि ?**

– प्रदेशमा काम कारबाही सञ्चालनका लागि मुख्य कार्य विधेयकहरू पारित गर्नु प्रदेशसभाको दायित्व हो । यस आर्थिक वर्षका लागि हामीले नीति तथा कार्यक्रम ल्याएका छौं । त्यसको आधारमा हाम्रा कार्यक्रमहरू अगाडि बढिसकेको छ । प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनको पक्षमा पनि अगाडि बढेको छ ।

**० तपाइँहरूले प्रतिपक्षीहरूसँग छलफल पनि गर्नुहुन्न ?**

– नेपालका सातवटै प्रदेशमध्ये सबैभन्दा बढी लोकतान्त्रिक पद्धतिबाट प्रदेश २ नै अगाडि बढिरहेको छ । एउटा विधेयकबाहेक सबै विधेयकहरू सर्वसम्मतिबाटै पारित भएको हो । यदि छलफल नभएको भए विधेयकहरू पारित नै हुने थिएन । हरेक विधेयक, नीति तथा कार्यक्रम र बजेटमा प्रतिपक्षहरूसँग छलफल गरेर नै अगाडि बढिरहेको छ । यत्रो लोकतान्त्रिक प्रक्रियाबाट कुनै प्रदेश चलेको छैन ।

**० प्रदेश सञ्चालनका लागि अत्यावश्क पर्ने नाम र स्थायी राजधानी किन टुंगो लाग्न सकेको छैन ?**

– हामीले प्रदेश नाम र स्थायी राजधानीका लागि प्रतिपक्षसँग सहमति खोजिरहेका छौं । नाम र स्थायी राजधानी महत्वपूर्ण एजेन्डा भएकोले यसमा सबैको सहमति आवश्यक छ र त्यहि अनुसार अगाडि बढाएर टुंगो लगाऔं भन्ने पक्षमा सरकार रहेको छ । यस सन्दर्भमा चरणबद्धरूपमा औपचारिक/अनौपचारिकरूपमा छलफलहरू भइरहेको छ । निकट भविष्यमै नाम र राजधानीको बारेमा विधेयक हाउसमा जान्छ । सर्वसम्मत रूपबाट नै हामी प्रदेशसभाबाट पारित गराउने प्रयासमा छौं । त्यसकारण ढिलो भएको हो । विधेयक ल्याउन कुनै समस्या छैन तर सहमति नजुटुञ्जेलसम्म विधेयक संसदमा आउन नसकेको हो ।

**० नाम र राजधानीको विषयमा सहमति जुटाउनका लागि प्रदेशसभामा छलफल गर्नुपऱ्यो नि । तपाइँहरू आयोग बनाएर राय संकलन गर्दा कसरी सहमति जुट्छ ?**

– औपचारिक/अनौपचारिकरूपमा सबै पक्षसँग छलफल भइरहेकै छ । सहमति नजुटेकै कारण हामी अहिलेसम्म विधेयक ल्याएका छैनौं । यस्तो महत्वपूर्ण एजेन्डालाई सर्वस्वीकार्य गर्नका लागि अलि ढिलो भएको हो । तर, चाँडै नै नाम र राजधानीको एजेन्डा हाउसमा जान्छ ।

**० नाम र राजधानी टुंगो लगाउन गठित आयोगको विषयमा पनि विभिन्न विवादहरू देखियो नि ?**

– यो अति महत्वपूर्ण विषय भएको हुनाले हामी आम जनताको पनि विचार बुझ्न खोजेका हौं । त्यो आयोगमार्फत् यो सरकारले जनताको भावना बुझ्न खोजेको हो । निश्चितरूपमा यसको निर्णय त प्रदेशसभाको दुई तिहाइ बहुमतले नै गर्ने हो । त्यसैले यस विषयमा घनिभूत छलफल गरेर आम जनताको भावनालाई बुझ्ने काम गरिएको छ । त्यो आधारमा हामीले नाम र राजधानीको सन्दर्भमा विधेयक प्रदेशसभामा लग्छौं ।

**० सत्तारूढ दलका नेताहरूले 'मधेश प्रदेश' भनिरहेका छन् भने प्रतिपक्षीहरूले 'मधेश' शब्द स्वीकार्ने अवस्था छैन भन्ने चर्चा छ । के भन्नुहुन्छ ?**

– हैन, त्यस्तो छैन । विभिन्न दलका विभिन्न नेताहरूका आआफ्ना धारणाहरू छन् । त्यहीं धारणालाई एकमत गर्नका लागि हामी छलफलमा लागेका छौं । स्वाभाविकरूपमा नामको सन्दर्भमा पार्टीगत हिसावले मधेश प्रदेश राख्ने कुराहरू आइरहेको छ । सर्वस्वीकृत नाम के हुन्छ त्यसमा छलफल गरेर नै टुंग्याउने हो । अधिकांश सांसदहरूको मधेश प्रदेश राख्ने भावना आइरहेको छ । त्यसमा पनि सर्वस्वीकृत नभइसकेकोले अहिलेसम्म विवादजस्तो देखिएको हो ।

**० प्रदेश सरकारले मलेठ घटनाको प्रतिवेदन किन लुकाइरहेको छ ?**

– लुकाउनका लागि प्रतिवेदन बनेको होइन । प्रदेश सरकारले केही दिनमा आफ्नो अनुकूलताको हिसाबले मलेठ घटनासम्बन्धी प्रतिवेदन सार्वजनिक गर्छ ।

**० प्रतिवेदन सार्वजनिक नगर्न तपाइँहरूमाथि केही दबाब छ कि ?**

– हामीमाथि कसले दबाब दिन्छ र । त्यस्तो केही छैन । मलेठ घटनाको सत्य तथ्यसहितको प्रतिवेदन तयार भएको छ । अनुकूलताको हिसावले सार्वजनिक हुन्छ नै ।

**० प्रतिवेदनमा दोषी देखिएका पक्षलाई प्रदेश सरकारले कारबाही गर्न सक्छ ?**

– कारबाहीसहितको सुझाव प्रतिवेदन तयार भएको छ । दोषीलाई कारबाही हुनैपर्छ । कारबाही गर्ने निकायहरू के हुने हो त्यो सरकारले नै निर्धारण गर्नेछ ।

**० मन्त्री-सचिव कुटाकुटको विषयमा के भयो ?**

– त्यो त भर्खर भएको घटना हो । छानबिन समितिले प्रतिवेदन बुझाएको छ । दोषी जो कोहीलाई कारबाही हुन्छ ।

**० तपाइँले सम्हालिरहनुभएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत के कस्ता कामहरू गर्नुभयो ?**

– यो मन्त्रालयलाई भूमि व्यवस्था नराखे पनि हुन्छ । भूमि व्यवस्थासम्बन्धी प्रदेशलाई कुनै काम नै दिएको छैन । यस मन्त्रालयलाई कृषि मन्त्रालय मात्रै भन्दा हुन्थ्यो । यहाँ कृषि र पशुपंक्षीबाहेक कुनै किसिमको जिम्मेवारी यो मन्त्रालयलाई दिइएको छैन । अन्य विषयमा कुनै कार्यक्रम नै भएको छैन । कृषि र पशुपंक्षी क्षेत्रमा प्रदेश सरकारले धेरै कामहरू अगाडि बढाएको छ ।

**० भूमि व्यवस्था नामको लागि मात्रै छ ?**

– नाम मात्रको लागि हो । भूमि व्यवस्थासम्बन्धी कुनै जिम्मेवारी दिइएको छैन । भूमि व्यवस्था सम्बन्धी सबै कुरा संघीय सरकारकै मातहतमा छ ।

**० तपाइँले आफ्नो मन्त्रालय मातहतका जिम्मेवारी किन माग्नु भएन ?**

– हामीले मागेकै छौं । हामीले भू-उपयोग ऐन, गुठी ऐन बनाउँदा संघले रोक लगायो । संघीय ऐन नबनेसम्म नबनाउन निर्देश गरिएको छ । कानून बनाउन सक्ने अवस्था छैन भने कार्य सम्पादनको कुरै नगरौं ।

**० तपाइँको पार्टी अहिले संघीय सरकारको महत्वपूर्ण पक्षको रूपमा रहेको छ । प्रदेश २ लाई संघीय सरकारले अधिकारहरू कटौती गर्दा तपाइँको पार्टी पंक्तिले किन दबाब दिँदैन ?**

– संघीय सरकारमा हाम्रो संघीय समाजवादी फोरम नेपालमा सामेल हुँदाखेरि नै सम्झौता गरेका थियौं । त्यो सम्झौतामा अधिकारका सवालहरू पनि उल्लेख भएको छ । हाम्रो पार्टी पंक्तिले समय-समयमा दबाब दिइरहेकै छ । संविधान संशोधन लगायत हाम्रा अधिकारहरू प्रत्यायोजन भएन भने हामी अन्य विकल्प पनि खोज्न सक्छौं । हामी धेरै दिन पर्खने अवस्थामा छैनौ । प्रधानमन्त्रीलाई हाम्रा पार्टी अध्यक्ष तथा उपप्रधानमन्त्री उपेन्द्र यादवले पनि मागहरूबारे ध्यानाकर्षण गराइरहनु भएको छ । हाम्रो मागप्रति यसरी उदासीनता देखाउँदै गयो भने हामीले पनि ठोस निर्णय गर्न बाध्य हुनेछौं ।

**० जसरी प्रदेश सरकारको यो एकवर्षे कार्यकाल खासै उत्साहजनक रहन सकेन, आगामी दिनका लागि जनतालाई के आश्वासन दिन चाहनुहुन्छ ?**

– गएको एक वर्ष प्रदेश सरकारको उत्साहजनक काम गर्न नसक्नुको मूल कारण अहिले नयाँ संरचना हो । हामीले विभिन्न ऐनहरू बनाउनुपर्ने छ । त्यसमा पनि हाम्रो समय व्यतित भयो । तर, अब आउने दिनमा यो प्रदेशमा सुशासन कायम गर्ने, भ्रष्टाचार अन्त्य गर्ने, प्रदेशलाई समृद्धि र विकासतर्फ डोऱ्याउन प्रदेश सरकार प्रतिबद्ध छ ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# ‘भ्रष्टचारका सन्दर्भमा म मुखमा पानी हालेर बोलिरहेको छैन’

देशवासी दिदीबहिनी तथा दाजुभाइहरू,
आमन्त्रित महानुभावहरू

- गएको जेठ १२ गते सरकार सञ्चालनको एकसय दिन पुगेको सन्दर्भमा मैले भनेको थिएँ- २०७४साल फागुन ३ गते सम्माननीय राष्ट्रपतिज्यूबाट प्रधानमन्त्री पदको सपथ लिइरहँदा मैले कसैलाई हैन तपाईहरूलाई सम्फिरहेको थिएँ। तपाईहरूकै स्नेह, विश्वास र भरोसाका कारण र तपाईहरूकै लागि यो पदमा पुगेकाले मैले तपाईंहरूको नाममा सपथ लिएको थिएँ।
- आज सरकार सञ्चालनको ३६५ दिन पुगेको छ। राष्ट्र निर्माणको नेतृत्वको अभिभारा मलाई दिनुहुने सम्पूर्ण दिदी बहिनी तथा दाजुभाइलाई आज फेरि एकपटक आभार सहित हार्दिक अभिवादन गर्दछु।
- एक वर्षको यस अवधिमा मैले सत्ता सञ्चालनका अप्ठ्यारा र मेरो नेतृत्वमा रहेको सरकारले गरेका कामको स्थितिका बारेमा सरकार सञ्चालनका सय दिन, सरकार सञ्चालनका ५ महिना, बजेट कार्यान्वयनका ६ महिना गरी ३ पटक सार्वजनिक विवरण दिएको छु।
- त्यसैले आज तपाईंहरू सामु राख्ने मेरा अनुभव, पहिलेकै निरन्तरता रहेकोले कतै सुनेको, पहिल्यै भनेको जस्तो पनि लाग्न सक्छ।
- स्मरण गरौं, गत वर्ष आजको दिन। आम निर्वाचन सकिएको ३ महिना वितेको थियो। जनमतले ‘तिम्रो मिति पुग्यो’ भनेकाहरू अझै सरकारमै थिए। झण्डै दुईतिहाई जनमत सहित शासनको वागडोर सम्हाल्न तयार रहेको मेरो नेतृत्वको गठबन्धनलाई बैध सत्ता हस्तान्तरण गर्न त्यो पक्ष आनाकानी गरिरहेको थियो। तीन महिनादेखि कानुनका नौवटै सिङले हाम्रो लोकतन्त्रलाई बारम्बार उधिनीरहेको थियो। आम जनमत ‘अब त अति भयो’ भन्ने तहमा थियो। जिम्मा लिने पक्ष तयार थियो, तर छोड्नु पर्नेमा भने ‘यो के अनर्थ भयो’ भनेजस्तो विस्मयकारी मनस्थिति कायमै थियो।
- यही स्थितिलाई सङ्केत गर्दै मैले भनेको थिएँ, ‘अनर्थ हैन- यो नयाँ जनमत हो। यो त आयो। आयो है भन्ने बुझ्नुस् र त्यही अनुरूपको बानी बसाल्नुस्’
- त्यतिखेर, हामीले अपनाएको जटिल निर्वाचन प्रणालीबाट ‘कुनैपनि दलको स्पष्ट बहुमत आउँदैन, त्रिशंकु संसद अनिवार्य’ भन्ने आम धारणा थियो। वर्षौको भद्रगोल गठबन्धन र अल्पकालीन योजनामा हुने गरेको शासन सञ्चालनबाट वाक्क भएका नेपाली जनताले हामीले चुनावी तालमेल गरेको टिमलाई अत्यधिक मतले जिताएर बलियो सरकार बनाए। निर्वाचन प्रणाली त्यस्तो, तर त्यसबाट विश्वलाई नै आश्चर्यमा पार्ने परिणाम आयो यस्तो !
- आज म सम्फिरहेको छु- एक बर्षअघि जिम्मेवारी सम्हाल्दा संघ, प्रदेश र स्थानीय तहको संवैधानिक व्यवस्था त हामीसँग थियो। तर तद्नुरूपका संरचनाहरू थिएनन्। स्थिति यस्तो देखिन्थ्यो- राजधानी तोकिएको छ, प्रदेश प्रमुखको कार्यालय छैन। संसद छ, भवन छैन। अगाडी कामका डङ्गुर छन् तर जनशक्ति छैन, कानुन छैनन्, कार्यविधि, आर्थिक कार्यप्रणाली र वित्तीय व्यवस्था केही नै छैन।
- हामी छिट्टै भुल्छौं र किन यसो भएन र त्यसो भएन भन्न थाल्छौं। हाम्रो अतीत ‘हिंड्दैछ, पाइला मेट्दैछ’ हुनुहुन्न। एकचोटी सोचौं त, कस्तो अवस्थामा हामीले सत्ताको जिम्मा लियौं र अहिले हामी कहाँ छौं?जटिल निर्वाचन प्रणाली हुँदाहुँदै पनि, अढाई दशक पछि बल्ल एउटै पार्टीको बलियो सरकार निर्माण भएको छ। राजनीतिक संक्रमणकालको गोलचक्कर अन्त्य भएर**स्थिरता कायम** भएको छ। यसबाट अल्पकालीन प्रतिफलदिने कार्यमा मात्र केन्द्रित नभएर दीर्घकालीन विकास योजना सञ्चालन गर्न बलियो आधार तयार भएको छ। यस्तो परिस्थिति सिर्जना हुँदा खिन्न हुनुभन्दा उत्साहित हुनुपर्ने हैन र?
- मैले गत पुस २२ गते प्रतिनिधि सभालाई सम्बोधन गर्दा भनेको थिएँ- ‘आज हामी मात्र एउटा सरकारलाई विस्थापन गरी बनेको अर्को सरकार सञ्चालन गरिरेहको छैनौं, ठूलो परिवर्तन पछिको नयाँ स्थितिमा छौं। यस्तो स्थिति २०१५ सालमा आयो, राणा शासन अन्त्यपछिको आम निर्वाचनबाट। यस्तो स्थिति २०४८ सालमा आयो, पञ्चायती शासन अन्त्यपछिको निर्वाचनबाट। यो परिवर्तन, एकात्मकताबाट- संघीयता, प्रजातन्त्रको औपचारिकताबाट- सहभागितामूलक लोकतन्त्र र राजतन्त्रात्मक प्रणालीबाट- गणतन्त्रमा प्रवेश गरेको नयाँ प्रणाली हो। संघीय- लोकतान्त्रिक- गणतन्त्र हो।’
- २००७ सालमा राजनीतिक परिवर्तन भयो। २०१३ मा लोकतन्त्रका संस्थाहरूको आधार तयार गरियो। अहिले हामी बिल्कुलै नयाँ प्रणाली, नयाँ परिपाटी र नयाँ संविधान कार्यान्वयनकोचरणमा छौं। यस नयाँ प्रणाली भित्र अहिले संघीयता, तीन तहका सरकार र शक्तिपृथकीकरण मात्रै होइन- सहभागिता र समावेशिता पनि अटाएको छ। हाम्रो लोकतन्त्र भनेको बोल्ने, लेख्ने राजनीतिक अधिकारमा मात्रै सीमित लोकतन्त्र हैन, सामाजिक न्याय, समानता, सुरक्षा र सम्मान सहितको ‘परिपूर्ण लोकतन्त्र (कम्प्रिहेन्सीभ डिमोक्रेसी)’ हो। तर केही मानिसहरूमा विचारधारात्मक आग्रह/पूर्वाग्रह देखिंदैछ। जनतालाई सबै हिसावमा सार्वभौम तुल्याउने र उनीहरूलाई सवल बनाउने हाम्रो अभियानबाट ध्यान बराल्न ‘लोकतन्त्र खुम्चिन थाल्यो, अधिनायकवाद आयो’ भन्ने अफवाह फैलाईंदै छ। फैलिंदो र फैलिएको परिपूर्ण लोकतन्त्रलाई खुम्चिएको देख्नु आश्चर्य लाग्दो दृष्टिदोष हो। म स्पष्ट पार्न चाहन्छु, लोकतन्त्र हाम्रा लागि अदर्श हो, थितियुक्त, सुसंगत र परिष्कृत व्यवस्था हो- जिविका चलाउने व्यवसाय हैन।
- त्यसैले यस सरकारले, यसवर्षको कार्भभारलाई राज्यको संरचनागत व्यवस्थापनको वर्षको रूपमा उल्लेख गरेको हो। वितेको यो वर्षलाई मैले आगामी ५ वर्षको मात्रै नभई भविष्यको पनि आधार वर्षभनेको हुँ। आज गरिने काम भविष्यका लागि आधार हो। र, राजनीतिक स्थीरतालाई मैले समृद्धि तर्फको यात्राकालागि एउटा आधार मानेको छु।
- जगखन्दा तल्ला र छानाको परिकल्पना त गरिन्छ। तर कसैले जगलाई नै हेरेर खै त चोटा/कोठा, खै छाना भन्यो भने कसको के लाग्छ?मैदान सम्याउन र जग बसाल्न अवरोध गर्नेहरूले नै ‘खै घर बनाएको’ भनेर गरिएका प्रश्नलाई अहिले हामी सामना गरिरहेका छौं।
यस्ता प्रश्नमा प्रतिक्रिया किन दिउँ भन्ने म ठान्दछु।
- अहिले **संघीयता कार्यान्वयन**मा आएको छ। त्यही जगमा**सहभागितामूलक शासकीय प्रणाली**को आधार तयार भएको छ। स्थानीय तहसम्मै शक्ति हस्तान्तरण गरिएको छ। संघीयता र शक्ति हस्तान्तरणको अभ्यास सजिलो होईन भन्ने त हामी सबैले बुझ्केहुनुपर्छ। गाविस/नगरपालिका सञ्चालन गरेर आएका हाम्रा राजनीतिक कार्यकर्ताहरूमा स्थानीय ‘सरकार’को रूपमा स्थापितअहिलेका ‘पालिका’हरू सञ्चालनको व्यवहारिक ज्ञान कम हुनु अस्वभाविक होइन। एकात्मक प्रणालीको संसदको अनुभव भएका हाम्रा जन प्रतिनिधिहरूमा संघीयता अनुरूपको अभ्यास कस्तो हुने भन्नेमाद्विविधा हुनु अनौठो होइन। प्रदेशसभा हाम्रा लागि विल्कुल नयाँ अनुभव हो, यसको थिति बसाल्न कडा परिश्रम गर्नु परिरहेको छ।
- त्यसैले मेरो नेतृत्वको अन्तर प्रदेश समन्वय परिषदले संघीयता कार्यन्वयन सहजीकरण कार्ययोजना कार्यान्वयनमा ल्याएको छ। वित्तीय संघीयता कार्यान्वयनको काम बढी प्राविधिक विषय हो। तर यस अवधिमा त्यो कार्यान्वयन भइसकेको छ।
- मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनमा लाग्ने अन्त:शुल्कको १५/१५ प्रतिशत प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने गरी राजस्व बाँडफाँटको विस्तृत आधार र ढाँचा निर्धारण गरिएको छ। प्रदेश र स्थानीय तहले प्रत्येक महिनाको १५ गते भित्र राजस्व बाँडफाँट वापतको रकम प्राप्त गर्ने व्यवस्था मिलाइएको छ।
- प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र राजश्व क्षमताको आधारमा सूचक निर्माण गरी संघीय सञ्चित कोषबाट प्रदेश तहमा कुल बजेटको ३.८ प्रतिशत र स्थानीय तहमा कुल बजेटको ६.५ प्रतिशत वित्तीय समानीकरण अनुदान उपलब्ध गराइएको छ।
- नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहलाई हस्तान्तरण गर्ने सशर्त अनुदानका आधारहरू तयार गरी प्रदेश तहमा कुल बजेटको ४.८ प्रतिशत र स्थानीय तहमा कुल बजेटको ८.२ प्रतिशत स्रोत सहित आर्थिक वर्ष २०७५/७६ मा कार्यक्रम/आयोजनाहरू कार्यान्वयनका लागि हस्तान्तरण गरेको छ।
- प्रदेश र स्थानीय तहलाई समपूरक अनुदान र विशेष अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि स्वीकृत भएको छ। दुवै प्रकारका अनुदानका लागि प्रदेश र स्थानीय तहलाई २० अर्व रूपैयाँ बजेट व्यवस्था गरिएको छ।
- प्रदेश र स्थानीय तहको घाटा बजेट व्यवस्थापन गर्न आन्तरिक राजश्व र राजश्व बाँडफाँटबाट प्राप्त हुने रकमको योगफलको १० प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण परिचालन गर्न सक्नेगरी सीमा निर्धारण गरिएको छ।
- प्रदेश र स्थानीय तहका सञ्चित कोषहरू तथा संघ, प्रदेश र स्थानीय तहका राजश्व बाँडफाँटका विभाज्य कोषहरू सञ्चालनमा आएका छन्।
- सार्वजनिक खर्च व्यवस्थापनलाई सहज बनाउन संघका विषयगत मन्त्रालयहरूबाट प्रदेशमार्फत खर्च गर्नेगरी अख्तियारी दिइएका कार्यक्रम र आयोजनाहरूको भौतिक र वित्तीय प्रतिवेदन संघका विषयगत मन्त्रालयमा गर्ने व्यवस्था मिलाइएको छ। प्रदेश मन्त्रालयहरूबाट संघका कार्यालयहरू मार्फत खर्च गर्नेगरी अख्तियारी दिइएका कार्यक्रम र आयोजनाहरूको भौतिक र वित्तीय प्रतिवेदन प्रदेश मन्त्रालयमा गर्ने व्यवस्था मिलाइएको छ।
- अन्तरप्रदेश वित्त परिषद्ले वित्तीय संघीयता कार्यान्वयनमा देखिएका समस्या समाधानकालागि सहजिकरण गरेको छ।
- प्रदेश तथा स्थानीय तहलाई संघीयताको मान्यता अनुरूप सबल र सक्षम बनाउन र तिनीहरूका बीचमा हुने कार्यगत पक्षलाई समन्वय गरी एकरूपता कायम गर्न प्रदेश तहका लागि १७ र स्थानीय तहका लागि आवश्यक २१ वटा कार्यविधि/मार्गदर्शन/निर्देशिकाहरूको नमूना तयार गरी पठाइएको छ। योजना तथा बजेट, एकीकृत सम्पत्ति कर, न्यायिक समितिको कार्यसञ्चालन, खरीद तथा सार्वजनिक वित्त जस्ता विषयमा स्थानीय तहका ५१ हजार ४ सय ६५ जना पदाधिकारी र कर्मचारीहरूलाई प्रशिक्षित गरिएको छ।
- संघमा २२ मन्त्रालय, १२ वटा संवैधानिक निकाय, ५४ विभाग र विभाग स्तरका कार्यालयहरू, ४ अन्य आयोग/सचिवालय सहित १ हजार ८१ कार्यालय कायम गरिएको छ। प्रदेश स्तरमा ७/७ वटा मन्त्रालय, १/१ प्रदेशसभा सचिवालय, १/१ प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय लगायतका निर्देशनालयहरू, ६३ वटा निर्देशनालय र ७ सय १७डिभिजन र कार्यालयहरू कायम गरिएको छ।स्थानीय तहलाई १० प्रकारमा वर्गीकरण गरी ७ सय ५३ तहको संगठन संरचना स्वीकृत गरिएको छ।
- संघ, प्रदेश र स्थानीय तहमा आवश्यक जनशक्ति व्यवस्थापन गर्न संघमा कूल ४७ हजार ९ सय २०, प्रदेशमा कूल २२ हजार ६ सय ८५ र स्थानीय तहमा ६६ हजार ७ सय ६६ गरी कूल १ लाख ३७ हजार ३ सय ७१ जना कर्मचारी दरबन्दी कायम भएको छ। जटिल मानिएको कर्मचारी समायोजनको अधिकांश कार्य सम्पन्न भएको छ।
- **कानुनहरूको निर्माण** यस वर्षको अर्को **आधार हो।**संविधान, हाम्रो मूल कानून हो। त्यसले जे जे भनेको छ, त्यसलाई कार्यान्वयनमा ल्याउनु सरकारको दायित्व हो। संविधान बनेपछि म पहिलो पटक प्रधानमन्त्री भएँ, ९ महिना नपुग्दै हटेँ। ०७५ भदौ १ गतेबाट मुलुकी संहिताहरू लागु हुनुपर्ने र असोज २ भित्र संविधानको धारा १६ देखि ४८ सम्मका मौलिक हक कार्यान्वन गर्ने कानून निर्माण हुनुपर्छ भन्ने मैले सरकार छोडेपछिका सरकारलाई पनि थाहा थियो। जतिखेर म सरकारमा आएँ, मुलुक ती कामहरू कार्यान्वयन गर्ने सरकारको प्रतीक्षामा थियो।संविधानमा लेखिएका कुराहरू एउटा गीत ‘....यो त भन्ने कुरा न हो’ भनेजस्तो हैन, गर्ने कुरा हो भन्ने विश्वास जनतामा जगाउनु मेरो कर्तव्य थियो। त्यसैले मेरो नेतृत्वको सरकारले सरदर ५ दिनमा एउटा विधेयक मस्यौदा गरी त्यो लक्ष्यलाई पुरा गऱ्यो।
—अहिले, मौलिक हक कार्यान्वयन सम्बन्धि १६ कानून निर्माण भइ कार्यान्वयनमा आएका छन्।
— सरकारको १ वर्षको यस कार्यकालमा २५ कानून संघीय संसदबाट पारित भइसकेका छन्। ५ अध्यादेशहरू जारी भएका छन्। २३ विधेयकहरू संघीय संसदमा प्रस्तुत भई विचाराधीन छन्। २४ विधेयकहरू संघीय संसद समक्ष प्रस्तुत गर्न अन्तिम तयारी भइरहेको छ।
— ४७ नियमावलीहरू र ७ गठन आदेशहरू जारी भएका छन्। एक वर्षमा ३३ निर्देशिका, कार्यविधि र मापदण्ड जारी भएका छन्।
— हाल कार्यान्वयनमा रहेका ३३९ कानून मध्ये संविधानले नचिन्ने कानूनलाई संविधान सम्मत तुल्याउने, संविधानले माग गरे बमोजिम नयाँ कानून निर्माण गर्ने,संविधान सम्मत नभएका १६५ ऐन संशोधनको प्रक्रियामा छन्।
— नेपाल पक्ष भएका विभिन्न ९५ बहुपक्षीय तथा द्विपक्षीय अन्तराष्ट्रिय सन्धि सम्झौता सम्पन्न भएका छन्। द्विपक्षीय, बहुपक्षीय सन्धि सम्झौता, दातृ संघ-संस्थाहरूसँग सम्पन्न गरिने (ऋण तथा अनुदान) सम्झौताका १०८ मस्यौदा तयार भएका छन्।
- राजनीतिक अधिकारका मुद्दाहरू आधारभूत रूपमा हल भएकोले मुलुकमा अहिले समृद्धिको तिर्खा छ। त्यसैले मैले यस सरकारको प्रतिवद्धता ‘समृद्ध नेपाल, सुखी नेपाली’ भन्ने गरेको हुँ।
- अहिले, पहिले कहिल्यै भन्दा **लगानी प्रवर्द्धनका लागि उपयुक्त वातावरण सिर्जना** भएको छ। श्रम कानूनमा परिमार्जन सहित लगानीमैत्री वातावरण निर्माणका लागि आवश्यक पर्ने विभिन्न १३ ऐन, नियम, निर्देशिका निर्माण/परिमार्जनको प्रक्रिया अगाडि बढाइएको छ।



राष्ट्रवासीलाई सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा ओली

- लामो समयदेखि संशोधन र परिमार्जन हुन नसकेको विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विधेयक संसदमा दर्ता हुँदैछ।
- सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, औद्योगिक व्यवसाय ऐन, विदेशी विनिमय (नियमित गर्ने) ऐन लगायतका कानूनहरूलाई लगानी अनुकुल हुने गरी परिमार्जन गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ।
- ऊर्जा उत्पादन र प्रशारणका ठूला परियोजनाहरू निर्माण, औद्योगिक क्षेत्रको विस्तार, विशेष आर्थिक क्षेत्र स्थापना गरी लगानी अनुकुल वातावरण निर्माण गर्न सरकार क्रियाशील रहेको छ।
- उद्योग दर्ता देखि वहिर्गमन सम्मका सेवा सुविधाहरू एकै स्थानबाट उपलब्ध गराउने एकल विन्दु सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्ने तयारी पूरा भएको छ।
- सरकार, अहिले स्वदेशी मात्रै हैन, ग्लोवल लागनीकर्ताहरूलाई समेत नेपालमा लगानीको लागि अव्हान गरिरहेको छ। स्वीट्जरल्याण्डको डावोसमा विश्व आर्थिक मञ्चमा स्थापनको ५० वर्षमा पहिलो चोटी नेपालका प्रधानीमन्त्रीलाई आमन्त्रण गरिनुलाई पनि यसै सर्न्दमा लिन सकिन्छ।
- प्रधामन्त्रीको अध्यक्षतामा ‘उद्योग-वाणिज्य प्रवर्द्धन सम्वाद परिषद्’ गठन भएको छ। यसमार्फत आर्थिक एवं पूर्वाधार विकासका क्षेत्रमा निजी क्षेत्रको सहभागिता प्रोत्साहन गरिएको छ।
- स्वायत्त थिङ्क ट्याङ्क संस्थाको रूपमा ‘नीति अनुसन्धान प्रतिष्ठान’ स्थापना गरिएको छ।
- गत पुस २२ गते प्रतिनिधि सभामा सम्बोधन गर्दा मैले केही तथ्याङ्क उल्लेख गरेको थिएँ। मेरा भनाईलाई अङ्कमा हैन भावमा सुन्न रूचाउनेहरूले ‘प्रधानमन्त्रीले तथ्याङ्क’ बोल्ने भन्दै प्रश्न गर्नु भयो। जसलाई सरकारले गरेका प्रगतिले पोल्यो, उनीहरूले त्यसलाई ‘मिथ्याङ्क’को रूपमा होहल्ला गरे। यस्तो सुनिन्थ्यो, नेपाल भन्ने एउटा यस्तो मुलुक छ, जहाँका जनताको नियति भनेकै विग्रेको, भत्केको, उजाडिएको सुन्नु हो। यो मुलुकमा प्रगतिको अङ्क बोल्ने? त्यो त तथ्याङ्क नै हैन, मिथ्याङ्क हो ... ।
- आज जे भइरहेछ, त्यसलाई म कसरी उल्लेख नगरौं?तसर्थ यसवर्षका प्रगति केही पक्ष अत्यन्त संक्षेपमा चर्चा गर्ने अनुमति चाहन्छु।
- त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थल दैनिक २२ घण्टा सञ्चालन हुन थालेको छ। यस अवधिमा धनगढी र चन्द्रगढी सहित ६ वटा विमानस्थलवाट रात्री सेवा सुरू गरिएको छ। गौतम बुद्ध अर्न्तराष्ट्रिय विमानस्थल २०१९ जुनमा परिक्षण उडान तथा सेप्टेम्बरबाट सञ्चालनमा ल्याउने गरी तीव्र गतिमा निर्माणको काम भैरहेको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल तोकिएको समयभन्दा अगाडी सन् २०२० सम्म सम्पन्न गर्नेगरि काम भैरहेको छ। निजगढ अर्न्तराष्ट्रिय विमानस्थल निर्माणका लागि ११० विघा जग्गामध्ये ६५ विघा जग्गा अधिग्रहण भैसकेको छ।
- ऊर्जाको क्षेत्रमा ऊर्जा व्याङकिङ्, लगायतका दूरगामी प्रभाव पार्ने खालका निर्णय र सम्झौताहरू भएका छन्। यहि अवधिमा करिब ३ लाख विद्युत उपभोग गर्ने ग्राहक थपिएका छन्। प्रतिव्यक्ति विद्युत खपत १७७ किलोवाट घन्टाबाट बढेर २०० किलोवाट घन्टा पुगेको छ।माथिल्लो तामाकोशी जलविद्युत परियोजनाको काम अन्तिम चरणतर्फ पुगेको छ। अरूण तेस्रो जलविद्युत आयोजनाको निर्माण कार्य शुरू भएको छ। भेरी-बबई डाइभर्सन आयोजनाको यो एक बर्षमा ८ किलोमिटर सुरुङ निर्माण भएको छ।
- यो बर्ष मात्रै ४९७ किलोमिटर नयाँ सडक निर्माण भए। ५८९ किलोमिटर ग्रामीण सडकको स्तरोन्नति भयो। जसमध्ये २२१ किमि सडक कालोपत्रे गरिएको छ। ७ हजार ५ सय किलोमिटर सडक मर्मत गरिएका छन्। ८७ वटा पक्कि मोटरेबल पुल निर्माण सम्पन्न भयो। ४१७ वटा झोलुङ्गे पुल बनाइए।
- मैले नै शुरू गरेको तुईन विस्थापित गर्ने अभियान अन्तिम चरणमा पुगेको छ। यसवर्ष लगभग हरेक ३ दिनमा एउटाका दरले तुईन विस्थापन भएको छ।
- यस तथ्यले हाम्रो विकासको शासकीय क्षमता बृद्धि हुँदै गएको र निजी क्षेत्रको लगानीको लागि अनुकुल वातावरण निर्माण भएको संकेत गर्दछ। बीरगञ्ज स्थित एकीकृत भन्सार जाँच चौकी गएको वर्षको अप्रिल ७ देखि संचालनमा आएको छ।
- खै लगानी आएको? खै त उद्योग? भन्नेहरूलाई यत्ति चाँहि भनौं, यस अवधिमा ४ सय ९९ वटा उद्योग दर्ता भई जम्मा १खर्व ९८ अर्व रूपैयाँको लगानी प्रस्ताव भएको छ। विदेशी लगानीतर्फ ४ सय १६ वटा उद्योगले अनुमति लिई ५१ अर्व ८३ करोड रूपैयाँको लगानी प्रस्ताव भएको छ।
- मैले पटक पटक हाम्रा पुर्खाको वौद्धिक क्षमता र हाम्रो भूभागको भौगोलिक, जैविक लगायतका विविधता, प्राकृतिक स्रोतको सम्पन्नता बारे चर्चा गर्ने गरेको छु। हाम्रो खनिज क्षमताको चर्चा गरिरहँदा एकजना हितैषिले भन्नु भयो- ‘ल्हासामा सुन छ कान मेरो बुच्चै’, भाषणले हुन्छ?
- हो, भाषणले मात्र हुँदैन। गर्नुपर्छ। गर्न तयार हुनुपर्छ। नगर्नेका लागि केही पनि हुँदैन, गर्नेका लागि आँखाले नदेख्ने हावा पनि आम्दानीको रूपमा उपस्थित हुन्छ।
- मैले हिजो १ गते विश्व स्तरको एउटा वायो साइन्स कम्पनीको उद्घाटन गरेँ। त्यसले हावाबाट ‘भाइरस’ उत्पादन गर्छ र त्यसलाई भ्याक्सिनको रूपमा पोको पारेर विदेशमा निर्यात गर्छ। त्यसले वायो साइन्स अध्ययन गरेका स्नातकहरूलाई रोजगारी दिन्छ।
- नवलपरासीको धौबादीमा करिव १० करोड मेट्रिक टन फलामको धाउको भौगर्भिक भण्डार पहिचान भएको छ। भन्न सकिन्छ, पहिचान भयो त के भयो? त्यसले के दिन्छ? म विनम्रतापूर्वक जानकारी गराउन चाहन्छु- चीनमा गरिएको मेटालर्जिकल परीक्षणमा उक्त धाउबाट स्पोन्ज आइरन उत्पादन गर्न सकिन्छ। यसबाट के के गर्न सकिन्छ, भनिरहनु पर्ला र?
- विशाखापट्नम वन्दरगाह र बीरगञ्जका बीच निकासी पैठारी गरिंदा विद्युतीय कार्गो ट्र्याकिङ प्रणाली मार्फत सोझै बीरगञ्जमा क्लियरेन्सको व्यवस्था भएको छ। यसै महिनादेखि कोलकाता र हल्दिया बन्दरगाहबाट रेलमार्फत हुने पैठारीमा विद्युतीय कार्गो ट्र्याकिङ शुरू हुँदैछ।
- पेट्रोलियम पदार्थको ढुवानीमा हुने गरेको चुहावटलाई नियन्त्रण गर्न भारतबाट आउने सबै विन्दुहरूमा पेट्रोलियम ट्याङ्करहरूको लकिङ प्रणाली लागूभइसकेको छ।
- गएको माघ ३ गते चोभारमा कन्टेनर फ्रेट डिपो निर्माण कार्यको शिलान्यास भएको छ। आजैबाट हरेक नेपालीलाई विद्युतको शेयरधनी बनाउने लक्ष सहित ‘नेपालको पानी- जनताको लगानी’ कार्यक्रम शुरू भएको छ।
- मैले प्रतिनिधिसभामा सम्बोधन गर्दा केही दर्जन परियोजनाको शिलान्यास र उद्घाटन माघ महिनाभित्र भइसक्ने बताएको थिएँ। त्यहाँ प्रस्तुत गरिएका विवरण म यहाँ दोहाऱ्याउन गइरहेको छैन।
- एकजना शुभचिन्तकले गर्नु भएको प्रश्न याद आइरहेको छ- तपाईंलाई सुन्दा मुलुकमा केही भइरहेको महसुस हुन्छ। तर तपाईंले जे भनिरहनु भएको छ नि, हो त्यसलाई अरूहरूले किन पत्याइरहेका छैनन् त?
- प्रश्न गहिरो हो। अरू भनेका को र कस्ता हुन् मैले जिज्ञासा राखिनँ। एउटा प्रतिप्रश्न गरेँ- खाली भाँडो थियो,त्यसलाई मैले आधा भरेँ। म जेलाई आधा भरी भनिरहेको छु, प्रश्नकर्ताहरू त्यसैलाई आधा खाली भनिरहेका छन् त कसरी स्पष्ट पारौं?
- हाम्रो एउटा अनौठो बानी छ, ९/९ महिनामा नयाँ सरकार हेर्ने। सरकार बनेको ३ महिना चुप लाग्ने, अर्को तीन महिना खै त काम भन्ने र ९ औं महिनामा सरकार फाल्ने। यस्तो बानी परेका हामीहरूलाई सरकारले कामै गरेर एक बर्ष कटायो भन्दा पनि अनौठो लागेको हुनसक्छ भन्ने म अनुमान गर्न सक्दछु। आज जे जे प्रश्नहरू म सुनिरहेको छु, ती ‘नौ-महिने’ अनुभवमा आधारित प्रश्नका सार पो हुन् कि? यदि यस्तै हो भने- विनम्र अनुरोध गर्दछु, बानी फेरौं। नयाँ बानी पारौं।
- पदार्थले चेतना दिन्छ। बस्तु नदेखि त्यसको आकार आँकलन कमैले मात्र गर्न सक्छ। त्यसैले पनि हुनसक्छ नेपालमा पानीजहाज, जल परिवहन र रेल यातायातको चर्चा गर्दा ‘यस्तो पनि भन्ने’ जस्ता प्रश्न उठे।
- हवाइजहाजले यस धर्तीलाई परिक्रमा गरेको गऱ्यै छ। समुद्रमा जहाज कुदेको कुदै छ, नदीहरूको बाटो हुँदै तिनीहरूले फन्को मारिनै रहेकाछन्। हामी पनि चलाऊँ न भन्दा सपना मात्रै किन ठानिन्छ?
- के यी हाम्रा योजनाहरू, नारायण गोपाल-अरूणा लामाले गाएको गीत जस्तो- ‘... त्यो तारा मात्रै हैन, जुन पनि झारी दिउँला’ भने जस्तो हो र?
- आज विहान मात्रै मैले पानीजहाज कार्यालय उद्घाटन गरेँ। त्यो रमाइलोका लागि हैन, जहाज चलाउनकै लागि हो। भोलिबाट फेरि कसैलाई गिज्याउन मन लाग्ला र भनिएला-‘अड्डा खुलेछ, टिकट काट्न जाऔं कि?’म पनि ठट्टा गरौं? ‘त्यो टिकट काट्ने अड्डा हैन। नजानुस् ।टिकट काटेर जहाज चढ्ने दिन पनि आउँछ। खवर मैं गरौंला।’
- यो एक वर्षमा हाम्रो **छिमेक नीति र परराष्ट्र नीति**मा उल्लेखनीय प्रगति भएको कुरा धेरथोर आमसञ्चार माध्यमहरूले पनि चर्चा गरेकै छन्। ‘सबैसँग मित्रता, कसैसँग पनि छैन शत्रुता’को नारामा नेपालले आफ्नो परराष्ट्र सम्बन्ध सुमधुर बनाएको छ। विश्वमा देखिने गरी आफ्ना भनाई अघि सार्दै सन्तुलित परराष्ट्र नीति अघि बढाएको छ। अन्तर्राष्ट्रिय जगतमा नेपालप्रतिको विश्वास र आकर्षण बढेको छ।
- यस वर्ष सम्माननीय राष्ट्रपतिज्यूको कतार र पोल्याण्डको भ्रमण भयो। त्यहाँ पनि लगानीकै कुरा भयो। सम्माननीय उपराष्ट्रपतिज्यू सत्रौं पश्चिमी चीन अन्तर्राष्ट्रिय मेलामा सहभागी हुनुभयो।
- मेरो भारत भ्रमण र भारतका प्रधानमन्त्रीको नेपाल भ्रमणबाट दुई देश बीचको सम्बन्ध नयाँ उचाइमा पुगेको छ। दुईमुलुक बीचका केही थाती रहेकासमस्याहरू समाधान हुँदै गएका छन्। सहयोगमा सञ्चालित आयोजनाहरूको कार्यान्वयनले गति लिएको छ। दुई देशबीच कृषि, रेलमार्ग र अन्तरदेशीय जलमार्गका क्षेत्रमा सहयोग अघि वढाउने सहमति हुनुका साथै थप सहयोगका क्षेत्र विस्तार भएका छन्।
- मेरो चीन भ्रमणको अवसरमा चीनका राष्ट्रपति तथा प्रधानमन्त्रीसँग भएका महत्वपूर्ण भेटघाट एवम् वार्ताबाट रेल्वे, कनेक्टिभिटी र ऊर्जा क्षेत्रसँग सम्बन्धित आयोजनाहरूमा सहयोग आदान प्रदान गर्नेविभिन्न १४ समभ्कदारी तथा सम्झौता भएका छन्।
- यस वर्ष मैले संयुक्त राष्ट्रसंघको ७३ औं महासभालाई सम्बोधन गरेँ। विश्व शान्ति, अन्तर्राष्ट्रिय सुरक्षा, मानव अधिकार र दीगो विकासलगायतका विषयमा नेपालको धारणा राखेँ। हामी आफैँले नेतृत्व गरेको मौलिक प्रकृतिको शान्ति प्रक्रिया आधारभूत रूपमा टुङ्गिएको मैले स्मरण गराएँ। नेपालको यो अनुभव, द्वन्द्वमा फसेका मुलुकहरूका लागि अनुकरणीय सन्दर्भ हुनसक्ने विश्व जनमत रहेको मैले पाएँ। द्वन्द्व व्यवस्थापन, शान्ति प्रक्रिया, विशिष्ट प्रकृतिको निर्वाचन प्रणाली र अन्त्य भएको राजनीतिक संक्रमणकाल जस्ता प्रगति दुनियाँलाई आश्चर्य नै पार्ने प्रकृतिको मैले पाएँ।
- यसै विषयलाई लिएर उटपट्याङ टिप्पणी गरियो, त्यो पनि पढ्न/लेख्न जान्ने, आफूलाई ‘ओपिनियन मेकर’ भन्न रूचाउनेहरू बाट। अघि बढिरहेको आफ्नो मुलुक ओरालो लागेको र स्वाधीन देश परनिर्भर रहेको सन्देश सम्प्रेषण गरेर रमाउने यस्तो प्रवृत्ति देख्दा दु:ख लाग्छ।
- कोष्टारिकाको औपचारिक भ्रमणबाट त्यस मुलुकसँगको सम्बन्धमा नयाँ आयाम थपिएको छ। सान होसेमा रहेको शान्ति विश्वविद्यालय (युनिभर्सिटी फर पिस) स्थापना गर्ने अन्तर्राष्ट्रिय सम्झौतामा नेपाल पक्ष राष्ट्र बन्यो। यस भ्रमणका अवसरमा मैले संयुक्त राष्ट्रसंघको **युनिभर्सिटी फर पिस**मा आयोजित कार्यक्रमलाई सम्बोधन गरेँ। नेपालको शान्ति प्रक्रियाको बारेमा अन्तर्राष्ट्रिय जगतलाई जानकारी गराएँ विश्वविद्यालयले नेपालको प्रधानमन्त्रीलाई सम्मान गऱ्यो।
- यसै वर्ष श्रीलंका र म्यानमारका राष्ट्रपति, बंगलादेश, पाकिस्तान, कम्बोडिया र थाइल्याण्डका प्रधानमन्त्रीले नेपालको भ्रमण गर्नुभयो। द्विपक्षीय सम्बन्ध विस्तार गर्ने क्रममा परराष्ट्रमन्त्रीस्तरमा भारत, चीन, पोर्चुगल, वेल्जियम, लक्जेम्वर्ग, अष्ट्रिया, जापान र संयुक्त राज्य अमेरिकाको भ्रमण भएको छ।
- काठमाडौंमा बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) का राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरूको चौथो शिखर सम्मेलन सम्पन्न भयो।
- म यहाँ भ्रमणहरूका विवरण उल्लेख गरी समय खर्चन चाहन्न। यत्ति चाहिँस्पष्ट पार्न चाहन्छु- यी भ्रमणहरू मार्फत नेपालले आफ्ना विषयहरूमा दुनियाँलाई प्रष्टाउने मौका पाएको छ।
- नेपाल मानवअधिकार परिषद्को एसिया तथा प्रशान्त क्षेत्रको संयोजकमा छनौट भएको छ। संयुक्त राष्ट्र संघीय विभिन्न संस्थाहरूमा सदस्यका लागि हुने निर्वाचन/पुन:निर्वाचनमा उम्मेदवारी प्रस्तुत गरेको छ।
- सेन्ट किट्स एण्ड नेभिस, रूवान्डा, माडागास्कार र सुरीनामसँग हाम्रो कूटनीतिक सम्बन्ध स्थापना भएको छ।
दिदीबहिनी, दाजुभाइहरू,
- **समग्र आर्थिक क्षेत्रको अवस्था**ले हामीलाई खिन्न तुल्याउँदैन। म आँकडा बोल्न रूचाउँदिन तर कतिपय तथ्यलाई मिथ्यको रूपमा बड्याइएकोले विगतमा उल्लेख गरिएका केही पक्ष यहाँ चर्चा गर्नु सान्दर्भिक ठान्दछु।
- चालु आर्थिक वर्षको ६ महिनामा आर्थिक वृद्धि ६.७ प्रतिशत छ। यस आर्थिक वर्षको अन्त्यसम्म आर्थिक वृद्धिदर ७ प्रतिशतभन्दा माथि हुनेमा विश्वस्त हुन सकिन्छ। धेरैलाई आश्चर्य लाग्नेगरी यस आर्थिक वर्षको ६ महिनामा औसत महंगी ४.२ प्रतिशतमा सीमित छ।
- यहींनेर ‘महंगी अचाक्ली बढ्यो। के यही दिन देख्न हामीले लोकतन्त्र ल्याएका थियौं?’ जस्ता तर्क गर्नेसँग थोरै सम्वाद गर्न चाहन्छु। बेसाहा सस्तो छ, ज्यालाबाट ब्रम्हाण्ड नै किन्न सकिन्छ त म पनि कहाँ भनिरहेको छुर ? तर तुलना त हिजो र आजको बीचमा हुनुपर्ने होला नि? तपाईंहरू नै भन्नुस् न त, अहिले औसत मुद्रास्फिति ४.२ प्रतिशत छ, गत साल कति थियो? यो मुद्रास्फिति स्वभाविक सीमा भित्र छ कि छैन?
- कम्पनी दर्ताको संख्या २६.७ प्रतिशतले वृद्धि भएको छ। उद्योगको क्षमता वृद्धि भएको छ। औद्योगिक उत्पादनको क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूको लगानी २८.३ प्रतिशतले बढेको छ। औद्योगिक गतिविधिमा विस्तार भएको छ।
- औद्योगिक वस्तु, निर्माण सामग्री र पूँजी निर्माणमा सहयोग पुग्ने वस्तुहरूको आयात ३२.१ प्रतिशतले बढेको छ। श्रम सम्बन्धमा सुधार आएकोले औद्योगिक गतिविधिको विकास र विस्तारमा नवप्रवर्तन र दक्षतामा वृद्धि भएको छ।
- बैंक तथा वित्तीय संस्थाहरूवाट प्रवाह हुने कर्जा तथा लगानी २०.३ प्रतिशतले बढेको छ। निजी क्षेत्रमा भएको कर्जाको प्रवाह पनि २४.१ प्रतिशतले बढेको छ।
- सन्१९९८ मै नेपालले १० लाख पर्यटक भित्र्याउने सपना देखेको थियो। त्यो सपना, २१ वर्षपछि बल्ल यसपाली पूरा भएको छ। पर्यटक आगमन ३२.५ प्रतिशतले बढेको छ। बढ्दो पर्यटकीय आगमन र पर्यटनको क्षेत्रमा भएका थप विस्तारसँगै सेवा क्षेत्र विस्तार भएको छ।
- बाघको संख्यामा वृद्धि भएपछि संसारका १५ प्रमुख पर्यटकीय गन्तव्यमा नेपाल पर्न सफल भएको छ।
- २०७५ पुस मसान्तमा बैकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले ८.९ महिनाको वस्तु आयात र ७.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ। त्यसैले नेपालको विदेशी विनिमय संचिति सुविधाजनक अवस्थामा रहेको छ।
- यस बर्ष किसानले समयमै मल पाए। **यो एक** बर्षमा २ हजार हेक्टरमा थप सिंचाई सुविधा उपलब्ध गराईएको छ। कृषकहरूलाई आवश्यक उन्नत बीऊ सहज रूपमा उपलब्ध गराईएको छ।
- धानको उत्पादन गत वर्ष भन्दा यस वर्षमा ८.९ प्रतिशतले बृद्धि भएको छ। मकैको उत्पादन ३.५ प्रतिशतले बृद्धि भएको छ। तरकारी उत्पादन १६.५प्रतिशतले वृद्धि भएको छ।
- खाद्यान्न संकट हुने डोल्पा, मुगु, हुम्ला लगायतका दुर्गम जिल्लाहरूमा १ लाख ३ हजार १४५ क्विन्टल खाद्यान्न पुऱ्याइएको छ। कृषि मन्त्रालय भन्छ, यसवर्ष कुनैपनि ठाउँमा खाद्यान्न संकट हुन पाएन।
- विदेशबाट फर्केका र शिक्षित वेरोजगार युवाका लागि २ लाख रूपैयाँका दरले युवा किसानलाई अनुदान उपलब्ध गराइएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत कृषि यान्त्रीकरणमा जोड दिन १९ वटा कष्टम हायरिङ सेन्टर निर्माण गरिएको छ। थप २५ वटा निर्माण भैरहेको छ। साना किसानहरूको सावा र ब्याज समेत गरी एक अर्व ३२ करोड रूपैयाँ ऋण मिनाह गरिएको छ।
दिदी बहिनी तथा दाजुभाइहरू,
- तपाईंहरूलाई नै विनम्र प्रश्न गर्ने अनुमति चाहन्छु- छातीमा हात राखेर आफैंलाई सोध्नुस्, पहिलेको तुलनामा तपाईंले चुन्नु भएको यो प्रधानमन्त्रीले सत्ता सम्हालेपछि तपाईंहरूको जीवन कष्टकर हुने नकाम के के भए ?
- युवा तथा साना व्यवसायी स्वरोजगार कोष मार्फत १७ हजार युवा स्वरोजगार भएका छन्।
- गएको वर्षको यो ६ महिनाको तुलनामा वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्यामा ३९.१ प्रतिशतले कमी आएको छ। तर विप्रेषण आप्रवाह भने ३०.२ प्रतिशतले बढेको छ। कुल गार्हस्थ्य उत्पादनमा आएको वृद्धिले आन्तरिक रूपमा समेत रोजगारी सिर्जना भएको सन्देश दिन्छ।
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले ११ वटा श्रम तथा रोजगार कार्यालय स्थापना गरेको छ। सबै प्रदेशबाट श्रम स्वीकृति र वैदेशिक रोजगार सम्बन्धी सेवा प्रवाहको कार्य थालिएको छ। विदेश जान श्रम स्विकृतिकै लागि काठमाडौं आउनै पर्ने बाध्यता हटेको छ। वैदेशिक रोजगारीबाट फर्किएका तीन वर्ष ननाघेका कामदारहरूका लागि न्युन व्याजदरमा ऋण उपलब्ध गराउन २० हजार व्यक्तिको निवेदन संकलन गरिएको छ।
- रोजगारदाता तथा ट्रेडयुनियनहरूको आपसी सहमतिमा निजी क्षेत्रका कामदारको न्यूनतम पारिश्रमिकमा३९ प्रतिशतले बृद्धि गरिएको छ।
- गएको मंसिर ११ देखि योगदानमा आधारित सामाजिक सुरक्षाका कार्यक्रमहरू शुरू गरिएको छ। यस योजनामा हालसम्म रोजगारदाताका ९ सय ५० प्रतिष्ठानहरू दर्ता भएका छन् र दर्ता कार्य निरन्तर भइरहेको छ।
- सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनबाट कामदारको वर्तमान र भविष्य सुरक्षित गरिएको छ। श्रमिक अनुकुल औद्योगिक वातावरण निर्माण हुँदै गएकोले बन्द हड्तालको स्थिति अन्त्य भएको छ।
- हिजो दिउसो मैले प्रधानमन्त्री रोजगार कार्यक्रम उद्घाटन गरेँ। यसले कामको खोजीमा रहेका शीप भएका वा नभएकाहरूको विवरण तयार गर्छ र हाम्रो संविधानमा उल्लेख भए बमोजिम रोजगारीको हक उपलब्ध गराउन सरकारलाई सहजीकरण गर्छ। यी अभियानहरू हाम्रा काम तथा रोजगारीसँग जोडिएका कार्यक्रम हुन्।
- सरकारले काम गर्छु भन्नेलाई सहुलियतपूर्ण ऋण तथा व्याज अनुदान उपलब्ध गराउने कार्यक्रम शुरू नै गरिसकेको छ। विभिन्न ७ विधामा ३ लाखदेखि ५ करोडसम्म ऋण प्रवाह शुरू गरेको छ। काम पनि नभएका, रोजगारीको अवसर समेत नपाएकालाई सकेसम्म न्यूनतम रोजगारीको प्रत्याभूत गर्ने, रोजगारी दिन नसके निश्चित मापदण्डका आधारमा बेरोजगार भत्ता दिने व्यवस्था मिलाइएको छ।
- फेरि पनि केही हल्ला त रहीरहने छ। यस्तो हल्ला गर्नेहरू रोजगार बिनाको रोजगारी र परिश्रम बिनाको पारिश्रमिक पाउने झुण्ड मात्रै हुन्।
**- यस बर्ष** ३०९ वटा खानेपानी योजना निर्माण भए। विभिन्न आयोजनाहरूबाट खानेपानी थप ६ लाख सेवाग्राहीको पहुँचमा पुगेको छ। मेलम्ची खानेपानी आयोजनामा देखिएको समस्या समाधान गरी शीघ्र सम्पन्न गर्ने प्रयास जारी छ।
- स्वास्थ्य बीमा कार्यक्रम ३६ जिल्लामा लागू भएको छ। सरकार गठन अघि करिब ७ लाख रहेको बीमित संख्या अहिले झण्डै १५ लाख पुगेको छ। दक्षिण एसियामै नेपालले पहिलोपटक रूबेला रोग नियन्त्रणको प्रमाणपत्र पाएको छ।
- शैक्षिक सत्र २०७५ को विद्यार्थी भर्ना अभियान कार्यक्रमबाट २ लाख ५४ हजार थप विद्यार्थी विद्यालय भर्ना भए। देशभरका १२० स्थानीय तहहरूले विद्यालय उमेर समूहका कुनैपनि बालबालिका विद्यालय बाहिर नरहेको घोषणा गरेका छन्। सबै विद्यार्थीले समयमै पाठ्यपुस्तक प्राप्त गरे। यस वर्ष पनि समयमै पाठ्यपुस्तक पुग्दैछ। लगातार २ वर्ष समयमै पाठ्यपुस्तक पुगेको यो दोस्रो वर्ष हो।
- एक वर्ष अघि मैले पदबहाली गर्दा दुई बर्ष भित्रमा सबै स्थानीय तहमा प्राविधिक शिक्षा पुऱ्याउने घोषणा गरेको थिएँ। सीटीईभीटीले यो वर्ष मात्र १०१ स्थानीय तहमा नयाँ प्राविधिक शिक्षालय स्थापना गरेको छ। सीटीईभीटीकै दाबी छ, इतिहासमा यति धेरै स्थानीय तहमा प्राविधिक शिक्षालय स्थापना भएको यो पहिलोपटक हो।
- भूकम्पपछिको पुनर्निर्माणले यो वर्ष गति लियो। ६६ हजार ८७५ जनाले पहिलो किस्ता, ३ लाख ३२ हजार ४५५ जनाले दोस्रो किस्ता र ३ लाख १४ हजार ५०२ जनाले तेस्रो किस्तावापतको रकम पाएका छन्। १ हजार ७२ वटा विद्यालयको पुनर्निर्माण सम्पन्न भएको छ।
- सबै स्थानीय तहसम्म ब्रोडव्याण्ड कनेक्टिभिटी विस्तारको क्रममा हालसम्ममा १ हजार ३७१ वटा वडा कार्यालय, १ हजार ४६० वटा सामुदायिक माध्यामिक विद्यालय र १ हजार ६३ वटा स्वास्थ्य केन्द्रमा दुई बर्षसम्मका लागि निशुल्क इन्टरनेट सेवा जडान गरिएको छ।
- सूचनालाई एकीकरण गरी कामलाई सहज बनाउन अनलाईन पे-मेण्ट, लाइसेन्स, मालपोत, प्यान नम्बर, कम्पनी रजिष्ट्रार, सामाजिक सुरक्षा कोष, राहदानी, पञ्जीकरण जस्ता कार्य र कार्यालय एउटै सञ्जालमा जोड्ने अभियान जारी छ। हेलो सरकार मार्फत गुनासा सम्बोधन र अनुगमन पोर्टल मार्फत अनुगमनको पनि अनुगमन गर्ने कार्यहरूसँगै डिजिटल नेपाल अभियानलाई अघि बढाइएको छ। नागरिक अधिकार एप मार्फत सरकारी सेवामा नागरिकको सरल पहुँच पुऱ्याउने काम शुरू गरिएको छ।
- मैले घोषणा गरेको छु- ‘म आफू भ्रष्टाचार गर्दिनँ र अरूलाई पनि गर्न दिन्नँ।’ कसैले यसलाई भन्नको लागि भनेको ठानेको छ भने त्यसले गल्ति गर्दैछ। बुझेहुन्छ- भ्रष्ट र भ्रष्टचारका सन्दर्भमा म मुखमा पानी हालेर बोलिरहेको छैन।
- अहिलेसुशासनका संयन्त्रहरू क्रियाशील भएका छन्। हिजो भ्रष्टाचार गर्नेहरू आज क्रुद्ध छन्। भ्रष्टाचार गर्न तम्सिनेहरू तर्सिएका छन्। कसरी भ्रष्टाचार गर्न सकिन्छ भनेर दुलो गौंडा चाहार्नेहरू मुर्मुरिएका छन्। अनौठो लाग्छ, तिनै व्यक्तिहरू देशमा सुसाशन भएन भन्दै मिडियामा झुल्किन्छन्।
- फेरि पनि उही गीत सुन्छु- भ्रष्टमाथि कारबाही खै? तथ्यमा जाऔं- राजस्व चुहावटका ४९ र विदेशी विनिमय अपचलनका ३३ गरी ८२ मुद्दामा ८ सरकारी कर्मचारीसहित ९९ व्यक्तिहरूमाथि७ अर्व ६२ करोड ८२ लाख ५२ हजार रकम बिगो र जरिवाना माग सहित मुद्दा दायर गरिएको छ।
- अवैध हुन्डी कारोबारमा संलग्न ३३ जनालाई ५ अर्व ९१ करोड ६ लाख ९६ हजार विगो कायम गरी त्यसको तेब्बर जरिवाना र ३ वर्षसम्मको कैद मागदावी सहित मुद्दा दायर गरिएको छ।
- अवैध सुन तस्करीको भयावह आपराधिक मनोबृत्ति र अपराधको श्रृंखलामा संलग्न अपराधीहरूको संगठित सञ्जाल ध्वस्त पार्ने कार्यले ठूलो सफलता पाएको छ। कायम भएका ७५ जना प्रतिवादी मध्ये ४६ जना पक्राऊ परेका, ३१ जना फरार रहेका र ३४ जनालाई अदालतबाट पुर्पक्षको लागि थुनामा पठाइएको छ। ३६ जना अभियुक्तहरूको चल/अचल सम्पत्ति रोक्का गरिएको छ।
- सम्झौता अनुरूप, समयमा काम नगर्ने, कम गुणस्तरको काम गर्ने विभिन्न २९ कम्पनी, फर्म र निर्माण व्यवसायीलाई कालोसूचीमा राखिएको छ।
- सुरक्षा संयन्त्रको प्रभावकारी परिचालन गरी शान्ति र सुरक्षाको व्यवस्थालाई सुदृढ बनाइएको छ।
दिदीबहिनी तथा दाजुभाइहरू,
- महत्वाकांक्षा उच्च, डेलिभरीसुस्त भयो, विकासको हल्लाभयो- अविकास हात लाग्यो, प्रतिलोकतान्त्रिकरणको प्रक्रियामा यो सरकार सहायक भयो जस्ता भूमीबिनाको आरोप र टिप्पणी पनि नसुनिएको हैन।
- निरंकुश व्यवस्था अन्त्य र लोकतन्त्र स्थापनाको संघर्षका क्रममा कष्टकर जीवन विताउँदा पनि मेरो हृदयमा एउटा बेग्लै चित्र थियो।
- त्यति बेला मेरो हृदयमा रहेको त्यो चित्र अहिले “समृद्ध नेपाल र सुखी नेपाली”को रूपमा प्रकट भएको छ।
- मैले बारम्बार भन्दै आएको छु- नेपाल बन्छ, बनाउनै पर्छ। हो, हरेक चिजको आयु हुन्छ। समयको सीमा हुन्छ। मान्छेको ज्ञानको सीमा छ। सामर्थ्यको पनि सीमा हुन्छ। तर मैले भन्दै आएको छु- इमानको कुनै सीमा हुन्न। निष्ठाको कुनै निर्धारित आयु छैन। इमान र निष्ठाका साथ काम गर्न कसैलाई कुनै अतिरिक्त प्रशिक्षणको पनि खाँचो पर्दैन।
- चुनावी परिणामबाट हामीले राजनीतिक स्थायित्व प्राप्त गरेका छौं, त्यो संसद र अन्य जननिर्वाचित निकाय मार्फत अभिव्यक्त छ। अब हामी आर्थिक स्थायित्व तिर अग्रसर छौ। हाम्रा चुनौती के के हुन् मात्र होईन को को हुन् भन्ने पनि हामीलाई राम्रैसँग थाहा छ,। कतिलाई यही स्थायित्व अभिसाप वनेको हुनसक्छ। त्यसैले राजनीतिक स्थायित्वलाई तेजवोध गर्न कृतिम घटना सिर्जना गर्ने र त्यसैका आधारमा सामाजिक अराजकता फैलाउन उद्यत छन्। समृद्ध नेपाल निर्माणको यस तुफानी अभियानमा इमान र निष्ठाको सहाराले अवरोध भत्काउँदै आएका छौं, र तोड्दै जानेछौं पनि।
- सरकार निष्ठापूर्वक काम गर्दैछ। यो वर्ष हामीले आधार खडा गरेको छौं। आउँदा वर्षहरू उपलब्धिका बर्षहरूहुनेछन्। पाँच बर्षको कार्यकाल पुरा गरेर अर्को आम निर्वाचनमा जाँदा घोषणपत्र मार्फत हामीले व्यक्त गरेको प्रतिवद्धता पूरा गऱ्यौं है भन्नेछौं। त्यतिबेला तपाई हामीले देख्ने सपना अर्कै हुनेछ।
धन्यवाद।
फागुन २ गते प्रधानमन्त्रीले गरेको सम्बोधनको पूर्णपाठ)

# प्रदेश २ को पहिलो एक वर्षको प्रगति



मो. लालबाबु राउत गद्दी (मुख्यमन्त्री, प्रदेश २ )

२०७४ फागुन ३ गते सरकार गठन पश्चात विभिन्न आरोह अवरोहका बीच प्रदेश सरकारले संवधिान र संघीयता कार्यान्वयनमा अथक प्रयास गरिरहेको छ । विभिन्न कठिनाईका बाबजुद सीमित श्रोत र साधनको परिचालन गरी यस प्रदेशका जनताको आकाँक्षा अनुसार काम गरिरहेको छ । यसै सन्र्दभमा यो एक वर्षमा प्रदेश सरकाले गरेको आफना कामहरू यहाँहरू समक्ष प्रस्तुत गरेको छु ।

१. कानून निर्माण

प्रदेश सरकारको आधारभूत कार्य भनेको संघीयतालाई संस्थागत गर्नु तथा संघ र स्थानीय तहबीच समन्वयकारी भूमिका निर्वाह गर्नु हो । यसका लागि सबैभन्दा पहिला संविधानमा प्रदत्त अधिकारको प्रयोग गर्दै संघीयतालाई प्रभावकारी बनाउन प्रादेशिक तहमा आधारभूत कानून निर्माण गर्नु थियो । यस कार्यमा प्रदेश सरकारले ऐतिहासिक कार्य गरेको छ । निर्माण भएका कानूनहरू तपशिल बमोजिम रहेको छ :-

➢ सरकारले ३३ वटा विधेयक एक वर्षभित्रै तयार गरी प्रदेश सभामा पठाउन सफल भयो ।

➢ त्यसमध्ये १६ वटा विधेयक प्रमाणीकरण भई कानूनको स्वरूप ग्रहण गरिसकेको छ ।

१. प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४

२. प्रदेश नं. २ को मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाको शर्त सम्बन्धी कानूनी तर्जूमा गर्न बनेको विधेयक, २०७४

३. प्रदेशको सार्वजनिक लिखित प्रमाणिकरण कार्यविधिको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

४. प्रदेश नं. २ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

५. प्रदेश नं. २ को विनियोजन ऐन, २०७५

६. मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

७. प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

८. प्रदेश नं. २ को गाउँ, नगर र जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५

९. प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५

१०. प्रदेश प्रहरी सेवा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५

११. विपद् व्यवस्थापन गर्न बनेको विधेयक, २०७५

१२. प्रदेश आकस्मिक कोष सञ्चालन सम्बन्धी विधेयक, २०७५

१३. प्रादेशिक प्रशासनका लागि आवश्यक कर्मचारी सम्बन्धी विधेयक, २०७५

१४. प्रशासकीय कार्यविधि नियमित गर्ने विधेयक, २०७५

१५. आर्थिक ऐन, २०७५

१६. प्रदेश नीति आयोग ऐन, २०७५

➢ त्यस्तै ११ वटा विधेयक संसदको विभिन्न समितिमा रहेका छन् ।

१. गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी विधेयक, २०७५

२. प्रदेश नं. २ को गाउँ, नगर र जिल्ला सभा सञ्चालन (कार्यविधि), २०७५

३. प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

४.मदरसा शिक्षा बोर्ड गठन सम्बन्धि विधेयक, २०७५

५. प्रदेश नं. २ दलित शसक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

६. प्रदेश सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

७. प्रादेशिक दुग्ध विकास वोर्ड, २०७५

८. प्रादेशिक सवारी तथा यातायात व्यवस्थापना सम्वन्धी विधेयक, २०७५

९. प्रादेशिक बिद्युत सम्वन्धी विधेयक, २०७५

१०.प्रदेश नं. २ प्रदेश लोक सेवा आयोग (कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

११.बालबालिकाको हक अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

➢ प्रदेश प्रहरी, प्रदेश लोक सेवा, प्रदेश प्रशासन र करारमा कर्मचारी भर्ना संघीय शासकीय स्वरूपलाई सार्थकता दिने शक्तिशाली विधेयक हुन् । यी विधेयकको निर्माण कार्य सम्पन्न भएको छ ।

➢ प्रदेश प्रशासन तथा प्रदेश निजामती सेवा सहितका १५ वटा विधेयक सरकारले मन्त्री परिषद्मा लैजाने तयारी गरेको छ ।

➢ यसै वर्ष प्रदेश निजामती, प्रदेश लोकसेवा, प्रदेश प्रहरी लगायतका प्रादेशिक संरचना गठन हुनेछ ।

२. सामाजिक रूपान्तरणका लागि प्रयास

मधेशी समाज धेरै दृष्टिबाट पुरूष प्रधान समाज हो । यहाँ जात-जातिबीचको सामाजिक बनोटले धेरै समुदायको आर्थिक अवस्थालाई कमजोर बनाएको छ । प्रदेशबासीको सामाजिक अवस्था, मानव विकास सूचकांक र मधेशी समाजमा विद्यमान विभेदको अवस्था आदि सबै पक्षहरूलाई सम्बोधन गर्न प्रदेश सरकारले ‘बेटी पढाऊ बेटी बचाऊ’ अभियान र ‘पिछडिएका वर्गको उत्थान’ कार्यक्रम प्रारम्भ गऱ्यो । ‘बेटी पढाऊ बेटी बचाऊ’ अभियान हाललाई यस प्रदेशका आठ वटै जिल्लाका आठ पालिकामा प्रारम्भ गरिएको छ ।

➢ यस कार्यक्रम अन्तर्गत २०७५ माघ १ पछि जन्मिएका बालिकाको लागि छोरी शैक्षिक बिमा फागुनको पहिलो हप्तावाट औपचारिक शुभारम्भ गरिने छ । शैक्षिक विमा रू १ लाख बराबरको हुन्छ ।

➢ बीमा कार्यक्रम हाल पर्साको जिल्लाको विरगंज महानगरपालिकाको १ देखि १६ वटै वडामा, बारा जिल्लाको स्वर्ण गाउँपालिकाको सवै वडामा, रौतहटको यमुनामाई गाउँपालिकाको सवै वडामा, सर्लाहीको पर्सा गाउँपालिकाको सवै वडामा, महोत्तरीको एकडारा गाउँपालिकाको सवै वडामा, धनुषाको कमला नगरपालिकाको सवै वडामा, सिरहाको औरही गाउँपालिकाको सवै वडामा तथा सप्तरीको महादेव गाउँपालिकाको सवै वडामा लागू हुनेछ ।

➢ विस्तारै ‘बेटी पढाऊ बेटी बचाऊ’ अभियान प्रदेश नम्बर २का सवै १३६ पालिकाभरमा क्रमश: लागु गरिदै जानेछ ।

➢ त्यस्तै पिछडिएका वर्गको उत्थान कार्यक्रम अन्तर्गत प्रदेश सरकारले दलित शशक्तिकरण विधेयक संसदमा पेश गरिसकेको छ । हाल लाई ‘दलित छात्रवृत्ति योजना’अन्तर्गत विरगंजको नेशनल मेडिकल कलेजमा छात्रवृतिमा एम वि वि एस अध्ययन गरिरहेका सप्तरीको छिन्नमस्ता गाउपालिका वडा नं. २ बस्ने दिनेश मरिक डोम, सर्लाही इश्वरपुर नगरपालिका वडा नं. १ बस्ने रूकेश कुमार राम र प्रमोद कुमार रामलाई अध्ययन निरन्तरतका लागि जनही रू तीन लाख पचास हजारका दरले आर्थिक सहयोगप्रदान गरिएको थियो । यसै योजना अन्र्गत अन्य दलितलाई पनि छात्रवृति दिने तयारी रहेको छ ।

➢ प्रदेश प्रहरीसहित अन्य सेवामा महिलालाई ५० प्रतिशत आरक्षण सहित दलित, मुस्लिम, जनजातीलाई उनीहरूको जनसंख्याका आधारमा आरक्षण कानूनी रूपमा सुनिश्चित गरिएको छ ।

➢ जानकी क्यान्सर अस्पताल संभाव्यता अध्ययन टोलीद्धारा सर्वेक्षण सम्पन्न भएको छ ।

➢ स्वर्गीय गजेन्द्र नारायण सिंह आवासीय विद्यालय बुढानिलकण्ठ स्तरीय विद्यालयको रूपमा स्थापनाका लागि सम्भाव्यता अध्ययन पुरा भएको छ ।

➢ आठवटै जिल्लामा मोवाईल स्वास्थ्य क्लिनिक सञ्चालनको सम्मपूर्ण तयारी पुरा भएको छ ।

➢ बेटी बचाउ बेटी पढाउ कार्यक्रम अन्तर्गत प्रत्येक जिल्लाको १० वटा विद्यालयमा नर्सको दरबन्दी राख्ने प्रक्रिया सम्पन्न भएको छ ।

➢ आठवटै जिल्लाका सबै विद्यालयमा छात्राहरूका लागि आत्मरक्षा तालिम सुरूवातको तयारी पुरा भएको छ ।

➢ आठवटै जिल्लामा एक एक वटा दलित छात्रावासको निर्माणका लागि सम्पूर्ण तयारी पुरा भएको छ ।आठ गाउँ पालिकामा शुरू गरिएको यो कार्यक्रम विस्तारै प्रदेश नम्बर २ को सम्पूर्ण क्षेत्रमा लागू हुने छ ।

➢ जेष्ठ नागरिक आवास निर्माण कार्य प्रारम्भ गरिएको छ ।

➢ आपके सरकार आपकेद्वार अन्तरगत जनताको कचहरी कार्यक्रम संचालन गरिएको छ ।

➢ शहिदको संभ्कनामा सप्तरीको मलेठ, भारदह र पर्साको विरगञ्ज तथा जनकपुरमा शहिद कामेश्वर र कुशेश्वर स्मृती स्तम्भ र स्मृतीभवन वनाउने कार्यको सुभारम्भ गरिएको ।

३. शहीद परिवार रोजगार योजनाको कार्यान्वयन

➢ शहिद परिवार रोजगार निर्देशिका पारित

➢ शहीद परिवारलाई रोजगारीका लागि रोजगारी पत्र प्रदान गरेको तथा रोजगारी दिने कार्यालय यसै महिना तोकिनेछ ।

४. घाईते सम्मान कार्यक्रम कार्यान्वयन

➢ मधेश आन्दोलनका घाइतेहरूको सम्मानका लागि घाईते सम्मान सन्दर्भमा निर्देशिका पारित भई घाइतेको अवस्थाको वर्गिकरण गरी सहयोग राशी उपलब्ध गराउने क्रम जारी रहेको छ ।

५. विकासका पूर्वाधार कार्यहरू

प्रदेश नम्बर २ भौगोलिक हिसाबले देशको सबैभन्दा सानो क्षेत्रफल भएको प्रदेश हो । तर यहाँ देशको २०.२३ प्रतिशत जनसंख्याको बसोबास छ । जनघनत्वको हिसाबले यो प्रदेश दोस्रो स्थानमा आउँछ । प्रदेश नम्बर ३ पहिलो स्थानमा आउँछ । तथापि यहाँ कृषि अर्थतन्त्रको अवस्था, उत्पादनको अवस्था, सडक र अन्य भौतिक पूर्वाधारको स्थिति, उद्योग र कलकारखानाबाट हुने उत्पादनको स्थिति सन्तोषजन छैन । यी सबै क्षेत्रमा तत्काल गर्नुपर्ने काम र दीर्घकालीन महत्वको कामलाई प्रदेश सरकारले प्राथमिकतासाथ अगाडी बढाईरहेको छ । तीमध्ये,

➢ ८ जिल्लामा आठ ओटा सितभण्डार निर्माणको प्रक्रिया सुरू गरिएको छ ।

➢ जानकी मन्दिरको सौन्दर्यीकरण परियोजनाको प्रारम्भ भएको छ ।

➢ प्रदेश भित्रका हरेक पालिकामा कम्तीमा एउटा पोखरी सौन्दर्यकरण गर्ने कार्यक्रम अगाडी वढाएको छ । सोही अनुसार वीरगञ्जको नगवा पोखरी र मुरली पोखरीको सौन्दर्यकरण प्रारम्भ भएको छ ।

➢ ‘खेतखेतमा पानी हातहातमा काम’ अभियान शुरू भएको छ ।

➢ प्रादेशिक गौरवका सडकको निर्माण कार्य अन्तर्गत २५० किमि सडक निर्माण प्रक्रिया सुरू गरिएको छ ।

➢ स्वच्छता अभियान अन्तर्गत मधेशका गाउँ शहर सफा राख्ने, महिला र विकलांग मैत्री ट्वाईलेट बनाउने आदि कार्यको प्रक्रिया शुरू भएको छ ।

➢ हरित प्रदेश बनाउने उद्देश्यका साथ एकै दिन ५० हजार विरूवा वृक्षारोपण गरिएको ।

➢ विभिन्न जिल्लामा १०० वटा विद्यालयमा छात्राहरूका लागि ट्वाइलेट निर्माणका लागि टेन्डर सम्पन्न ।

➢ जनता आवास कार्यक्रम अन्तर्गत प्रथम चरणमा डोम, मुसहर, मेस्तर र हलखोरका आवास निर्माण कार्यक्रमको प्रक्रिया आरम्भ र क्रमश: अन्य दलित र गरिव परिवारमा लग्ने योजना रहेको छ ।

➢ ५० मेघावाट क्यबिच भ्लभचनथ को प्रक्रिया अगाडी वढाएको छ ।

➢ कृषी उत्पादनको लागी सिंचाईमा सोलरको माध्यमवाट विद्युतीकरण गर्ने कार्य प्रारम्भ गरिएको ।

➢ अत्याधुनिक ख्ब्ल् को माध्यमवाट माटो परिक्षण सेवा सुरू ।

➢ स्याटेलाइट शहर विकाशका लागी अध्ययन कार्य शुभारम्भ भएको ।

➢ प्रदेश सरकारले प्रत्येक जिल्लाको एउटा गाउँपालिकालाई आदर्श गा.पा.को रूपमा विकास गर्ने कार्य प्रारम्भ भै सकेको ।

➢ सिँचाईको लागी डिप टयूवेल र एयधभच म्चर्षा्ि को कार्य प्रारम्भ भैरहेको ।

६. भारतीय प्रधानमन्त्री तथा उत्तर प्रदेशका मुख्यमन्त्रीको सफल भ्रमण

भारतका सम्माननीय प्रधानमन्त्री नरेन्द्र मोदीको २०७५ बैशाख २८ गतेको भ्रमणले जनकपुरमा ऐतिहासिक सफलता पायो । त्यस्तै भारतको उत्तर प्रदेशका मुख्यमन्त्री माननीय योगी आदित्यनाथको २०७५ मंसिर २६ गतेको सांस्कृतिक भ्रमणलाई समेत प्रदेश सरकारले सफल बनाएको थियो ।

विशिष्ट अतिथिहरूको भ्रमणले यस क्षेत्रको गरिमा बढाउनुको साथै पर्यटन ब्यवसायमा बढोत्तरी भएको छ ।

➢ प्रदेश सरकारको क्रियाकलापले संविधान र संघियता कार्यान्वयनमा सहयोग गरेको छ । भविष्यमा संघियता कार्यान्वयन गर्न एउटा जग स्थापना गर्ने काम गरेको छ ।

➢ वार्षिक नीति तथा कार्यक्रमले दिशाबोध गरेअनुसार क्ष्लखभकक्तभलत ँचष्भलमथि वनाउने तर्फ ऐन, कानून निर्माण प्रक्रिया अगाडि बढि रहेको छ ।

७. संघीय सरकार र स्थानीय सरकारसँग समन्वय र सहकार्य

नेपालको शासकीय व्यवस्थाले व्यवहारिक रूपमा संघीय प्रणाली धारण गरेको एक वर्ष मात्र भयो । सिद्धान्तत: संघीयता स्वीकारे पछि यदि पहिले संघीय सरकारहरूले संविधान प्रदत्त अधिकारको प्रयोग गर्दै संघीयतालाई प्रभावकारी बनाउने पूर्व तयारी गरेको भए पहिलो वर्षमा जे जति काम भयो त्योभन्दा धेरै राम्रो काम हुन सक्थ्यो । तर त्यस्तो हुन सकेन । त्यसैले प्रदेश सरकारको अधिकांश समय पूर्व तयारी मै बित्यो । विस्तारै आधाभूत कानून र संघीय संरचनामा आवश्यक पर्ने संयन्त्रले आकार ग्रहण गर्दै छ । अब प्रदेश सरकारले संघीय सरकार र स्थानीय सरकारसँग समन्वय र सहकार्य गर्ने कार्यलाई विशेष प्राथमिकतासाथ अघि बढाउने छ । संघीय सरकारको सहयोगमा प्रदेश सरकारले आमजनताको जीवनमा सार्थक परिवर्तन ल्याउने शक्तिशाली नीति तथा कार्यक्रम लागू गर्न सजिलो हुन्छ । त्यस्ता कार्यक्रमहरू स्थनीय सरकारसँग समन्वय गरेर मात्र कार्यान्वयन गर्न सकिन्छ । आधारभूत कानून र संयन्त्र निर्माण गर्ने कार्य सम्पन्न भएकोले अब प्रदेश सरकारले संघीय सरकार र स्थानीय सरकारसँगको समन्वय र सहकार्यलाई विशेष प्राथमिकता दिने छ । यस्तो प्राथमिकताले विकास निर्माणका कार्य र सामाजिक सुरक्षाका कार्यक्रमलाई जनमुखी र जनमैत्री बनाउने छ । यस सन्दर्भमा माननीय प्रधानमन्त्रीको अध्यक्षतामा अन्तर प्रदेश समन्वय परिषदको र प्रदेशमा प्रदेश समन्वय परिषदको बैठक सम्पन्न भै सकेका छन ।

८. जनमुखी शासन पद्धति

हाम्रो शासन पद्धतिलाई जनमुखी बनाउन आर्थिक क्षेत्रमा धेरै सुधार आवश्यक छ । आर्थिक अनुशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकारले जेठ मसान्त पछि विकास योजनाहरूमा भुक्तानी नहुने नीति ल्याएको छ । यसको सफल कार्यान्वय गर्न प्रदेश सरकार प्रतिवद्ध छ । त्यस्तै मन्त्रालय स्तरमा र स्थानीय स्तरमा भ्रष्टाचार विरूद्ध शून्य सहनशीलतालाई प्रभावकारी बनाउने तथा बजेटलाई समयमै नीति र कार्यक्रम अनुरूप खर्च गर्ने कार्यमा आश्यक सुधार गरिने छ । यसको लागि संस्थागत रूपमा कामको मूल्यांकन गर्ने, अनुगमन गर्ने पद्धतिलाई बलियो बनाइने छ । यस्ता कार्यले शासकीय पद्धतिलाई जनमुखी त बनाउँछ नै साथै प्रदेश सरकारलाई थप उत्तरदायी र पारदर्शी बनाउने छ ।

लामो सशस्त्र संघर्ष, जनआन्दोलन, मधेश विद्रोह र शहीदहरूको बलिदान प्रति प्रदेश सरकार अभार र संवेदनशील छ । त्यसैले लोकतान्त्रिक संघीय गणतन्त्रलाई जनताले अनुभूत गर्ने तहमा सार्थक बनाउन प्रदेश सरकार दृढ र कटिबद्ध छ । हामीलाई विश्वास छ, मधेशबासीको साथ र सहयोगले हामी सबै हाम्रो साझा लक्ष्यमा पुग्ने छौं ।

अन्त्यमा

प्रदेश सरकारलाई सहयोग गर्नु हुने सम्पूर्ण प्रति अभार व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ॥।

२०७५।११।०३

## मधेश अपडेट

### प्रदेशसभाका सदस्यलाई प्रधानमन्त्रीको आग्रह

धनगढी । प्रधानमन्त्री केपी शर्मा ओलीले प्रदेशसभा सदस्य विकासका नायक, अभियानकमी र जनताको उच्चतम आकाङ्क्षाका प्रतिविम्ब बन्नुपर्ने बताएका छन् । सुदूरपश्चिम प्रदेशसभालाई बुधबार सम्बोधन गर्दै उनले सो आग्रह गरेका हुन् । उनले सुदूरपश्चिमलाइ छुट्याइएको बजेट सही ठाउँमा खर्च भए नभएको निगरानी गरिदिन प्रदेशसभासद्लाई आग्रह गरे । उनले पहिलो वर्ष कानून निर्माण, कर्मचारी, कार्यालय व्यवस्थापन र नेपालको भविष्यको बाटो तय गर्ने आधार वर्षका रूपमा बितेको र अब जनता आवश्यक शिक्षा, स्वास्थ्य, आवास, लुगा, खानाजस्ता कुरा धेरै वर्ष कुरेर बस्न नसक्ने भएकाले तीनै तहका सरकार मिलेर विकासका काम अघि बढाउनुपर्ने बताए ।

### वीरगन्जको विकासमा कांग्रेस तयार : देउवा

वीरगन्ज । नेपाली कांग्रेसका सभापति तथा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले वीरगन्जको विकासका लागि कांग्रेस सधैं तयार रहेको बताएका छन् । उनले वीरगन्ज ऐतिहासिक महत्व बोकेको धारणासमेत राखे । वीरगञ्जको आदर्शनगरस्थित चारतारे होटल दियालो लर्डको बुधबार उद्घाटन गर्दै सो कुरा बताएका हुन् । उनले प्रजातन्त्र प्राप्तिका लागि विसं २००७ को क्रान्ति वीरगन्जबाटै शुरू भएकाले यसको रक्षा गर्न कांग्रेस सदैव तयार रहेको बताए ।

### प्रदेश २ नमूना बन्न सक्छ : मुख्यमन्त्री

वीरगन्ज । प्रदेश नं २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले प्रदेश २ नेपालकै नमुना प्रदेश बन्न सक्ने धारणा राखेका छन् । उनले प्रदेशको विकासका लागि पूर्वाधारहरू पर्याप्त मात्रामा रहेको जिकिर गरेका छन् । बुधबार वीरगन्जमा आयोजित कार्यक्रममा उनले संघीय सरकारले लगानीकर्तालाई आकर्षित गर्ने तथा लगानी गर्ने वतावरण बनाउन सके मुलुकको अन्य प्रदेशभन्दा प्रदेश नं २ नमूना प्रदेश बन्ने दाबी गरेका हुन् । नीति निर्माताका कारण प्रदेश नं २ को विकास हुन नसकेको आरोपसमेत लगाए ।

### “प्रदेश २ को नाम मिथिला-भोजपुरा हुनुपर्छ”

जनकपुरधाम । नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले प्रदेश २ को नाम मिथिला-भोजपुरा हुनुपर्ने बताएका छन् । उनले मिथिला-भोजपुराबाहेक अन्य नाम कांग्रेसलाई मान्य नहुने प्रष्ट्याएका हुन् । जनकपुरधाममा आइतबार आयोजित कांग्रेसको नगर सम्मेलनमा उपसभापति निधिले सो कुरा बताएका हुन् । उनले प्रदेश २ को ऐतिहासिक र सांस्कृतिक भूमिसँग मिथिलाको इतिहास र पहिचान जोडिएकाले प्रदेशको नाम मिथिला-भोजपुरा हुनुपर्ने जिकिर गरे । साथै उनले प्रदेशको भाषा मैथिली हुनुपर्ने बताए । उनले नामाकरण र भाषा टुंगो लगाउने क्रममा कुनै जालझेल वा षड्यन्त्र भए आन्दोलन गर्न समेत प्रदेशसभा सदस्यलाई निर्देशन दिए ।

### छोरी वरदान हो : नायिका थापा

राकेश यादव, रौतहट । रेखा थापा फाउण्डेशनका निर्देशक तथा बाल विवाह विरूद्धको अभियानको अभियन्ता अभिनेत्री रेखा थापाले छोरीहरूले जिन्दगीको सपना देख्नु पर्ने र निडर भएर बाँच्नु पर्ने बताएकी छन् । छोरीको निमित्त स्वर्णिम नेपाल महाअभियान कार्यक्रमअन्तर्गत गौर नगरपालिकाले सदरमुकाम गौरस्थित टैक्स मिलको सहभाहलमा शनिबार आयोजना गरेको बाल विवाह विरूद्ध संकल्प तथा मलिका फ़िल्म प्रदर्शनी कार्यक्रममा सम्बोधन गर्दै थापाले सामाजिक परम्परा अनुसारको जीवन बिताउनु पर्ने बाध्यताबाट बाहिर आउनु पर्ने धारणा राखिन् । आफै निर्देशक र अभिनय गरेकी फ़िल्मले बाल विवाह, दाइजो प्रथा, बलात्कार, आत्मरक्षा, सामाजिक न्याय, स्वतन्त्रता, समाजमा आफ्नो कुरा राख्नु पर्ने, बाल विवाहको विरूद्ध आवाज उठाउनु पर्ने सन्देश दिएको भन्दै नायिका थापाले छोरी हुनु अभिशाप नभई बरदान भएको दावी गरिन् । छोरा जस्तो कार्य गर्नु क्षमता छोरीमा भएकोले सामाजिक विकृतिको विरूद्ध उभिनु पर्ने जोड दिइन् । फ़िल्ममा देखिएका विषय बस्तु सामाजिक विकृति उन्मूलन गर्ने उदेश्य रहेको बताइन् ।

### हात्तिपाइले रोग विरूद्ध अभियान

मणि प्रसाद गैह्रे, कपिलवस्तु । हात्तिपाइले रोग विरूद्धको अभियानलाई आफु सक्दो सघाउने बुद्धभूमि नगरपालिकाका सरोकारवालाहरूले प्रतिवद्धता व्यक्त गरेका छन् । जिल्लामा यही फागुन १५ गते हात्तिपाइले रोग विरूद्धको अभियान सञ्चालन हुँदैछ । यही अभियान अन्तर्गत शनिबार नगरपालिकामा आयोजित अन्तर्रकिया कार्यक्ममा बोल्दै सरोकारवालाहरूले प्रतिवद्धता व्यक्त गरेका छन् । जिल्लामा १२ वर्षदेखि अभियान सञ्चालन भएपनि प्रभावकारी हुन नसकेको प्रति चिन्ता व्यक्त गर्दै आ-आफ्नो क्षेत्रबाट आफु सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका हुन् । कार्यक्ममा उपस्थित राजनीतिक दलका अगुवा, सामाजिक क्षेत्रका अगुवा, शिक्षाप्रेमी, सञ्चारकर्मी सबैले नगरभित्रका सबै नागरिकलाई हात्तिपाइले रोग विरूद्धको औषधि खुवाउनुपर्नेमा जोड दिएका थिए ।

### धनगढीमा राससको वार्षिकोत्सव मनाइयो

धनगढी । राष्ट्रिय समाचार समितिको ५८औं वार्षिकोत्सव मनाइएको छ । वार्षिकोत्सवका अवसरमा धनगढीमा ‘मुलुकको सङ्घीय संरचनामा राससको भूमिका’ विषयक छलफल कार्यक्रम गरिएको छ । कार्यक्रममा सुदूरपश्चिम प्रदेशसभाका सभामुख अर्जुनबहादुर थापाले वार्षिकोत्सव समारोहको उद्घाटन गरेका थिए । समारोहमा सुदूरपश्चिम प्रदेशमा उत्कृष्ट आलेख समाचारमा दार्चुलाका स्थानीय समाचारदाता नरेन्द्रसिंह कार्की र उत्कृष्ट समाचारमा बाजुराका स्थानीय समाचारदाता गङ्गराज पण्डितलाई सम्मानित गरिएको थियो ।

### पूर्वप्राथमिक तहको व्यापारीकरण

बाँके । पूर्वप्राथमिक विद्यालयमा मनोमानी ढङ्गले शुल्क असुली भइरहेको छ । मासिक शुल्क रू पाँच हजारदेखि रू २० हजार बढी लिने कार्य अहिले पूर्वप्राथमिक तहदेखि शुरू भएको छ । अभिभावकमा सन्तानलाई ‘प्रि-स्कुल, मन्टेश्वरी, डे केयर, किन्डर गार्डेन’जस्ता नाममा खोलिएका पूर्वप्राथमिक तहमा पढाउनु ‘सामाजिक प्रतिष्ठा’ को विषयजस्तै बनिसकेको छ । बाँकेमा निजी क्षेत्रमा पूर्वप्राथमिक तहको व्यापारीकरण तीव्र देखिएको छ ।

### सहकारी सम्बन्धी विधेयक प्रस्तुत

विराटनगर । प्रदेश नं १ को प्रदेशसभामा ‘सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५’ प्रस्ताव प्रस्तुत गरिएको छ । प्रदेशसभाको बुधबार बसेको बैठकमा प्रदेश नं १ को प्रदेशसभा नियमावली, २०७४ को नियम ९२ बमोजिम आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मतकुमार कार्कीले सो प्रस्ताव पेश गरेका हुन् ।

**२०७५ साल भदौ १ गतेदेखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू**

- **बैंक नोट वा सिक्का जलाउने, गाल्ने च्यात्ने वा बैंक नोटमा लेख्नेलाई तीन महिनासम्म कैद र पाँच हजार रुपैयाँसम्म जरिबाना हुने,**
- **अनुमति बिना कसैको तस्वीर खिचेमा वा निजको तस्वीरसँग अरु कसैको तस्वीर राखी अर्को तस्वीर बनाएमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,**
- **एकको तस्वीरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृत रुपमा तस्वीर बनाएमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने ।**

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

# दाइजो लिएर विहे गर्नेलाई कुष्ठरोग हुन्छ : राज्यमन्त्री यादव

**राकेश यादव**

रौतहट । प्रदेश २ सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय यादवले आफ्नो छोरीको बालविवाह नगर्ने तथा छोराको विहे विना कुनै दाइजोको गर्ने संकल्प नलिएसम्म छोरीको जीवन सुरक्षित हुन नसक्ने बताएका छन् । रौतहटको राजदेवी नगरपालिका ७ स्थित नेमधारी बासुदेव नमूना माध्यमिक विद्यालयमा राजदेवी नगरपालिकाले आयोजना गरेको बाल विवाह विरूद्ध संकल्प तथा मालिका फिल्म प्रदर्शन कार्यक्रममा प्रमुख आतिथिको आसन्नबाट सम्बोधन गर्दै राज्यमन्त्री यादवले राजनीतिक दलका जिम्मेवार व्यक्ति, सम्पन्न व्यक्तिले बाल विवाह, दाइजो प्रथाको अन्त्य गर्ने कसम नखाएसम्म यी सामाजिक विकृतिको अन्त्य नहुने ठोकूवा गरे ।



प्रदेश सरकारले बेटीलाई पढाउनु र बेटीलाइ बचाउनु पर्ने स्पस्ट धारणा लिएर अघि बढिरहेको बताउँदै रेखा थापा फाउण्डेशनले पनि बाल विवाह, दाइजो प्रथा अन्त्य गर्नु पर्ने उद्देश्य बोकेर सहकार्य गर्दै गइरहेको बताए । उनले भने दाइजो लिएर छोराको विहे गरेमा कुष्ठ रोग हुनेछ ।

कुष्ठ रोग जस्तो रोग कुनै अरू रोग नभएको र समयमा उपचार नगरे शरीरलाइ कुरूप पर्ने हुने भएको उदाहरण दिँदै राजयमन्त्रीले बाल विबाह र दाइजो प्रथा कुष्ठ रोग जस्तै नै भएको तर्क दिए । राज्यमन्त्री यादवले आफ्नो छोरीको बाल विबाह तथा छोराको दाइजो विनाको आदर्श विबाह गर्ने उद्घोष गरेका छन् । आफूले पहिलो कसम लिँदै स्थानीय सरकारका प्रमुखले शुरूआत गर्नु पर्ने धारणा राखे । गर्भाअवस्थामा भ्रुण हत्या गराउन ५० हजार भन्दा बढी खर्च गर्नु ठूलो पाप भएको ठहर गरे ।

२०-२० लाख दाइजो लिने लोभ त्याग गर्नु पर्छ भन्दै राज्यमन्त्री यादवले बाल विबाह दलित समुदायमा बढी देखिएकोले जनचेतनामूलक कार्यक्रम उनै समुदायलाई लक्षित गरी सञ्चालन गर्नु पर्ने सुझाव समेत दिए । भ्रुण हत्या नियन्त्रण गर्नका लागि प्रदेश सरकारले जेल सजाय बढी हुने गरी कानून ल्याउन लागेकोले यस्तो गर्ने व्यक्तिलाई कडा कार्यवाही हुने चेतावनी दिए । संसारकै विभिन्न जगहमा देश नेतृत्व महिलाहरूले गरी रहेको हुँदा छोरी पनि शक्तिशाली हुन् भनी सबैले बुझ्नु पर्ने प्रस्ट पारे ।

कार्यक्रममा गौर नगरपालिकाका प्रमुख अजय कुमार गुप्ताले संसारमा सबैभन्दा विभेद हुने लिंग नै महिला भएको बताएका छन् । संसारमा परिवर्तन हुने क्रम जारी रहेकोले महिलालाई लिंगको आधारमा गरिने विभेदलाइ अन्त्य गर्नु पर्ने आजको आवश्यकता भएको औल्याए । मेयर गुप्ताले छोरीले छोरासरह गर्न सकिने आत्म बाल देखाउनु जरूरी रहेको बताए ।

छोरीहरूले विभिन्न क्षेत्रमा कला क्षेत्र, खेलकूद, राजनीतिक मंच, संगीत लगायतका क्षेत्रमा छोरीहरू आफ्ना प्रतिभा देखाउँदै आएको जिकिर गर्दै चाँडै नै हाम्रा छोरीहरू बलियो हुने विश्वास व्यक्त गरे । १० वर्ष पहिलाको महिलाको अवस्था अहिले परिवर्तन भएको बताउँदै मेयर गुप्ताले रेखा थापाको अभियान सामाजिक विकासका निमितको लडाई रहेकोले सबैले सहयोग गर्नु पर्ने धारणा व्यक्त गरे ।

छोरीको निम्ती स्वर्णिम नेपाल महाअभियानका अभियन्ता तथा रेखा थापा फाउंडेशनका सस्थापक अध्यक्ष अभिनेत्री रेखा थापाले मधेशकी छोरी शक्तिस्वरूपा भएको बताएकी छन् । माता सीताको जन्म पनि मधेशमा नै भएको उदाहरण दिँदै महिला भित्रको डर र लाज एउटा कमजोरी भएको बताइन् ।

महिला शशक्त हुनु पर्ने उनको भनाइ रहेको छ । सामाजिक विकृति विसंगतिको डटेर सामना गर्नु पर्ने आग्रह गर्दै अभिनेत्री थापाले छोरी विक्री हुने बस्तु नभएको टिप्पणी गरिन् । उनले भनिन्, हाम्रो चाहना छोरी सशक्तिकरण, बलियो, आत्मरक्षा गर्न सकिने खालको हुनु पर्ने हो । छोरीलाइ उच्च स्वरमा बोल्नु हुँदैन, एक्लै हिंड्नु पर्देन, कसैसँग जानू पर्देन, घरमा बस्नु पर्ने, खाना बनाउनु पर्ने, छोरा जस्तो लुगा लगाउनु नपर्ने सोच अन्धविश्वास मात्रै रहेको ठहर गरे ।

रामेश्वर प्रसाद यादवको सभापतित्वमा कार्यक्रममा राजपुर नगरपालिकाका प्रमुख मोहमद सकिल अख्तर, राजदेवी नगरपालिका उपप्रमुख अंशु कुमारी सिंह, पूर्वसभासद रम्भा देवी यादव, नेपाली कांग्रेसका चिरंजीवी प्रसाद सिंह, संघीय समाजवादी महिला फोरमका जिल्ला अध्यक्ष शोभा देवी साह प्राध्यानध्यापक रविशंकर प्रसाद यादव, समाजसेवी हरेन्द्र प्रसाद यादव लगायतका विद्यालयका शिक्षक शिक्षिका, बालिकाहरू सहभागी भएका थिए । कार्यक्रममा सहभागी हुन गएकी नायिका थापालाइ विद्यालयमा विद्यार्थीहरूले भव्य रूपमा स्वागत गरेका थिए ।

# नाम र राजधानीको टुँगो लगाउन सकस

**चन्द्रकान्त खनाल**

रूपन्देही । स्थायी राजधानी र नामाकरण सिफारिस गर्न गठित विशेष समिति सरोकारवाला पक्षको राय सुझाव लिन प्रदेश ५ का १२ वटै जिल्लामा जाने भएको छ ।




समितिको बैठकले समितिमा रहेका १५ जना सदस्यहरू ६ वटा टोलीमा बाँडिएर फागुन ९ गतेदेखि जिल्लामा जाने निर्णय गरेको हो ।

टोलीले जिल्लामा पुगेर राजनीतिक दल, स्थानीय तहका जनप्रतिनिधि, नागरिक समाज, पत्रकार, निजी क्षेत्रलगायतका संघसंस्थासँग रायसुझाव लिने भएका छन् । स्थायी राजधानीका ८ वटा र नामाकरणका लागि ३ वटा प्रश्न रहेको फारम तयार गरिएको विशेष समितिका सभापति दीपेन्द्रकुमार पुनले जानकारी दिए ।

प्रशासनिक सुगमता कस्तो, भूमि व्यवस्था कसरी गर्ने, भूमि केन्द्र (ल्याण्ड पुलिङ) कस्तो हुने, जनघनत्व र वातावरणीय अनुकुलता, सामरिक सुरक्षा, भौगोलिक अनुकूलता, कुन ठाउँमा राख्दा उपयुक्त होला भन्ने प्रश्नावली समेटिएको छ ।

नामाकरणका लागि ऐतिहासिक पहिचान, भौगोलिक पहिचान र सांस्कृतिक पहिचान मध्ये कुनलाई आधार मानेर प्रदेशको नाम राख्दा उपयुक्त होला भनी तीनवटा प्रश्नको उत्तर सोधिने सभापति पुनले बताए ।

फागुन १८ गतेसम्म सबै जिल्लाबाट रायसुझाव लिएर ती सबै जिल्लाका सुझावहरूलाई कम्पाइल गरी तयार प्रतिवेदनलाई भुगोलविद्, सुरक्षाविद् र मौसमविद्बाट रायसुझाव लिएर अन्तिम प्रतिवेदन बनाई प्रदेश सभामा पेश गरिने सभापति पुनले बताए ।

अघिल्लो सरकारले बुटवललाई अस्थायी राजधानी तोकेको थियो । स्थायी राजधानी र नामाकरण प्रदेशसभाको दुई तिहाई वहुमतले निर्णय गर्नुपर्ने संवैधानिक व्यवस्था छ ।



# केटी भगाएपछि बाबुसँग ४० लाखको कागज

**राकेश प्रसाद चौधरी**

सिरहा । केटाले केटी भगाएपछि उनका बाबुआमा र आफन्तले कत्ति दुख कष्ट भोग्नुपर्छ, त्यसको एउटा घटना सिरहा जिल्लामा बाहिर आएको छ ।

गोलबजारस्थित एक कलेजमा स्नातक अध्ययनरत केटा र केटी भागेर विवाह गरेपछि केटाको बुवालाई अस्पतालको शैय्यामा पुर्याइयो भने उनीसँग ५० लाख रूपैयाँको ऋण कागज नै गराइएको छ ।

केटा दलित र केटी गैरदलित भएकै कारण यो मामिला अहिले लहान प्रहरीसम्म पुगेको छ ।

छोराले गैरदलितकी छोरी भगाएर बिहे गरेको कारण केटी पक्षका व्यक्तिहरूले राजकुमार पासवानसँग २४ घण्टाभित्र दुबैलाई उपस्थित नगराएर पंचायतीमा ४० लाख तिनुपर्ने कागज गराएका थिए । तर, केटाकेटीको पत्तो लाग्न सकेको छैन । कागज गराएको पनि झण्डै महिना दिन बित्न लागेको छ । त्यो ऋण कागज कोसँग त्यसको पत्तो समेत छैन ।

केटी पक्षका नातेदारहरूले कुटपिट गरेका कारण पासवानले आफ्नो उपचारमा १० हजार रूपैयाँ खर्चिसकेका छन् ।

उनले भने, 'छोराले गरेको कामको सजाय मैले भोगिरहेको छु । उपचार गराउन ऋण लिनुपर्यो ।'

राजकुमारको चार छोराछोरीमध्ये छोरीको बिवाह भैसकेको भने जेठा छोरा गैरदलित केटीसँग घर छोडेर भागिसकेका छन् ।

कक्षा १२ र ११ मा अध्ययनरत दुई छोरा पनि यस्तै गल्ती गर्ने डरले उनी दुबैको पढाईलाई निरन्तरता नदिने पक्षमा देखिन्छन् । छोराछोरी पाल्न तथा पढाउन राजकुमार खेती किसानी, काठको काम तथा घर बनाउने कामका लागि मजदूरी गर्छन् । प्रहरीमा केटाको बाबु पासवानले कुटपिटको ठाडो उजुरी तथा छुवाछुत भएको भनेर मुद्दा समेत दर्ता गराइसकेका छन् ।

नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, सिरहाका अध्यक्ष मोहन पासवानले यो मुद्दा प्रहरीसम्म पुगिसकेकोले यस घटनालाई सहज बनाउने विषयमा छलफल भइरहेको बताए ।

## मुस्लिम धार्मिक सम्मेलन

नेपालगञ्ज । दावते इस्लामी नेपालको आयोजनामा नेपालगञ्जमा अन्तर्राष्ट्रियस्तरको तीन दिने मुस्लिम धार्मिक सम्मेलनको आयोजना गरिएको छ । सो सम्मेलनमा विभिन्न प्रकारका धार्मिक प्रवचनका साथै नेपालगञ्जमा रहेको दावते इस्लामीमा अध्ययन गर्ने विद्यार्थीलाई इस्लामिक उपाधि प्रदान गरिएको छ । विश्वमा बढ्दै गइरहेको बेरोजगारी, अमानवियता र अशान्ति विरूद्ध धार्मिक चिन्तनद्वारा विश्वमा भाइचारा, अमनचैन र शान्तिसुरक्षा कायम गर्नुपर्ने कुरामा सम्मेलनमा जोड दिइएको थियो ।

## स्थानीय सम्वाद

# भिजन, रिजन र एक्सन सबै छ




**उदयकुमार बरबरिया यादव**
**नगरप्रमुख**
**शहीदनगर नगरपालिका, धनुषा**

**० जनप्रतिनिधिको रुपमा काम गरिरहँदा कस्तो महसुस गरिरहनुभएको छ ?**

– म जनप्रतिनिधिको रूपमा काम गर्दा एकदम गौरवान्वित महसुस भइरहको छ । मलाई सबै नेपालकै कान्छो मेयर भनेर पनि भन्छन् । कान्छो मेयर भएर पनि ~~शोषण दमनमा परेका जनतालाई सेवा प्रदान गर्दा गौरवको अनुभूति भइरहेको~~ छ ।

**० तपाईं काम गरिरहँदा कतिको चुनौती वा अप्ठ्याराहरु महसुस गर्नुहुन्छ ?**

– मेरो विचार काम गर्न भिजन, रिजन र एक्सन चाहिन्छ । यी तीन वटा कुरा यदि स्पष्ट छ भने काम गर्न केही अप्ठ्यारो छैन । काम गरिरहँदा विभिन्न बाधा र अड्चनहरू आउँछन् तर भिजन प्रष्ट भएपछि अवश्य नै गन्तव्यमा पुगिन्छ । हामीलाई जनताले विकास गर्नका लागि निर्वाचित बनाएको हो ।

**० तपाईंले निर्वाचनका बेला कस्ता-कस्ता नारा दिनुभएको थियो ।**

– अन्य पार्टीको जस्तो नाराहरू दिएको थिइनँ । म एउटा युवा भएको हुनाले मैले जनतालाई भनेको थिएँ कि 'सुविधा सम्पन्न ऐतिहासिक शहर, समृद्ध शहीदनगर' । यही नाराको वरिपरि रहेर म काम गरिरहेको छु ।

**० शहीदनगरलाई समृद्ध बनाउने योजनाहरु के-के छन् ?**

– शहीदनगरलाई समृद्ध बनाउन मैले मास्टरप्लान बनाएको छु । म आफै पनि सिभिल इन्जिनियर छु । त्यसैले मैले सुरूमा जनताका आधारभूत आवश्यक पूरा गर्‍यौं । म जुन क्षेत्रबाट प्रतिनिधित्व गर्छु, यो क्षेत्रलाई मधेशको रोल्पा-डोल्पाको रूपमा चिनिन्छ । पहिला वर्षायाममा बाटोघाटोमा हिलैहिलो हुन्थ्यो । त्यसमा सुधार गर्‍यौं । हामीले सुरूमा बाटोघाटो बनायौं । हामीले आरसीसी र पीसीसी

> म आफ्नो कार्यकालभित्र शहीदनगर नगरपालिकालाई 'सुविधा सम्पन्न ऐतिहासिक शहर, समृद्ध शहीदनगर' बनाउने अठोट लिएको छु । यसलाई नै टारगेट बनाएर हामी काम गरिरहेका छौं । म अरूजस्तो गफ मात्र दिन चाहन्न ।

ढलानहरू गर्‍यौं । अहिले हाम्रो नगरपालिकाको हरेक वडाहरूमा पोलिङ्ग भएर बिजुली पुगिसकेको छ । यसभन्दा हामीले गत वर्षका अधुरा कामहरू पूरा गर्न लागेका छौं । हामीले यहाँ पर्यटकीय क्षेत्रको रूपमा पनि विकास गर्दैछौं । त्यस्तै, कृषिलाई आधुनिकीकरण कसरी गर्ने, कृषकलाई तालिम दिने लगायतका कामहरू पनि अगाडि बढाएका छौं । प्रदेश २ मा जम्मा २ वटा मात्र सुपरजोन छन् । एउटा बाटा जिल्लामा छ भने अर्को हाम्रो शहीदनगर नगरपालिकामा छ । त्यसलाई स्तरोन्नतिका लागि जोड दिइरहेका छौं ।

**० तपाईंको कामबाट त्यहाँका जनता कतिको सन्तुष्ट छन् ?**

– जनता एकदम सन्तुष्ट छन् । जनतालाई विकास चाहिएको छ । गत आर्थिक वर्षमा हामीसँग सीमित बजेट थियो, त्यहीं बजेटबाट धेरै विकास गरेका छौं ।

**० स्थानीय निर्वाचनपश्चात् सिंहदरबार गाउँ-गाउँमा भन्ने नारा कतिको महसुस गरेका छन् ?**

– यहाँका जनताले सिंहदरबार गाउँ-गाउँमा महसुस गरेका छन् । यो नाराबाट जनताको घरदैलोमा पुगेको छ । काम गर्दा केही बाधा अड्चन आउँछन् । स्थानीय सरकार सञ्चालन ऐन छन्, त्यसमा टेकेर काम गर्दा कुनै अप्ठ्यारो परेको छैन ।

**० करिब दुई दशकदेखि जसरी जनप्रतिनिधिविहीन थियो, कस्ता बेथितिहरुको सामना गर्नुपर्‍यो ?**

– लामो समयदेखिको जनप्रतिनिधिविहीनताका कारण धेरै समस्याहरू थियो । जनताले आफ्नो काम गराउन एकदमै अप्ठ्यारो हुन्थ्यो । केही समस्या पर्दा सिडियो कार्यालय गुहार्नुपर्दथ्यो । तर, अहिले केही समस्या पर्दा वडा कार्यालयहरूबाट जनताले सेवा लिइरहेका छन् । हामीले न्यायिक समिति पनि गठन गरिसकेका छौं । त्यसैले जनताले महसुस गरिरहेका छन् कि सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुगिसकेको छ ।

**० प्रदेश र केन्द्र सरकारसँग कतिको तालमेल हुन्छ ?**

– दुईटै सरकारसँग हाम्रो राम्रो तालमेल भइरहेको छ । किनभने नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री हुँदा म उहाँको स्वकीय सचिव भएर काम गरेको थिएँ । म निर्वाचनमा लड्नुभन्दा पहिला नै प्रधानमन्त्री कार्यालयबाट बजेट ल्याएर म आफ्नो नगरपालिकामा धर्मशाला, मन्दिर, बाटोघाटो ढलान लगायतका काम गरेको थिएँ । त्यो अनुसारले पनि यस नगरपालिकामा केन्द्रबाट पनि बजेट आइरहेको छ । म कम्युनिष्ट पार्टीको तर्फबाट निर्वाचित भएर पनि आफ्नो क्षमता, योग्यताका आधारमा प्रदेश सरकारसँग पनि सहकार्य भइरहेको छ । त्यसैले काम गर्ने मान्छेलाई कसैले रोक्न सक्दैन । अहिले हामी कुनै पार्टीको प्रतिनिधि भएर काम गरिरहेका छैनौं । यस नगरपालिका सबै जनताका प्रतिनिधिको रूपमा काम गरिरहेको छु ।

**० तपाईं आफ्नो कार्यकालमा शहीदनगर नगरपालिकालाई कस्तो बनाउने सोच्नुभएको छ ?**

– म आफ्नो कार्यकालभित्र शहीदनगर नगरपालिकालाई 'सुविधा सम्पन्न ऐतिहासिक शहर, समृद्ध शहीदनगर' बनाउने अठोट लिएको छु । यसलाई नै टारगेट बनाएर हामी काम गरिरहेका छौं । म अरूजस्तो गफ मात्र दिन चाहन्न । काम गरेर देखाउँछु । धनुषा जिल्लामा कामकाज गर्नेमा मेरो नाम दोस्रो नम्बरमा आएको छ । मेरो लक्ष्य एक नम्बरमा पुग्ने हो । यो नगरपालिकालाई म स्मार्टसिटीको वरिपरिमा पुर्‍याउँछु । म स्मार्टसिटी नै बनाउँछु भनेर गफ दिन चाहन्न । किनभने पाँच वर्षभित्रै स्मार्टसिटी बन्न सक्दैन । यसका लागि कम्तीमा दश वर्षभन्दा बढी समय लाग्न सक्छ । हामी यस वर्ष आफ्नो योजनाअनुसार काम गरिरहेका छौं ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



## विश्व परिवेश

# नेपालमा भारतीय लगानी : उच्च प्रतिबद्धता, ठूला चुनौतीहरूसँग जुझ्दै – ४

**अघि बढ्ने अभियानको खाँचो**

खास गरीकन नेपाल-तराई क्षेत्रका भारतका उत्तर प्रदेशका सीमासँग जुडेको जिल्लाहरूलाई भारतसँगको व्यापार केन्द्रको रूपमा निर्माण गर्न सकिन्छ। राष्ट्रिय दृष्टिकोणले यो सही हो कि दुबै देशबीच उदार सीमा व्यवस्थापन भए पनि व्यावसायिक दृष्टिकोणले दुबै देशका सीमा नजीकका जनताले, सीमामा रहेका जाँच चौकी लगायतका अन्य केही अमिल्दा गतिविधिले गर्दा अपेक्षित लाभ प्राप्त गर्न सकेका छैनन् ? सीमा क्षेत्रमा रेल संरचना र सडकको विस्तार भएमा प्रगतिशील व्यापार सम्बन्धले भारतलाई नेपालसँग व्यापक स्तरमा संलग्न गराउन सक्नेछ। उदाहरणका लागि मधुबनी देखी जनकपुरसम्मको उपयुक्त रेल-संरचना लगायत नेपालका अन्य ठूला शहर, हुँदै काठमाडौं सम्मको संजाल विस्तार भएमा नेपालले व्यापार क्षेत्रमा भोग्दै आएका अवरोधहरू समेत अन्त हुन जानेछ। व्यापार र कूटनीति बाह्य नीतिको मुख्य बिन्दु बन्नुपर्छ। भारत सरकार र नेपाल सरकारबीच संयुक्त द्विपक्षीय अनुसन्धान योजना संचालन भएमा त्यसले भारत र नेपाल बीच आर्थिक सहयोग र लगानीका अवसरहरू सम्बन्धमा ठूलो अवसर प्रदान गर्नेछ। त्यस योजनाको उद्देश्य व्यावसायिक गतिविधिहरू , जीविकाको सहारा, स्थानीय एनपादनको बजार विस्तार सँगै भारत-नेपालबीच सँधैको लागि द्विपक्षीय सम्बन्धलाई बलियो पार्दै जानेछ। समग्रमा सीमा वारपारको सहयोगलाई प्रबर्द्धन गर्दै उभय देशको सहभागी संस्कृतिमा आधारित स्थानीय व्यापार र लगानीका संभावनाहरूलाई निरन्तरता प्रदान गर्दै दुबै देशको सम्बन्धलाई समेत प्रगाढ पार्दै जानेछ।

नेपाल-भारत व्यापार तथा लगानीमा देखिएका अवरोधहरूको पुनरालोकन गर्दा स्पष्ट हुन आँउछ कि अवरोधहरूको पहिचान नगरी लागू गरिएको नीतिहरू प्रभावकारी नभएकोले त्यसलाई राजनीतिक पूर्वाधारलाई बेवास्ता गरी लागू गरिनु पर्दछ। प्राथमिकताका दृष्टिले गर्दै दुबै देशका लागि हरेक दृष्टिले लाभदायी र उपलब्धिमूलक हुनेछ। त्यसैले यस सम्बन्धमा दुबै देशले अपेक्षित ढंगबाट मूल्यांकन गरी अघि बढ्नु जरूरी छ। महत्वका दृष्टिले भारतले आफ्ना केही खाद्य तथा कृषि प्रशोधन एंव कामदारलाई प्रोत्साहित गर्ने क्रियाकलापहरूलाई नेपालमा समेत संचालित गर्नुपर्छ। अर्को महत्वपूर्ण पाईला दुबै देशबीच रहेको अनौपचारिक तथा सीमा व्यापारसँग सम्बन्धित मुद्दाहरूको परिक्षण गरी अवरोधहरूलाई हटाई परिस्थितिलाई राम्रो र प्रकृतिको बनाउनु हो। यस विचार धारालाई अग्रसारित गर्दै नेपाल-भारत आर्थिक तथा लगानीका आधारहरूको विश्लेषणात्मक विवेचन र कार्य-योजना सम्बन्धमा बढी अध्ययन गरी त्यसलाई प्रचारित गर्नु हो। विशेष महत्वपूर्ण उद्देश्य दुबै देशको लागानीमा समृद्धि सँग सम्बन्धित आर्थिक सहयोगलाई अघि बढाउने खालको हुनु पर्दछ। पहल गरिने क्रियाकलापहरू दुई छिमेकी बीचको आर्थिक सम्बन्धलाई बलियो र अभिप्रेरित गर्ने खालको हुनु पर्दछ। भारतले तेजीसाथ आर्थिक प्रगति गर्दै आए जस्तै प्रभावकारी भूमिका नेपालले २००६ देखि लागू गरेको बृहत् सुधार तथा शान्ति प्रक्रियाका क्रममा समेत लागू गर्न प्रोत्साहित गर्नु पर्छ।



सरकारी स्तरको संयुक्त प्रयासको उद्देश्य अन्य सहभागीहरू, जस्तै- सरकाहरू, दूतावासहरू, प्रवुद्धवर्ग तथा विश्लेषकहरू, संचार माध्यम, उद्योग वाणिज्य संघहरू लगायत अन्य समेतलाई प्रेरित गर्ने खालको हुनु पर्दछ। अझ उल्लेखनीय कुरो के भने नेपालमा प्रान्तीय सरकारहरू अस्तित्वमा आए पछि यस्तो प्रयासहरू गरीनु पर्दछ जसले नेपालको सीमासँग जुडेका भारतीय प्रान्तहरू - बिहार, उत्तर प्रदेश, उत्तराखण्ड र पशिचम बंगालले नेपालका छिमेकी जिल्लाहरूका नागरिकहरूका विचारहरू अनुरूप हुने प्रकारले समावेश गरीनु पर्दछ, जसले गर्दा बहुसंख्याले त्यसबाट प्रतिफल प्राप्त गर्नुका साथै उपयोग समेत गर्न सकोस्। प्रस्तावित उद्देश्यहरू भारत र नेपालको आर्थिक क्षेत्रसँगै लगानीको क्षेत्र समेतलाई पारवर्द्धित गर्ने खालको उद्देश्य अनुरूप निर्माण गर्नु पर्दछ।

**उपसंहार**

भारतबमट नेपालका जलविद्युत क्षेत्र, नेपालका सम्बन्धित मंत्रालयहरूका नीति-निर्माताहरूले दीर्घकालदेखि योजनाहरूका लागि प्राप्त गर्ने जग्गा सम्बन्धी मुलत्वीमा रहेका केही मुद्दाहरू समेत समाहित हुने प्रकारले लगानी प्रवाहित गर्ने कार्य हुनु पर्दछ। त्यस्ता थुप्रै जग्गासँग सम्बन्धित कुराहरू छन् जसले योजना निर्माण स्थलका लागि सडकको अभावमा अवरोधक रहेका छन्, त्यस्ता सडकहरूको विकास र मानिसको पुनर्वास समेतका गतिविधिहरूले योजनाहरूको गतिविधिहरूलाई प्रभावित पार्दै आएको छ। नेपालले अन्तर्राष्ट्रिय मजदूर संगठन (आई.एल.ओ.) कन्मेन्सन १६९मा हस्ताक्षर गरेर आदिवासी र जनजातिहरूको अवस्था उसको कार्यप्रगतिमा अवरोधक रहेको प्रायः दोहर्याउँदै आएको छ। तर जे भए पनि बर्तमान परिप्रेश्यमा त्यस्ता केही प्रगति भएको देखिएको छ।

महत्वपूर्ण योजनाहरूको संरचनात्मक स्वरूपका मामलामा नेपालले भारतीय पक्षलाई, महत्वपूर्ण सडक योजना सम्बन्धमा आफ्नो प्रतिवद्धताप्रति संवेदनशीलता देखाउनु पर्छ। राजनीतिक परिवर्तनका कारण मधेशका सडक योजनाहरू व्यापक स्थरमा पूरा हुन सकेका छैनन् जसले गर्दा सम्भव भएका आर्थिक उपलब्धिहरू नराम्ररी प्रभावित भै सीमा वार-पारको सम्बन्ध समेत प्रभावित हुन पुगेको छ। प्रवेश स्तरमा भारतीय लगानीकर्ताहरूका औद्योगिक सामग्रीहरूलाई उचित ढंगले प्रवेश गर्न दिईने वातावरण निर्माण गर्नु पर्छ। आयात-निर्यात गर्ने व्यापारसँग सम्बन्धित ऐन-नियमहरू सुविधामूलक ढंगले कार्यान्वित हुने प्रकारको हुनु पर्दछ। जो कुनै प्रशासनिक अवरोध र व्यावसायिक प्रयासलाई हतोत्साहित गर्ने खालको नभएमा मात्र राष्ट्रिय अर्थव्यवस्थाको विकासलाई मात्र सघाउनेछ। नेपालको सबभन्दा ठूलो अभियान आफ्नो अर्थव्यवस्थालाई निरन्तर गतिशील राख्ने खालको हुनु पर्छ। दुबै देशबीचको व्यापारलाई अघिबढाउन र कूटनैतिक सहयोगको मामलालाई सतर्कतापूर्वक संचालन गर्ने समय आई सकेको छ।

आजको तथ्यांकले पनि यो पुष्टि गरी सकेको छ कि काठमाडौंको शासनले प्राप्त सहयोग-संशाधनहरूको सही उपयोग नगर्नुका साथै संरचनात्मक पुनर्निमाण सँगै जनताको जीवनमा आफ्नो रकम समेत व्यवस्थि गर्न सकेको छैन। नेपालले दृढतापूर्वक आफ्नो लोकतान्त्रिक परिवेशको थालनीको क्रममा नेपालले उच्च प्रतिरोधी आयात अर्थव्यवस्थासँग जुझ्दै आउनु परेको छ। क्षेत्रीय वा प्रान्तीय अव्यवस्थित विचार धाराहरू नेपालका लागि आज सबभन्दा ठूलो चुनौती बन्न गएको छ। विचारधारा र नीतिनिर्माताहरू सुरक्षित रहेका छन्। अर्थव्यवस्था बारे बहुत कमै छलफल हुने गरेको छ, जसको प्रकृति वास्तवमा ज्यादै व्यापक स्तरमा बढ्दै गएको छ। व्यापक स्तरको भूकम्प पश्चात् 'वास्तवमा आम्दानी' को समुचित व्यवस्थापन नभएको कारण असमानताको ज्यादै व्यापक स्तरमा बढ्दै गएको छ। राम्रो अर्थव्यस्थाले हरेक अवरोधहरूलाई समाधान गर्छ, त्यसैले नेपाल सरकारले लगानीको पुनर्शक्ति करणलाई सबभन्दा ठूलो प्राथमिकता दिनु पर्छ, विशेष रूपले नेपालमा हुने भारतीय लगानीलाई। -समाप्त

*(अतुल के. ठाकुर नयाँदिल्लीका दक्षिण एशिआई मामलाका सार्वजनिक नीति विश्लेषक, लेखक र स्तम्भकार हुनुहुन्छ )*

# घातक आतंकवादी आक्रमणबाट के सिक्ने ?

मुस्लिम धर्म अन्तर्गत जैस-ए-महोमद एक मुस्लिम अतिवादी धार्मिक समूह हो। यस समूहका सदस्यले आफूलाई मोहमदमा सेना भन्ने दाबी गर्छन्। युएइ, बेलायत, पाकिस्तान, भारत लगायत अन्य देशहरूमा सक्रिय यो समूह भारतको विवादित क्षेत्र जम्मू कस्मिरलाई भारतबाट अलग्याउने भनि बताएको छ। मुस्लिम धर्म अन्तर्गत जैस-ए-महोमदले यो भन्दा पहिले पनि भारमा धेरै पटक विस्फोटक हमला गरेको छ। विश्वको धेरै देशरूमा यसको सञ्जाल रहेको बताइन्छ। पाकिस्तान र अफगानिस्तानमा सक्रिय तालिवान र अलकायदानिकट मानिने यो समूहले हमलामा गठबन्धन नै गरेको छ।



सन् २००० अप्रिल २० मा पहिलो पटक कस्मिरस्थित भारतीय सेनाको ब्यारेकमाथि आत्मघाती हमलासँगै यो समूहले आफ्नो प्रभाव देखाएको थियो। यो हमलासँगै जैस-एले पाक-भारतको विवादित क्षेत्र कस्मिरमा त्यही हमलासँगै आफ्नो उपस्थितिको सन्देश दिएको थियो। कस्मिरमा भएको पहिलो आक्रमणमा ५ जना भारतीय सैनिक मारिएका थिए।

सन् २००१ अक्टोबरमा जम्मु-कस्मिरको विधान सभा भवनमा अर्को हमला गर्‍यो। जहाँ ३८ जनाले ज्यान गुमाएका थिए। यसको दुई महिनापछि डिसेम्बरमा लस्कर ए तैबाका लडाकु सँग मिलेर यसका लडाकुहरूले भारतको संसद् भवनमै धावा बोले। त्यस हमलामा आठ जना सुरक्षाकर्मी र बगैंचामा काम गरिरहेका एक कामदार मारिए। तर उक्त हमलापछि केही बेरमै सुरक्षाकर्मीले अवस्थालाई नियन्त्रणमा लिए।

तत्कालीन भारत सरकारले लस्कर ए तैबा र जैस ए मोहम्मद नै यो घटनामा संलग्न भन्दै उनीहरूविरूद्ध कारबाही घोषणा गर्‍यो। भारत सरकारको आक्रमक कदमपछि जैस ए मोहम्मदका चार कार्यकर्ता तत्कालै पक्राउ परे। यही घटनामा संलग्न भन्दै भारत सरकारले अफजल गुरूलाई फाँसी पनि दियो। भारतको संसदमै भएको यस्तो हमलाबारे धेरै टिप्पणी भए। सुरक्षाविद्ले यस हमलालाई आधुनिक आतंकवादको नयाँ रूप बताउँदै यसलाई भयानक र विश्वमै फरक किसिमको भनी टिप्पणी गर्छन्।

भारतले उक्त घटनालाई लोकतन्त्रमाथिकै हमला भन्दै ठूलो संख्यामा पाकिस्तानसँगको सीमाक्षेत्रमा सुरक्षाकर्मी परिचालन गर्‍यो। त्यही कारबाहीको श्रृंखला निरन्तर १५ वर्षसम्म चलिरहेको हो।

जैस-ए-मोहम्मदलाई संयुक्त राष्ट्रसंघले सन् २००१ अक्टोबरमा र अमेरिकाले सन् २००१ डिसेम्बरमा अन्तर्राष्ट्रिय आतंकवादी संस्थाको सूचीमा राखेका थिए। पाकिस्तानले सन् २००२ जनवरीमा यसलाई प्रतिबन्ध लगाएपछि यसले आफ्नो नाम खुद्याम एल इस्लाम राखेको थियो। खुद्याम स्वयम् पनि सन् २००३ मा प्रतिबन्धित भयो। यसपछि उक्त समूहले आफूलाई अल रह मत ट्रस्टका रूपमा चिनाउन थाल्यो। औपचारिक रूपमा २००४ देखि प्रतिबन्ध लगाइए पनि यसका नेता मसूद अजरलाई पाकिस्तानले नै संरक्षण दिएको छ।

यस सन्दर्भमा, नेपालसँग एक महत्वपूर्ण र बढ्दो मुस्लिम जनसंख्या छ भने यस पक्षमा विशेष ध्यान दिन आवश्यक छ जुन भविष्यमा निपटाउन गाह्रो हुन सक्छ।

यस आधारभूत र कट्टरपनको बारेमा सरकारी सुरक्षा एजेन्सीहरूको ज्ञानको कमी यस खतरासँग व्यवहार गर्न गम्भीर चुनौती छ। मस्जिदहरूको उत्तरदायित्व र तिनीहरूका लागि उपलब्ध रकमहरूको आवागमनलाई नजिकको अवस्थाको को आवश्यक्ता छ। समुदायमा धार्मिक कथाको प्रवृतिहरू पनि हेर्नु पर्नेछ। नेपालका अन्य मल्लाहरू र अन्य देशका मुल्लाहरूको आचरणलाई नजिकैको निरीक्षण गरिनु पर्दछ, मस्जिदहरूमा बसाएका शिक्षाहरूको प्रकृति पनि अनुगमन हुनुपर्छ। त्यसैले नेपाल सावधान रहनु पर्छ कि यहाँ रहेका ठूलो मुस्लिम जनसंख्यासँग यस्तो व्यवहार नहोस्।

## "यथास्थितिमा स्ववियु निर्वाचन असम्भव"

काठमाडौं। नेपाली कांग्रेस निकट नेपाल विद्यार्थी संघका महामन्त्री कपलेश्वर यादवले यथास्थितिमा स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन हुन नसक्ने दाबी गरेका छन्। महामन्त्री यादवले मधेशवाणीसँग संक्षिप्त कुराकानी गर्दै स्ववियु निर्वाचन हुनभन्दा पहिला निर्वाचन प्रणालीबारे वृहत् बहस हुन जरूरी रहेको जिकिर गरेका छन्। 'समावेशी र आरक्षणको जुन सिट छुट्याइएको छ, त्यस विषयमा छलफल हुनुपर्ने हो' महामन्त्री यादवले भने, 'अर्को कुरा त्रिभुवन विश्वविद्यालय र संयुक्त विद्यार्थी संगठनको तर्फबाट पनि साझा धारणा आउनुपर्ने हो। तर त्यो पनि हुन सकेको छैन।' उनले सरकारले परिवर्तनलाई स्वीकार हुने गरी तत्काल मधेशी, आदिवासी जनजाति लगायतका विद्यार्थीहरूको समावेशिताको सवालमा साझारूपमा अगाडि बढ्नुपर्ने सुझाव दिएका हुन्।

## वडा नं.५ दोस्रो पटक विजेता

रौतहट। रौतहट जिल्लाको सदरमुकाम गौरस्थित व्यारेक मैदानमा जारी गौर नगरस्तरीय महिला फुटवाल टूर्नामेन्ट प्रतियोगिताअन्तर्गत दोस्रो उपमेयर कपको उपाधी नीरज साहको टीम वडा नम्बर ५ बाल मन्दिरले जितेको छ। स्थानीय विकास केन्द्रले आयोजना गरेको फुटवल प्रतियोगितामा सोमबार भएको फाइनल खेलमा वडा नम्बर ८ लाई ३,२ ले पराजित गर्दै वडा नम्बर ५ ले जितेको हो। खेलको पहिलो हाफमा २ गोल गरेका वड़ा नम्बर ५ ले दोस्रो हाफमा १ गोल गर्न सफल भएका थिए भने वड़ा नम्बर ८ ले २ गोल गरेको थियो। वड़ा नम्बर ५ बाट रिनिका यादव , पुजा बैठा र पार्वती यादवले एक एक गोल तथा ८ वाट मिथिलेश कुमारी र रिंकु कुमारीले एक एक गोल फर्काएका थिए। छ नं. वार्डले दोस्रो पटक विजेता भएको छ। प्रतियोगिताको समापन समारोहलाई सम्बोधन गर्दै प्रदेश २ का भौतिक पुर्वाधार तथा यतायात विकास राज्यमन्त्री डाक्टर डिम्पल झाले महिलाहरूको लागी फुटवाल खेल कठिन भएपनि प्रर्दशन गर्ने साहस देखाउनु गर्वको कुरो रहेको बताएकी छन्।

## जिल्ला समाचार

### कवि एवं मुशायरा कार्यक्रमका हुँदै

कपिलवस्तु। "सुन्दर एवम् समृद्ध विजयनगरका लागि वृहत सांस्कृतिक कार्यक्रम" मुख्य नारासहित विजयनगर गाउँपालिकाको आयोजनामा यही फागुन १० गते हुने कवि सम्मेलन मुसायरा कार्यक्रमका लागि पत्रकारसँग छलफल गरिएको छ। विजयनगर गाउँपालिका अध्यक्ष गोपाल थापाको अध्यक्षता, राम प्रकट कोरीले उद्घोषकको भूमिका निर्वाह गरेका थिए। जिल्लाका अधिकांश पत्रकार साथै छिमेकी राष्ट्र भारतका समेत पत्रकारहरूको उपस्थित थियो। विजयनगर गाउँपालिकाका अध्यक्ष गोपाल थापाले सम्पूर्ण पत्रकारलाई स्वागत गर्दै उक्त कार्यक्रमको तयारी तिब्र रूपमा भइरहेको, कार्यक्रमले दिगो विकासका सम्भावना खुल्ने, सामाजिक सद्भाव समेत कायम हुने विस्वास राख्दै सबै पत्रकारहरूलाई आआफ्नो ठाउँबाट कार्यक्रम सफल बनाउन लाग्नु पर्ने कुरामा जोड दिए। सम्मेलनमा प्रमुख अतिथि पूर्वप्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्ड, विशिस्ट अतिथि नेपालका लागि भारतीय राजदूत मन्जित सिंह पुरी, पूर्वमंत्री हृदयेश त्रिपाठी, पूर्वमन्त्री ईश्वर दयाल मिश्र, भारत उत्तर प्रदेशका पूर्वविधान सभा अध्यक्ष मता प्रसाद पाण्डेय, भारत उत्तर प्रदेश बढनीका पूर्व चेयरमैन राम नरेश उपाध्याय लगायत नेपाल र भारतका शीर्ष नेताहरू आउने जानकारी गराए।

### आन्दोलनका लागि तयार रहन निर्देशन

जनकपुरधाम। नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले आन्दोलनका लागि तयार रहन कार्यकर्ताहरूलाई निर्देशन दिएका छन्। नेपाल स्वास्थ्यकर्मी संघ प्रदेश २ को शपथग्रहण कार्यक्रमलाई सोमबार सम्बोधन गर्दै सो निर्देशन दिएका हुन्। उनले दुई तिहाइको दम्भ देखाएर केपी ओली नेतृत्वको सरकारले राजनीतिक आस्थाका आधारमा कर्मचारीलाई आतंकित पारेको भन्दै सरकारको रबैयाबिरूद्ध आन्दोलनका लागि तयार रहन कार्यकर्तालाई निर्देशन दिएका छन्। उपसभापति निधिले प्रदेश सरकारले पनि कर्मचारीलाई भेदभाव गरिरहेको गुनासाहरू आएको भन्दै आवश्यक परे आन्दोलनको लागि तयार भएर बस्नुपर्ने बताएका हुन्। राजनीतिक र वैचारिक आस्थाको आधारमा कर्मचारीलाई तर्साउने काम आफूहरूलाई सह्य नहुने निधिले बताए। उनले आफ्नो अधिकार क्षेत्रभित्र रहेर जनताको सेवामा तदारूकताका साथ खट्न कर्मचारीहरूलाई आग्रह गरे।

### राजपाको वडास्तरीय समिति गठन

नेपालगन्ज। राष्ट्रिय जनता पार्टी नेपाल बाकेको वडा नम्बर १ को वडास्तरीय समिति गठन भएको छ। संघीय समाजवादी फोरम नेपाल बाँकेका वडा नम्बर १ का वडा सदस्य अनिता बानवाल थोरे मातले प्रजित महिलासहित ५० जना राजपा बाँकेमा प्रवेश गरेका छन्। समिति गठनका लागि राष्ट्रिय जनता नेपालको केन्द्रीय सदस्य शतवति कुर्मी, प्रेस मञ्च नेपालका केन्द्रीय उपाध्यक्ष आशिष गुप्ता, जिल्ला सदस्य आनवर जावेद सिद्दिकी, जिल्ला सदस्य बाबू अन्सारी लगायतको उपस्थिति रहेको थियो। समिति गठनको प्रक्रिया वडा नम्बर १ को स्थानीय अगुवा नेता हसिब हलवाईको अध्यक्षतामा भएको थियो।

### पोशाक वितरण

राकेश यादव, रौतहट। रौतहट जिल्लाको राजदेवी नगरपालिका वडा नम्बर ७ मुडवालबामा संचालित माँ शारदे प्राथमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई एक कार्यक्रम विच छात्रवृति रकम वितरण गरिएको छ। आर्थिक वर्ष २०७५। ०७६ को प्राप्त भएको २१ हजार ६ सय रूपैयाको विद्यालय पोशाक वितरण गरिएको हो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भिखारी प्रसाद यादवले विद्यालयमा अध्यनरत कक्षा १ देखि ४ सम्मका ८० जना बाल बालिकाहरूलाई पोशाक वितरण गरेको प्राध्यानध्यापक मुरारी प्रसाद यादवले जनाएका छन्। कार्यक्रममा शिक्षक शिक्षिका अभिभावकहरूको सहभागिता रहेको थियो।

### मिर्चैयामा श्रद्धान्जली

राम नारायण पंडित, सिरहा। भारत प्रशासित कशिमरमा भएको भीषण आक्रमणमा ज्यान गुमाएकाहरूप्रति मिर्चैयामा श्रद्धान्जली अर्पण गरिएको छ। मिर्चैया नगरपालिका ५ स्थित रहेको शान्ति युवा क्लबले आयोजना गरेको श्रद्धान्जली सभामा ज्यान गुमाएकाहरूको आत्माको शान्तिका लागि मैनबत्ती प्रज्वलन गर्दै आइतबार साँझ मौन धारण गरिएको थियो। कशिमरको प्रमुख शहर श्रीनगरबाट करिब २० किलोमिटर टाढा पुलवामा जिल्ला स्थित राजमार्गमा छुट्टी मनाएर काममा फर्कंदै गरेका करिब २ हजार ५०० सुरक्षाकर्मी बोकेको ७८ ओटा सवारी-साधनलाई लक्षित गरी विस्फोटक पदार्थले भरिएको एक भ्यानले बिहीबार आत्मघाती आक्रमण गरिएको थियो। आक्रमणमा ४१ भन्दा बढी सैनिकको मृत्यु भएको थियो। आक्रमणमा अन्य २० जनाभन्दा बढी घाइते भएका छन्। आक्रमणको जिम्मेवारी आतंककारी समूह जैस-ए मोहम्मदले लिएको छ। आकमणका कारण भारत र पाकिस्तानबीचको सम्बन्धले नयाँ मोड लिएका छन्।

### ५० वर्षे गुरूयोजना निर्माण तयारी

बुटवल। नन्द-भाउजु ताल, सिंसार क्षेत्र, ऐतिहासिक बाउन्नकोटी मन्दिर, सुन्दर शान्त र हरियाली वातावरणका बावजुत सम्भावना बोक्दा बोक्दै ओझेलमा परेको बाउन्नकोटी सामुदायिक बन उपभोक्ता समुह (चिमटिप) रूपन्देहीलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न अनुमानित ७५ करोड रूपैयाँ खर्चेर ५० वर्षे गुरूयोजना निर्माण तयारी थालिएको छ। महालक्ष्मी ईन्जिनियरिङ कन्सल्टेन्सी समन्वयमा ईन्जिनियर जिवन कुमार वनसहित सुदिप ढकाल र निशा वनले तयार गरेको नक्सांकनमाथि आइतबार भएको छलफल तथा सुझाव संकलन (अर्न्तक्रिया) कार्यक्रमले गुरूयोजना मार्फत पर्यटकीय विकास गर्ने लक्ष्य बोकेको हो।

### हत्या गरी जलाउने अभियुक्त पक्राउ

धनुषा। जबरजस्ती करणी पश्चात् बालिकाको हत्या गरी जलाउने अभियुक्त धनुषा बटेश्वर-४ बैगाली टोल बस्ने निरन भन्ने निरज जर्घा मगर (हाम्ली डन) लाई प्रहरीले सोमबार पक्राउ गरेको छ। धनुषा मिथिला नगरपालिका-३ हरिहरपुर मगर टोलस्थित उखुबारीमा सोही ठाउँ बस्ने बोल्न नसक्ने ११ वर्षीया रेश्मा भन्ने दुतिया रसाइलीको जलेको शव फागुन २ गते बिहान फेला परेको घटनाको अनुसन्धानको क्रममा अभियुक्त जर्घा मगरको संलग्नता खुल्न आएपछि उनलाई प्रहरीले पक्राउ गरेको हो। सोही ठाउँस्थित विवाह भोजमा फागुन १ गते साँझ पुगेकी बालिकाको भोलिपल्ट शव फेला परेपछि तत्कालै २ नम्बर प्रदेश प्रहरी कार्यालय जनकपुर, संघीय प्रहरी कर्यालय र जिल्ला प्रहरी कार्यालय धनुषाको संयुक्त प्रहरी टोलीले सुक्ष्म अनुसन्धान गरी खोजी गर्ने क्रममा लुकिछिपी भारततर्फ भाग्न लागेको अवस्थामा धनुषा बिदेह नगरपालिका-२ दुहबी टोलबाट अभियुक्त जर्घा मगरलाई पक्राउ गर्न सफल भएको हो।

### एक वर्षको उपलब्धि सार्वजनिक

धनगढी। सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले एक वर्षको उपलब्धि सार्वजनिक गरेका छन्। मुख्यमन्त्री भट्टले एक वर्षको अवधिमा प्रदेश सरकारको काम सन्तोषजनक रहेको बताएका छन्। सरकार गठन भएको एक वर्ष पुगेको अवसरमा आइतबार आयोजित पत्रकार सम्मेलनमा एक वर्षको उपलब्धि सार्वजनिक गर्दै मुख्यमन्त्री त्रिलोचन भट्टले सरकारका लागि आवश्यक पूर्वाधार व्यवस्थापन गर्न र कानूनहरू निर्माण मुख्य उपलब्धि भएको बताएका हुन्।

### फोरमको खेलकुद महासंघ समिति गठन

कपिलवस्तु। संघीय समाजवादी फोरम नेपालको भातृ संगठन सङ्घीय खेलकुद महासंघ प्रदेश नं.५ को प्रदेश स्तरीय भेला बुटवलमा सम्पन्न भएको छ। भेलाले विरेन्द्र प्रसाद चौधरीको अध्यक्षतामा १७ सदस्यीय प्रदेश समिति गठन गरेको छ। समितिको उपाध्यक्षमा उपेन्द्र यादव, राजकुमार हरिजन, मुख्य सचिवमा अफजल खान, सचिव अमरेश प्रताप सिंह, केशव कुमार सारू र कोषाध्यक्षमा मिना सोमै रहेका छन्।

### क्यान ईन्फोटेक अवलोकन

बुटवल। कम्प्युटर एशोसीयशन महासंघ (क्यान) रूपन्देहीको आयोजनामा बुटवलमा जारी स्टार्टअप वाईटेक क्यान ईन्फोटेक सूचना प्रविधिसम्बन्धी प्रदर्शनीमा आइतबार प्रदेश नम्बर ५ का उद्योग, पर्यटन वन तथा वातावरण मन्त्री लिला गिरीले अवलोकन गरेका छन्। प्रदर्शनीको तेस्रो दिन मन्त्री लिला गिरीसँगै प्रदेश सभा सदस्य दधिराम न्यौपाने(माधव शर्माले) समेत अवलोकन गरेका हुन्। क्यान ईन्फोटेक अवलोनक पश्चात मन्त्री गीरीले स्थायी प्रकृतिको प्रदर्शनी स्थलको आवश्यकता महसुस गरिएको बताए। उनले सोहीअनुसार प्रदेश सरकारले नै अहिले बुटवल मण्डपमा स्थायी प्रकृतिको प्रदर्शनीस्थल बनाउने कार्य समेत अगाडी बढाएको बताए।

### तरूण दल भैरहवाद्वारा न्यानो माया प्रदान

भैरहवा। नेपाली कांग्रेसको भातृ संगठन नेपाल तरूण दल सिद्धार्थनगर समितिले नगरका विपन्न वर्गलाई सिरक र डसना वितरण गरेको छ। तरूण दलद्वारा न्यानो माया प्रदान कार्यक्रम नाम दिएर नगरका सबै वडामा रहेका ६६ परिवारलाई सिरक र डसना वितरण गरिएको कार्यक्रम संयोजक कोशिश खडकाले जानकारी दिए। न्यानो माया प्रदान कार्यक्रममा बोल्दै प्रमुख अतिथि नेपाली कांग्रेसका जिल्ला सभापति अब्दुल रज्जाकले नेपाली कांग्रेस सधैं बिपि कोईरालाको समाजवादको बाटोमा हिड्ने बताए। उनले बिपिले सधैं बिपन्न वर्गको सहयोगको लागी आव्हान गरेकै बाटोमा कांग्रेस हिंडेको बताए।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

मोरङ। कानेपोखरी गाउँपालिका-६ रमाईलो बजारस्थित सडकमा को.२७ प ८६७४ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा एक युवकको मृत्यु भएको छ। शुक्रबार साँझ दुर्घटना हुँदा गम्भीर घाइते भएका चालक सोही गाउँपालिका(४ बस्ने ३२ वर्षीय रबिन गहतराजको घोपा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।


सयौं किलोका माला किन्न लाग्ने खर्चले गरीब नेपालीका छोराछोरीलाई कापी र कलम किनेर दिएको भए ती बच्चाहरू कति खुशी हुने थिए होलान् ? उपचार खर्चको अभावमा मृत्यु शैय्यामा छट्पटाईरहेको गरीबलाई दिएको भए पनि उनले जीवन र खुशीसँगै पाउने थिए । नेतालाई खुशी पारेर खुशी नेपाली, सुखी नेपाली बन्छ ? धनराज गुरूङ


बहुदलीय जनवादको बाटो हुँदै नौलो जनवादमा जान नेपालमा सजिलो छैन । मदन भण्डारीको बहुदलीय जनवादको परीक्षणकालमा छौं हामी । सरिता गिरी


निषेध लोकतान्त्रिक तरिका होइन । निश्चितरूपमा विमर्शमा हामीले प्रयोग गर्ने शब्द प्रयोगले हाम्रो व्यक्तित्वलाई परिभाषित गराउँछ । हामी कुन पद र पहिरन धारण गरेका छौं भन्दा भाषा र व्यवहार महत्वपूर्ण हो लाग्छ । चन्द्रकिशोर


जनताले पुराना नेतालाई माला र खादाले स्वागत गर्ने भन्दा सत्तामा हुँदा उनीहरूको काम/व्यवहारबारे खरा प्रश्न गरौं । नयाँहरूको कार्यशैलि/योजनाका बारे सोधखोज गरौं । अनि मात्र जनउत्तरदायि लोकतन्त्रको जग बस्छ । सूर्यराज आचार्य


न पानी छ । न कुनै जहाज । अनि के पानी जहाज कार्यालय उद्घाटन गरेको होला ? यति विधि नौटंकी किन ? जनतालाई कति मुर्ख सम्भन्छन् यार ? सुरेश मण्डल


जाबो एउटा गीतलाई पचाउन नसकेको हाम्रो देशको लोकतन्त्र के असफलताको उन्मुखमा छ ? सरोज राय


नेपालमा प्रजातन्त्र दिवस २००७ सालको क्रान्ति सफल भएर १०४ वर्षे लामो निरंकुश जहानीया राणा शासन अन्त्य भएको सम्भनामा हरेक फागुन ७ गते मनाइन्छ । जहानीया शासनको अन्त त भयो तर बहुदलीय प्रजातन्त्र पश्चात केही जहानियाका सन्तानहरू जन्म लिइसकेको आक्रोस छ । तिनीहरूको अन्त पनि कडा संघर्ष गरेर गर्नु पर्ने बाध्यता आइ सकेको देखा पर्दैछ । सरोज मिश्र


फुलको मालामा अल्भेको नेपालको राजनीति, यस्ता फजुल खर्चलाई नियन्त्रण गरि समाजको रचनात्मक काम एवं सेवामा सदुपयोग गर्दा कस्तो होला ? ओमप्रकाश सर्राफ


महल वा भोपडी जेसुकै ठाउँबाट आएर प्रतिनिधित्व गर्नेको शासकीय प्रवृत्ति र चिन्तन एकैनासको हुन्छ । त्यो शासकले सत्ता प्राप्तिका लागि गरेको सुकर्म र कुकर्म सत्ताबाहिर बसेकाले गर्दा नराम्रो नै लाग्छ । राकेश प्रसाद चौधरी

## काश्मिर हमलाको नेपालद्वारा निन्दा



काठमाडौं । काश्मिरमा ४२ जना भारतीय सुरक्षाकर्मी मारिने गरी भएको आतंकवादी हमलाको नेपालले निन्दा गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले समकक्षी नरेन्द्र मोदीलाई टेलिफोन गरेर त्यसको निन्दा गरेका हुन । जैस ए मोहम्म आतंकवादी समूहले काश्मिरको पुलवालामा गरेको हमलामा केन्द्रीय रिजर्भ पुलिस फोर्सका ४२ जना जवान मारिएको खबर पाएपछि ओलीले मोदीलाई फोन गरेका हुन् ।

मोदीसँगको फोन वार्ताका क्रममा प्रधानमन्त्री ओलीले काश्मिरमा भएको आतंकवादीको हमलाको निन्दा र भर्त्सना गरे । प्रधानमन्त्रीले मोदीसँगको फोनवार्ताका क्रममा आतंकवादी हमलामा मारिएका जवानहरूप्रति श्रद्धाञ्जली तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् । ओलीले आतंककारी कृयाकलपा जुनसुकै रंग, जाति या क्षेत्रको भए पनि त्यो सधैं निन्दनीय हुने बताउँदै यो संकटको घडीमा आफू र नेपाल भारतको साथमा रहेको बताएका थिए ।

यसैबीच परराष्ट्र मन्त्रालयले पनि एक विज्ञप्ति निकाल्दै काश्मिरमा भएको चरमपन्थी हमलाको कडा शब्दमा निन्दा गरेको छ । परराष्ट्रले कुनै पनि किसिमको आतंकवादी गतिविधि नेपालका लागि सह्य नहुने जनाएको छ । परराष्ट्र मन्त्रालयले काश्मिरमा भएको हमलामा मारिएकाहरू सुरक्षाकर्मीप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइते सुरक्षाकर्मीको स्वास्थ्य लाभको कामना गरेको छ । परराष्ट्रले यो संकटको घडीमा नेपाल भारतको पक्षमा सदैव रहने पनि उल्लेख गरेको छ ।

## इन्डो-नेपाल आर्टिष्ट एण्ड आर्ट क्रिटिक्स सिम्फोजियम सम्पन्न



काठमाडौं । भारतको उत्तर प्रदेशको राजधानी लखनउस्थित ललितकला एकेडेमीमा सञ्चालित 'इन्डो-नेपाल आर्टिष्ट एण्ड आर्ट क्रिटिक्स सिम्फोजियम' सम्पन्न भएको छ । उक्त सिम्फोजियम माघ २४ गतेदेखि सुरू भएको हो । सिम्फोजियम नेपाली कलाकारहरू रागिनी उपाध्यायसहित एरिना ताम्राकार, केशवराज खनाल र समुन्द्रमान सिंह श्रेष्ठले कला सिर्जना गरेका छन् ।

नेपाली कलाकारका साथमा भारतका अमितकुमार, चन्दन अग्रवाल, सञ्जय कुमार र मनिशा अग्रवालले आ- आफ्नै शैलीमा कला सिर्जना गरेका थिए ।

कला समिक्षक डा. राजेश ब्यासको समन्वयनमा भएको कला समीक्षामा नेपालबाट विनिता मरहट्टा, मधु शाही, सिताराम बडाल र निरञ्जन कुँवरले समिक्षकीय सत्रमा भाग लिए । सिम्फोजियमलाई युपी आर्ट सर्कलले आयोजना गरेको थियो भने विपी कोइराला इन्डिया नेपाल फाउन्डेशन र ललितकला एकेडेमी नयाँ दिल्लीले सहयोग गरेको थियो । समापन समारोहमा नेपाल र भारतबीचको सम्बन्धलाई दिन, दशक र शताब्दीले नाप्न नसक्ने बताइएको थियो । नेपाली कलाशैली र मौलिकताप्रति भारतीय कलाकार प्रभावित भएको आयोजक प्राडा जयकृष्ण अग्रवालले बताए ।

## "इन्डो-प्यासिफिकको महत्वपूर्ण हिस्सा नेपाल"

काठमाडौं । भारतीय थिंक ट्यांकका एक अध्येताले नेपाल इन्डो-प्यासिफिक क्षेत्रको एक हिस्सा भएको बताएका छन् । उनले नेपाल सार्क र बिम्स्टेकको सदस्य रहेर जसरी अघि बढेको छ त्यही रूपमा नभए पनि अवधारणागत रूपमा 'इन्डो-प्यासिफिक' को एउटा महत्वपूर्ण हिस्सा भइसकेको बताएका हुन् । काठमाडौंमा भएको 'नेपाल इन्डो-प्यासिफिकको एक अंग हो त ? ' शीर्षकको अन्तरक्रियामा ब्रुकिङ्स इन्डियाका अध्येता कन्स्टान्टिनो जेभियरले त्यस्तो धारणा व्यक्त गरेका हुन् ।

इन्डो-प्यासिफिकलाई उनले भारतसँग नेपालको 'विशेष सम्बन्ध' का कारण थप तानिएको र यसलाई नेपालले एउटा अवसरका रूपमा बुभ्नुपर्ने बताए । यो नेपालकेन्द्रित मात्र नभएर यस क्षेत्रका अन्य देशसँग पनि जोडिएको विषय हो । समदूरीका आधारमा सन्तुलित कूटनीति नै नेपालको हितमा हुने सुभाउँदै उनले श्रीलंकाले तुलनात्मक रूपमा सन्तुलित कूटनीति अघि बढाएको बताए । वरिष्ठ पत्रकार कनकमणि दीक्षितले नेपाल-भारत सम्बन्धलाई विशेष भन्न नमिल्ने तर्क गर्दै नेपालले भारत र चीनलाई मात्र सन्तुलन गरेर नहुने भन्दै यहाँ भारत, चीन र अमेरिकाको प्रतिस्पर्धा रहेको र तिनलाई व्यवस्थापन गर्न सके अन्य मित्र सहजै व्यवस्थापन गर्न सकिने स्पष्ट पारे। पूर्वप्रधानसेनापति गौरवशमसेर राणाले इन्डो-प्यासिफिक नेपालका लागि मात्र नभएर यो क्षेत्रका सबै देशहरू यसअन्तर्गत रहने बताउँदै यसलाई नयाँ रणनीति भन्न नमिल्ने प्रष्ट्याए ।

## आईसीपी हस्तान्तरण डेढ महिनापछि

विराटनगर । नेपाल र भारतको सीमा क्षेत्र विराटनगरको बुधनगरमा निर्माणाधीन एकीकृत जाँचचौकी (आईसीपी)को काम अन्तिम चरणमा पुगेको छ । डेढ महिनापछि चैत १७ गते हस्तान्तरण गर्ने तयारीसहित निर्माण कार्य भइरहेको हो । दुई वर्षअघि निर्माण शुरू गरिएको आईसीपी तोकिएकै मितिमा हस्तान्तरण गर्न निर्माण कम्पनीलाई दबाब परेपछि कार्य सम्पन्न गर्न तदारूकता देखिएको छ । निर्माण कम्पनीका अनुसार अहिले दिनेशचन्द्र एन्ड आर. अग्रवाल इन्फा डटकम अहमवादका परियोजना निर्देशक अवधेशकुमा लागत खर्चका दृष्टिकोणले ६० प्रतिशत र भौतिक प्रगतिका दृष्टिकोणले ७५ प्रतिशत कार्य पूरा भइसकेको छ । नेपालतर्फको भू-भागमा भन्सारको प्रशासकीय भवन, अध्यागमन कार्यालयका लागि आवश्यक संरचना, डिस्पेन्सनरी भवन, नेपाल र भारततर्फका लागि दुईवटा प्रोसेसिङ यार्ड, इलेक्ट्रिकल सब-स्टेसन भवन, प्रवेशद्वार, सुरक्षा गार्ड आवास भवन निर्माणको काम सकिएको छ । निर्माणको सबै काम अन्तिम चरणमा पुगेकोले तोकिएको समयमा हस्तान्तरण गरिने दाबी गरिएको छ । आईसीपीको बाटो हुँदै यसअघि नै मङ्सिर २६ गतेदेखि नै खाली मालवाहक तथा ट्याङ्करहरू भारततर्फ जान थालिसकेका छन् । नेपालतर्फ १२५ बिघा क्षेत्रफल जमिनमा आईसीपी निर्माण भइरहेको छ । आईसीपी नजिकै नेपाल-भारत रेल-वेको स्टेसन बनेको छ । अन्तर्राष्ट्रियस्तरको संयुक्त भन्सार जाँचचौकी निर्माणका लागि नेपाल र भारत सरकारबीच सन् २००५ मा सम्भौता भएको थियो ।

## प्रदेश २ सरकारको...

रकम व्यक्तिगत खातामा राख्न लगाएको घटना सार्वजनिक भयो ।

त्यस्तै वर्ष दिन भित्रमा हरेक मुद्दामा दफावार छलफल र विमर्श हुन नसक्दा प्रदेश सभा अनुशासनमा नबाँधिएको चर्चा चल्यो । तर, प्रतिपक्षले भने हरेक बैठकमा राजधानी, नाम र भाषाका मुद्दालाई जर्बजस्त उठाउँदै आएका छन् । उनीहरूले प्रदेश सरकारले संसद बैठकमा ल्याउनुपर्ने मुद्दा बाहिर लगेर आगो लगाउने र मुलुकमा द्वन्द्व फैलाउने काम गरेको आरोप लगाएका छन् । सय दिने कार्य योजना सार्वजनिक गर्दा मुख्यमन्त्री राउतले प्रदेश विकासका लागि लगानीकर्ताहरूलाई प्रोत्साहित गर्न लगानीमैत्री कानुन ल्याउने, प्रदेशका ८ वटै जिल्लामा विशेष आर्थिक क्षेत्र घोषणा गरी सो क्षेत्रमा विद्युत, सडक, सुरक्षा, पानीलगायतको आपूर्ती सहज बनाउने, प्रदेशलाई बन्द हड्ताल, चक्काजाम मुक्त बनाउनका लागि ठोस नीति ल्याउने, कृषि चिस्यान घरको निर्माण, साना सिँचाई योजना, कृषि प्रणालीमा आधुनिकीकरणका लागि सहुलियत दरमा कृषि उपकरण उपलब्ध लगायतका वचनबद्धता व्यक्त गरेका थिए । तर यस्ता योजनाले पुर्णता पाउनुको साटो प्रदेश दइ सरकार विवादित विषयले चर्चा पायो ।

आर्थिक मामिला तथा योजनामन्त्री विजयकुमार यादवले पुस २९ गते सचिव विद्यानाथ भामाथि कार्यकक्षमै थप्पड हाने । आफूनिकट गैरसरकारी संस्थालाई कार्यक्रम नपारेको भन्दै उनले थप्पड हानेको विषय निकै चर्चाको विषय बन्यो । मुख्यमन्त्री लालबाबु राउतले जनकपुर चुरोट कारखाना लिमिटेडको नाम परिवर्तन गरि मधेश भवन नाम राखेकोमा आलोचना खेप्नु परेको छ । वीरगञ्ज महानगरपालिकाको स्वामित्वमा रहेको जग्गामा महानगरपालिकालाई वेवास्ता गर्दै राउत सरकारले विपी कोइरालाको नाममा रहेको विपी उद्यानमा जवर्जस्तीरूपमा शहिद पार्कको शिलान्यास गरेपछि काँग्रेस चिढिएको छ । काँग्रेसले प्रदेश सरकारले नाम परिवर्तन गरेर अन्य नाम राख्न खोजेको भन्दै त्यसका विरूद्ध आन्दोलन गर्ने चेतावनी नै दियो ।

## बीउ व्यवसायीहरूलाई मेयरको अनुरोध

वीरगन्ज । वीरगन्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले कृषि व्यवसायलाई अभ्र प्रभावकारी बनाउन कृषि बिउ व्यवसायीहरूलाई अनुरोध गरेका छन् । नेपाल बिउ व्यवसायी संघ प्रदेश नम्बर २ दोश्रो वार्षिक साधारण सभाको उद्घाटन कार्यक्रममा बोल्दै नगर प्रमुख सरावगीले यस्तो धारणा व्यक्त गरेका हुन् । उनले माटो र हावापानी अनुसारको बीजले मात्र कृषकको अपेक्षा अनुसारको बाली उत्पादन हुने भएकोले त्यसै अनुसारको बीउ बिक्री गर्दा बिउ व्यवसाय क्षेत्र अभ्र प्रभावकारी बन्ने बताए । नगर प्रमुख सरावगीले नेपाल कृषि प्रधान मुलुक भएपनि राज्यको उदासिन्ताले यो क्षेत्र थलो पर्दै गएको बताउदै महानगर भित्रको कृषिलाई प्रभावकारी बनाउन कृषि कर्मचारी, बिउ व्यवसायी र महानगरपालिकाले संयुक्त रूपमा सहकार्य गर्न आफु तयार रहेको बताए ।

## राजपाद्वारा दुःख व्यक्त

काठमाडौं । छिमेकी मित्रराष्ट्र भारतको काश्मीरको पुलुवामा बिहीबार भारतीय प्रहरीका अनुसार विस्फोटक पदार्थ राखिएको कारले भारतीय अर्धसैन्य बलका जवान सवार गाडीलाई ठक्कर दिइ ४६ जनाको ज्यान जाने गरी गराइएको अमानवीय कार्य प्रति राजपा नेपालले गहिरो दुःख व्यक्त गरेको छ । राजपाका संयोजक महेन्द्र राय यादवले एक विज्ञप्ति जारी गरी दुःख व्यक्त गरेका हुन् । मृतकप्रति हार्दिक श्रधाञ्जली व्यक्त गर्दै उनीहरूको परिवारप्रति हार्दिक संवेदना तथा घाइतेहरूको शीघ्र स्वास्थय लाभको कामना गरेका हुन् ।

## आर्थिक समाचार

### कन्टेनरमा इसीटीएस प्रणाली लागू

काठमाडौं । भारतको कोलकता/हल्दिया बन्दरगाहबाट नेपालतर्फ आउने मालबाहक कन्टनेरका लागि इलेक्ट्रोनिक कार्गो ट्र्याकिङ प्रणाली ( इसीटीएस) लागू भएको छ । भारत सरकारको अप्रत्यक्ष कर तथा भन्सार केन्द्रीय बोर्डले लागु गरेको यस प्रणालीले कन्टेनर ढुवानीलाई थप सहज बनाउने भारतीय दुतावासले विज्ञप्ति मार्फत जनाएको छ । कोलकाता/हल्दियाबाट रक्सौल हुँदै वीरगञ्ज तथा बथानाहा हुँदै विराटनगर आउने रेलमार्गमा यो प्रणाली लागू गरिएको छ । यस अघि अगस्त २०१८ मा भिसखापटनम् बन्दरगाहबाट नेपाल तर्फ आउने कन्टनेरमा पनि यस्तै सुविधा लागू गरिएको थियो ।

'दुई देशबीचको भन्सार पारवहनलाई सहजीकरण तथा स्वचालित पद्धतिबाट सञ्चालन गर्ने तर्फ यो एक महत्वपूर्ण कदम हो । यस कदमले नेपालको व्यापारका लागि पारवहन सुविधालाई थप सुधार गर्ने भारत सरकारको प्रतिबद्धतालाई नयाँ शक्ति प्रदान गरेको छ' दुतावासद्वारा जारी विज्ञप्तिमा भनिएको छ । यस नयाँ प्रणालीको प्रारम्भसँगै नेपाली व्यापारीहरूले भोल्दै आएको कागजी भन्भट हटेको छ । यस प्रणालीले सुरक्षित ढुवानी, सरल सीमा प्रक्रिया, कम समय तथा कारोबार शुल्क तथा पारदर्शी ढुवानीको सुनिश्चितता प्रदान गर्ने भएकाले यस नयाँ प्रणालीबाट नेपाली व्यापारीहरू पर्याप्त मात्रामा लाभान्वित हुने जनाइएको छ ।

### विद्यालय भवन निर्माण

काठमाडौं । भारत सरकारको सहयोगमा प्युठानमा विद्यालय भवन निर्माण भएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीगिरिराजमणि पोखरेलले काठमाडौंस्थित भारतीय राजदूतावासका द्वितीय सचिव निरजकुमार जैसवालको उपस्थितिमा प्युठानको राताम‌ाटास्थित मुक्ति उच्च माध्यमिक विद्यालयको नवनिर्मित भवनको उद्घाटन गरे ।

विद्यालयमा नयाँ कक्षा, छात्रावास, सुरक्षा गार्ड रूम, पानी ट्यांकी र सुरक्षा पर्खाल पनि निर्माण गरिएको छ । नयाँ पूर्वाधारले विद्यालयलाई उच्च माध्यमिक तहको पठान पाठन गराउन सहज हुने भारतीय दूतावासले विश्वास लिएको छ । विद्यालयमा पढ्ने गरिब तथा सीमान्तकृत बालबालिकाको शिक्षाको स्तर माथि उठाउन पनि नयाँ पूर्वाधारले सघाउ पुऱ्याउने विश्वास दूतावासले विज्ञप्तीमार्फत् जनाएको छ ।

### सम्सारा रेमिट र नेशनल एक्सचेन्जबीच सम्भौता

काठमाडौं । सम्सारा रेमिट प्रा.लि.ले खाडी मुलुकमा आफ्नो सेवालाई अभ्रै विस्तार गर्दै जाने क्रममा कतारस्थित रेमिट्यान्स कम्पनी नेशनल एक्सचेन्जसँग विप्रेषण सेवा प्रदान गर्ने सम्बन्धि द्विपक्षीय सम्भौता सम्पन्न भएको छ । उक्त सम्भौतापत्रमा सम्सारा रेमिट प्रा.लिको तर्फबाट डाइरेक्टर-व्यवसाय प्रबन्धक सुरज क्षेत्री र नेशनल एक्सचेन्जको तर्फबबाट महाप्रबन्धक मोहमद मुस्ताफाले सम्सारा रेमिट प्रा.लिको मुख्य कार्यालयमा एक कार्यक्रमबीच हस्ताक्षर गरे ।

उक्त कार्यक्रममा नेशनल एक्सचेन्जका प्रमुख संचालक साईद अलिको पनि उपस्थित रहेको थियो । हस्ताक्षर पछि नेशनल एक्सचेन्जका महाप्रबन्धक मोहमद मुस्ताफाले भने, "सम्सारा रेमिट प्रा.लि.ले कतारमा आफ्नो छुट्टै पहिचान बनाइसकेको हुँदा दुई कम्पनीबीचको सहकार्यले गर्दा आउने दिनमा ग्राहकले विशिष्ट सेवा पाउने विश्वास व्यक्त गरे ।" उक्त सहकार्यले सम्साराको कतारमा थप सञ्जाल विस्तार भएको छ । यस सम्भौताअनुसार कतारमा रहेका नेपालीहरूले आफूले कमाएको रकम नेशनल एक्सचेन्जको ५ वटा शाखाबाट सजिलैसँग नेपालमा पैसा पठाउन सक्नेछ ।

# सूचना

सडक हामी सबैको साभा सम्पती हो । सडक निर्माणमा तपाई हाम्रो ठूलो धनराशी खर्च भएको हुन्छ । त्यसैले सडकको संरक्षण एवं सम्बर्द्धन गर्नु हामी सबैको साभा दायित्व हो । निर्माण भैसकेको सडकका विभिन्न खण्डमा अनाधिकृत रूपमा सडक सिमा अतिक्रमण गरि घर टहरा निर्माण गर्ने, होडिङ बोर्ड राख्ने, सडकमा सामग्री थुपार्ने, सवारी साधन धुने पखाल्ने पार्किङ गर्ने, सडकको नाला पुरी बाटो बनाउने तथा नालिमा ढल मिसाउने एवं फोहोरमैला फाल्ने जस्ता कार्यका कारण सडक संरचना, सवारी आवगमन तथा वरिपरिका वातावरणमा समेत प्रतिकुल असर पर्न जाने हुनाले उपरोक्त कुनै पनि क्रियाकलाप नगर्नु, नगराउनु हुन सम्बन्धित सबैसँग यो डिभिजन सडक कार्यालय हार्दिक अनुरोध गर्दछ ।

**डिभिजन प्रमुख**

**डिभिजन सडक कार्यालय, काठमाडौं**



## सहसंयोजक महतो धरौटीमा रिहा



काठमाडौं । स्वतन्त्र मधेश गठबन्धनका केन्द्रीय सहसंयोजक कैलाश महतो पाँच कठ्ठा जग्गा धरौटी राखेर रिहा भएका छन् । विगत लामो समयदेखि कारागारमा रहेका सहसंयोजक महतोसँग दुई लाख पचास हजार रूपैयाँ धरौटी माग गरिएको थियो । सोमबार नवलपरासीका एक स्थानीय श्रीकृष्ण यादवले आफ्नो पाँच कठ्ठा जग्गा धरौटीमा राखेर गठबन्धनका सहसंयोजक महतोलाई रिहा गराएका हुन् । गठबन्धनका सहसंयोजक महतोको रिहाई पनि नेता कार्यकर्ताहरूमा उत्साहको माहौल छाएको गठबन्धनका प्रवक्ता अब्दुल खानले बताए । आफ्नो पाँच कठ्ठा जग्गा धरौटीमा राखेर रिहाइका लागि सहयोग गर्ने श्रीकृष्ण यादवलाई प्रवक्ता खानले विशेष धन्यवाद दिएका छन् ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं